# कपिल अज्ञातका निबन्धहरूको विश्लेषणात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**
**हिरा सुवेदी**
शैक्षिक सत्र २०६४-२०६६
त्रि.वि. दर्ता नं. ९-१-२४०-४४९-९६
रोल नं. ४६



**नेपाली विभाग**
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०७२/२०१६

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्रा हिरा सुवदीले **कपिल अज्ञातका निबन्धहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७२/१०/२०
३ फेब्रुअरी, २०१६

**सह-प्राध्यापक पूर्णप्रसाद अधिकारी**
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# सङ्क्षेपीकृत शब्दसूची

यस अध्ययन पत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अनु. | अनुवादक |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| गा.वि.स. | गाउँ विकास समिति |
| टीका. | टीकाकार |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| पृ. | पृष्ठ |
| प्र. | प्रकाशित |
| प्रा. | प्राध्यापक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| भू. | भूमिका |
| मा.वि. | माध्यमिक विद्यालय |
| र. | रचित |
| रो.नं. | रोल नम्बर |
| वि.सं. | विक्रम संवत् |
| स. | सन् |
| स.स. | सप्तम संस्करण |
| सं.सं. | संस्कृत संस्थान |
| संस्क. | संस्करण |
| सङ्क. | सङ्कलक |
| शै.व. | शैक्षिक वर्ष |

# विषयसूची

## परिच्छेद : एक

## शोधपरिचय


१.१ विषय परिचय १

१.२ शोधसमस्या १

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्यको विवरण र समीक्षा २

१.५ शोधपत्रको औचित्य र महत्त्व ५

१.६ शोधपत्रको सीमाङ्कन ५

१.७ सामग्री सङ्कलन र शोधविधि ६

१.८ शोधपत्रको रूपरेखा ६


## परिच्छेद : दुई

## निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रम


२.१ जीवनी ८

२.१.१ जन्म र वाल्यकाल ८

२.१.२ शिक्षादिक्षा ९

२.१.३ पारिवारिक संरचना ९

२.१.४ रुचि र स्वभाव १०

२.१.५ भ्रमण १०

२.१.६ सम्मान तथा पुरस्कार ११

२.१.७ लेखन ११

२.१.८ प्रेरणा र प्रभाव १२

२.१.८.१ लेखन प्रारम्भ १२

२.१.८.२ व्यक्तित्व १३

२.१.८.३ समाजसेवी व्यक्तित्व १४

२.१.८.४ प्राध्यापन व्यक्तित्व १४
२.१.८.५ साहित्यकार व्यक्तित्व १४
२.२ निबन्धको सैद्धान्तिक अध्ययन १५
२.२.१ पृष्ठभूमि १५
२.२.२ निबन्धको व्युत्पत्ति र अर्थ १६
२.२.३ निबन्धको परिभाषा १७
२.२.३.१ पाश्चात्य साहित्यमा निबन्धको परिभाषा १८
२.२.३.२ भारतीय साहित्यकारहरूका परिभाषा १९
२.२.३.३ नेपाली साहित्यकारहरूका परिभाषा १९
२.२.४ निबन्धका विशेषता २१
२.२.५ निबन्धको वर्गीकरण २३
२.२.५.१ आत्मपरक निबन्ध २५
२.२.५.१.१ विचारात्मक निबन्ध २५
२.२.५.१.२ भावात्मक निबन्ध २६
२.२.५.१.३ वैयक्तिक निबन्ध २६
२.२.५.२ वस्तुपरक निबन्ध २७
२.२.५.२.१ वर्णनात्मक निबन्ध २७
२.२.५.२.२ विवरणात्मक निबन्ध २८
२.२.६ निबन्धका तत्त्व २९
२.२.६.१ वस्तु ३१
२.२.६.२ शैली ३१
२.२.६.२.१ भावका आधारमा शैली ३२
२.२.६.२.२ भाषाका दृष्टिमा शैली ३३
२.२.६.३ उद्देश्य ३४
२.३ नेपाली निबन्धको ऐतिहासिक विकासक्रम र काल विभाजन ३६
२.३.१ पृष्ठभूमिकाल/प्रारम्भिक काल (वि.सं. १८३१-१९५७) ३७
२.३.२ निर्माणकाल/माध्यामिककाल (वि.सं. १९५८-१९९१) ३८
२.३.३ विकासकाल/आधुनिककाल (वि.स.. १९९२-हाल) ३९
२.४ निष्कर्ष ४५

## परिच्छेद : तीन

## नेपाली निबन्धमा अज्ञातको प्रवेश र उनको निबन्ध यात्रा


३.१ पृष्ठभूमि ४६

३.२ नेपाली निबन्धमा कपिलको प्रवेश ४७

३.३ कपिलको निबन्ध यात्रा ४९

३.४ चरण विभाजन ५०

३.४.१ पहिलो चरण (२०४८ देखि २०६४) ५०

३.४.२ दोस्रो चरण (२०६५ देखि हालसम्म) ५१

३.५ सारांश ५२


## परिच्छेद : चार

## कपिल अज्ञातका निबन्धहरूको विश्लेषणात्मक अध्ययन


४.१ भूलहरूका विरुद्ध (२०६४) निबन्धसङ्ग्रहको विश्लेषणात्मक अध्ययन ५३

४.१.१ आफ्नै परिभाषित धर्म ५५

४.१.१.१ शीर्षक परिचय ५५

४.१.१.२ विषयवस्तु ५५

४.१.१.३ सङ्गठन ५६

४.१.१.४ उद्देश्य ५६

४.१.१.५ भाषाशैली ५६

४.१.२ परिभाषाहीन दौड ५७

४.१.२.१ शीर्षक परिचय ५७

४.१.२.२ विषयवस्तु ५७

४.१.२.३ सङ्गठन ५८

४.१.२.४ उद्देश्य ५८

४.१.२.५ भाषाशैली ५८

४.१.३ भूलहरूका विरुद्ध ५९

४.१.३.१ शीर्षक परिचय ५९

४.१.३.२ विषयवस्तु ५९

४.१.३.३ सङ्गठन ६०
४.१.३.४ उद्देश्य ६०
४.१.३.५ भाषाशैली ६०
४.१.४ शब्द-प्रदूषण ६१
४.१.४.१ शीर्षक परिचय ६१
४.१.४.२ विषयवस्तु ६१
४.१.४.३ सङ्गठन ६२
४.१.४.४ उद्देश्य ६२
४.१.४.५ भाषाशैली ६३
४.१.५ केही लघु लेखहरू ६३
४.१.५.१ शीर्षक ६३
४.१.५.२ विषयवस्तु ६३
४.१.५.३ सङ्गठन ६४
४.१.५.४ उद्देश्य ६४
४.१.५.५ भाषाशैली ६५
४.१.६ विचारप्रतिको दृष्टिकोण ६५
४.१.६.१ शीर्षक परिचय ६५
४.१.६.२ विषयवस्तु ६५
४.१.६.३ सङ्गठन ६६
४.१.६.४ उद्देश्य ६६
४.१.६.५ भाषाशैली ६६
४.१.७ प्रयोग-पीडा ६६
४.१.७.१ शीर्षक परिचय ६६
४.१.७.२ विषयवस्तु ६७
४.१.७.३ सङ्गठन ६७
४.१.७.४ उद्देश्य ६८
४.१.७.५ भाषाशैली ६८
४.१.८ युवा र सम्बन्ध ६८

४.१.८.१ शीर्षक परिचय ६८

४.१.८.२ विषयवस्तु ६९

४.१.८.३ सङ्गठन ६९

४.१.८.४ उद्देश्य ६९

४.१.८.५ भाषाशैली ७०

४.१.९ उन्मुक्तिको बाटोमा ७०

४.१.९.१ शीर्षक परिचय ७०

४.१.९.१ विषयवस्तु ७०

४.१.९.३ सङ्गठन ७१

४.१.९.४ उद्देश्य ७१

४.१.९.५ भाषाशैली ७१

४.१.१० आँखा, कान र जिब्राहरूको नालीबेली ७२

४.१.१०.१ शीर्षक परिचय ७२

४.१.१०.२ विषयवस्तु ७२

४.१.१०.३ सङ्गठन ७३

४.१.१०.४ उद्देश्य ७३

४.१.१०.५ भाषाशैली ७३

४.१.११ विज्ञापनको चलखेल ७४

४.१.११.१ शीर्षक परिचय ७४

४.१.११.२ विषयवस्तु ७४

४.१.११.३ सङ्गठन ७४

४.१.११.४ उद्देश्य ७५

४.१.११.५ भाषा शैली ७५

४.१.१२ म किन लेख्छु ७५

४.१.१२.१ शीर्षक परिचय ७५

४.१.१२.२ विषयवस्तु ७६

४.१.१२.३ सङ्गठन ७६

४.१.१२.४ उद्देश्य ७६

४.१.१२.५ भाषा शैली ७७
४.१.१३ जीवनभोग ७७
४.१.१३.१ शीर्षक परिचय ७७
४.१.१३.२ विषयवस्तु ७७
४.१.१३.३ सङ्गठन ७८
४.१.१३.४ उद्देश्य ७८
४.१.१३.५ भाषाशैली ७८
४.१.१४ विज्ञापन र कमिशनको नयाँ बजार ७९
४.१.१४.१ शीर्षक परिचय ७९
४.१.१४.२ विषयवस्तु ७९
४.१.१४.३ सङ्गठन ७९
४.१.१४.४ उद्देश्य ८०
४.१.१४.५ भाषाशैली ८०
४.१.१५ सभ्य हुने धुनमा ८०
४.१.१५.१ शीर्षक परिचय ८०
४.१.१५.२ विषयवस्तु ८१
४.१.१५.३ सङ्गठन ८१
४.१.१५.४ उद्देश्य ८१
४.१.१५.५ भाषाशैली ८२
४.१.१६ म किन ज्योतिषी भएँ ८२
४.१.१६.१ शीर्षक परिचय ८२
४.१.१६.२ विषयवस्तु ८२
४.१.१६.३ सङ्गठन ८३
४.१.१६.४ उद्देश्य ८३
४.१.१६.४ भाषाशैली ८३
४.१.१७ निगाह, बक्सिस वा इनाम ८४
४.१.१७.१ शीर्षक परिचय ८४
४.१.१७.२ विषयवस्तु ८४

४.१.१७.३ सङ्गठन ८४
४.१.१७.४ उद्देश्य ८५
४.१.१७.५ भाषाशैली ८५
४.१.१८ पुरस्कार कोटा र बानियाँ गुण ८५
४.१.१८.१ शीर्षक परिचय ८५
४.१.१८.२ विषयवस्तु ८५
४.१.१८.३ सङ्गठन ८६
४.१.१८.४ उद्देश्य ८६
४.१.१८.५ भाषाशैली ८६
४.१.१९ सम्मानको व्याकरण ८७
४.१.१९.१ शीर्षक परिचय ८७
४.१.१९.२ विषयवस्तु ८७
३.१.१९.३ सङ्गठन ८७
३.१.१९.४ उद्देश्य ८८
३.१.१९.५ भाषाशैली ८८
४.१.२० वेश्यावृत्ति र साहित्य ८८
४.१.२०.१ शीर्षक परिचय ८८
४.१.२०.२ विषयवस्तु ८८
४.१.२०.३ सङ्गठन ८९
४.१.२०.४ उद्देश्य ८९
४.१.२०.५ भाषाशैली ८९
४.१.२१ विडम्वना ९०
४.१.२१.१ शीर्षक परिचय ८९
४.१.२१.२ विषयवस्तु ९०
४.१.२१.३ सङ्गठन ९०
४.१.२१.४ उद्देश्य ९१
४.१.२१.५ भाषाशैली ९१
४.१.२२ गरिमासँगको गनगन ९१

४.१.२२.१ शीर्षक परिचय ९१
४.१.२२.२ विषयवस्तु ९१
४.१.२२.३ सङ्गठन ९२
४.१.२२.४ उद्देश्य ९२
४.१.२२.५ भाषाशैली ९२
४.१.२३ व्रतबन्ध ९३
४.१.२३.१ शीर्षक परिचय ९३
४.१.२३.२ विषयवस्तु ९३
४.१.२३.३ सङ्गठन ९३
४.१.२३.४ उद्देश्य ९४
४.१.२३.५ भाषाशैली ९४
४.१.२४ रित्तो आदर्श ९४
४.१.२४.१ शीर्षक परिचय ९४
४.१.२४.२ विषयवस्तु ९४
४.१.२४.३ सङ्गठन ९५
४.१.२४.४ उद्देश्य ९५
४.१.२४.५ भाषाशैली ९५
४.१.२५ सर्पवाद, भ्यागुतोवाद र बिच्छीवाद ९५
४.१.२५.१ शीर्षक परिचय ९५
४.१.२५.२ विषयवस्तु ९६
४.१.२५.३ सङ्गठन ९६
४.१.२५.४ उद्देश्य ९६
४.१.२५.५ भाषाशैली ९६
४.१.२६ हिजो र आज ९७
४.१.२६.१ शीर्षक परिचय ९७
४.१.२६.२ विषयवस्तु ९७
४.१.२६.३ सङ्गठन ९७
४.१.२६.४ उद्देश्य ९८
४.१.२६.५ भाषाशैली ९८
४.१.२७ चितवनको जनलहर : एक शब्दचित्र ९८

४.१.२७.१ शीर्षक परिचय ९८
४.१.२७.२ विषयवस्तु ९८
४.१.२७.३ सङ्गठन ९९
४.१.२७.४ उद्देश्य ९९
४.१.२७.४ भाषाशैली ९९

## परिच्छेद : पाँच

## चितवनको निबन्ध साहित्यमा कपिल अज्ञातको योगदान

५.१ परिचय १००
५.१.१ वैचारिकता/बौद्धिकता १०१
५.१.२ असङ्गति-विसङ्गतिमाथि प्रहार १०२
५.१.३ युगबोधी चेतना १०२
५.१.४ मानवतावादी सोच १०३
५.१.५ व्यङ्ग्यात्मक प्रहार १०३
५.१.६ अरू योगदानहरू १०४
५.२ सारांश १०५

## परिच्छेद : छ

## उपसंहार

६.१ परिचय १०६
६.२ परिच्छेद एकको निष्कर्ष १०६
६.३ परिच्छेद दुईको निष्कर्ष १०६
६.४ परिुच्छेद तीनको निष्कर्ष १०७
६.५ परिुच्छेद चारको निष्कर्ष १०८
६.६ परिच्छेद पाँचको निष्कर्ष १०९
६.७ समग्र निष्कर्ष १०९

सम्भाव्य शोधशीर्षकहरू १११

**सन्दर्भसूची** ११२

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषय परिचय

वि.सं. २०१५ चैत्र १६ गते तदनुसार १५ मार्च १९५७ इ.सं. का दिन गण्डकी अञ्चल स्याङ्जा जिल्लाको ढाडेटारी पौवेगौंडेमा जन्मिएका कपिल अज्ञातले प्रारम्भिक चरणदेखि नै नेपाली भाषा एवम् साहित्यको विशेष ज्ञान आर्जन गर्दै नेपाली साहित्यको कविता, समालोचना, समीक्षा, मुक्तक, गजल र निबन्ध जस्ता विधामा कलम चलाएका छन् । नेपाली साहित्यमा एम.ए. अध्ययन पुरा गरेका अज्ञात ज्योतिष शास्त्रका ज्ञाता पनि हुन् । कपिल अज्ञातको नामले साहित्य साधनामा लागेका यी स्रष्टाको वास्तविक नाम कपिलमणि शर्मा रेग्मी हो । हाल वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनमा सहप्राध्यापक पदमा कार्यरत अज्ञातको प्रथम प्रकाशित कृति **अज्ञातका कविता** (कवितासङ्ग्रह-२०४७) हो । उनका दोस्रा र तेस्रा कृतिहरूमा क्रमशः **समालोचनाको सन्दर्भ** (विविध समालोचनासङ्ग्रह-२०५५), **साहित्य सिर्जन प्रक्रिया** (खोजमूलक लेखसङ्ग्रह-२०५५) रहेका छन् । उनले २०६४ सालमा **अनुभूतिका उमङ्गहरू** (मुक्तकसङ्ग्रह), **पत्र-सन्देश** (साहित्यिक पत्रसङ्ग्रह), **भूलहरूका विरुद्ध** (निबन्धसङ्ग्रह), **समय-समयका स्वरूपहरू** (गजलसङ्ग्रह), **समीक्षा-सन्धान** (समालोचनासङ्ग्रह-२०६५), **ज्योतिष र साहित्य** (अनुसन्धान-२०६६) र **स्रष्टाबिम्ब व्यक्तित्व आरेख** (जीवनीवृत्तपरक समालोचना-२०६७) लेखेका कपिल एक स्तरीय निबन्धकार पनि हुन् । उनका निबन्धपरक कृति सबै अनुसन्धेय छन् तर उनका निबन्धकारीताको अध्ययन अनुसन्धान आजसम्म पनि हुन सकेको छैन । यसैले यस अध्ययनका लागि कपिल अज्ञातका निबन्ध विषय छानिएको हो । यसका लागि **कपिल अज्ञातका निबन्धहरूको विश्लेषणात्मक अध्ययन** शीर्षक चयन गरिएको छ ।

## १.२ शोधसमस्या

**कपिल अज्ञातका निबन्धहरूको विश्लेषणात्मक अध्ययन** शीर्षक रहेको शोधकार्यका समस्याहरू यसप्रकार रहेका छन् :-

क)	अज्ञातको निबन्ध सिर्जनाको पृष्ठभूमि, प्रेरणा र निबन्ध यात्राको स्थिति के-कस्तो छ ?

ख)	अज्ञातका निबन्धहरूको विशेषता के-कस्ता छन् र तिनको विश्लेषण कसरी गर्न सकिन्छ ?

ग)	चितवनको साहित्यिक विकासमा अज्ञातका निबन्धको योगदान के रहेको छ ?

यिनै समस्याहरूको समग्र अध्ययन गरी अज्ञातका निबन्धहरूको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

## १.३ शोधको उद्देश्य

२०४७ सालमा प्रकाशित **अज्ञातका कविता** (कवितासङ्ग्रह) का माध्यमबाट नेपाली साहित्यको क्षेत्रमा प्रवेश गरेका कपिल अज्ञात निरन्तररूपमा साधनारत व्यक्तित्व हुन् । उनका हालसम्मका ११ वटा पुस्तकाकार कृति, गजल, कविता, निबन्ध, विविध विधामा कलम चलाए तापनि **कपिल अज्ञातका निबन्धहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकमा चयन गरिएका उद्देश्यहरू निम्नानुसार रहेका छन् :-

क)	अज्ञातको निबन्ध सिर्जनाको पृष्ठभूमि, प्रेरणा र निबन्धयात्राको स्थितिको अध्ययन गर्नु ।

ख)	अज्ञातका निबन्धहरूको विशेषता पहिल्याई तिनको विश्लेषण गर्नु ।

ग)	चितवनको साहित्यिक विकासमा अज्ञातका निबन्धकारिताको योगदान पत्ता लगाउनु ।

यिनै उद्देश्यहरूको परिपूर्तितर्फ प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

नेपाली साहित्यको विविध विधामा कलम चलाउँदै आएका कपिल अज्ञातका साहित्यिक कृतिहरूका बारेमा उनकै कृतिहरूको भूमिका पत्रपत्रिका र साहित्यका केही पुस्तकहरूमा चर्चा परिचर्चा र टिप्पणी भएका छन् । साथै जीवनी, व्यक्तित्व र कृतित्वको एउटा शोधपत्र नै तयार भएको छ । हालसम्म जे-जस्ता पूर्वकार्यहरू भएका छन्, तिनलाई

ती विद्वान्हरूद्वारा गरिएका उक्त चर्चा परिचर्चाको सङ्क्षिप्त विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :-

क) भगवती सापकोटाले **नेपाली समालोचनाको क्षेत्रमा चितवन : विश्लेषणात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्रमा अज्ञात चितवनका समालोचक भएको कुरा उल्लेख गर्दै उनका समालोचनात्मक कृतिहरू **साहित्य सिर्जन प्रक्रिया** र **समालोचनाको सन्दर्भ**मा क्रमशः प्रथम कृतिमा आफ्नो निजी धारणाभन्दा पनि निर्माण भइसकेका सिद्धान्तको विवरण प्रस्तुत गर्ने काम ज्यादा भएको उल्लेख गरेकी छन् भने दोस्रो कृतिमा सम्पूर्ण लेखहरू समालोचनाकै सन्दर्भमा लेखिएको हुँदा पुस्तकको नामाकरण सार्थक भएको कुरा स्पष्ट्याएकी छन् (सापकोटा, २०५९ : ७२-८०) ।

ख) रविकिरण निर्जीवले **चितवन महोत्सव स्मारिका** (२०६७) मा *चितवनको निबन्ध साहित्य* शीर्षक लेखमा चितवनका सिद्धहस्त निबन्धकारको चर्चा गर्दै कपिल अज्ञातलाई पनि सिद्धहस्त निबन्धकारका रूपमा उल्लेख गरेका छन् । यिनका विचारमा कपिलले सार्थक शब्दवाण प्रहार गरेर उचाल्ने र पछार्ने दुबै काम गर्छन् भनी उनका निबन्धको विशेषता झल्काएका छन् (निर्जीव, २०६७ : १२९) ।

ग) धनराज गिरीले **जनमत** (वर्ष २५, अङ्क ३, २०६४) मा *जस्तो बाहिर उस्तै भित्र हक्की अनि लक्की मित्र* शीर्षकमा प्रकाशित कपिल अज्ञात नामक लेखमा अज्ञातसँग आफ्नो निकटतम सम्बन्ध रहेको चर्चा गर्दै हुन त सिर्जनाको क्षेत्रमा तुलना गर्ने काम त्यति उचित होइन प्रितीकर नमानिन सक्छ । समालोचक, कवि, गजलकार, मुक्तककार, निबन्धकार अर्थात् आयामिक सफल सर्जक अज्ञातको साहित्यिक लगानी र निरन्तरताका आधारमा, गुणवत्ताका आधारमा मूल्याङ्कन गरिएमा अज्ञातको नाम 'बोर्ड टेन' अर्थात् 'टप टेन' भित्र पर्दछ भन्ने चर्चा गर्दै साहित्यकारलाई स्थानीय, राष्ट्रिय र मोफसल आदि भनेर सीमा निर्धारण गर्नु बेकार भएको उल्लेख गरेका छन् (गिरी, २०६४ : ३३) ।

घ) लक्ष्मणप्रसाद गौतमले **जनमत** (वर्ष २५, अङ्क ३, २०६४) मा *अज्ञातको समालोचकीय कौशल* शीर्षक लेखमा अज्ञातका पौने दर्जन कृतिहरूमध्ये चौथाई दर्जन मार्फत् तीनवटा कृति समालोचनात्मक भएको चर्चा गर्दै यी तिनवटै **साहित्य सिर्जन प्रक्रिया, समालोचनाको सन्दर्भ** र **समीक्षा सन्धान**मा भएको कलात्मकताले गर्दा नेपाली साहित्य जगत्मा महत्त्वपूर्ण स्थान जमाउन सफल भएको उल्लेख गरेका छन् (गौतम, २०६४ : ३५) ।

ङ) मोहन दुलालले **जनमत** (वर्ष २५, अङ्क ३, २०६४) मा *कपिल अज्ञात वर्तमान समयका लागि साहित्यिक व्यक्तित्व* शीर्षकमा प्रकाशित लेखमा उनी भाषा साहित्यका सेवक, कला साहित्यका सहयोगी, शब्द र संस्कृतिका प्रयोगकर्ता, विभिन्न साहित्यिक सन्दर्भ र प्रसङ्गका यात्री भएको चर्चा गर्दै अज्ञात निबन्ध र समीक्षा लेखनमा पनि आफ्नो गतिशीलता देखाउन सफल समेत भएको चर्चा गर्दै चितवनलाई चिनाउन तल्लीनरत स्रष्टा द्रष्टा व्यक्तित्व भएको कुरा उल्लेख गरेका छन् (दुवाल, २०६४ : २६-२७) ।

च) नारायणप्रसाद खनालले **भूलहरूका विरुद्ध** (२०६४) मा *शुभकामना : भूलहरूका विरुद्ध लड्ने स्रष्टालाई* शीर्षकको भूमिका लेखमा अज्ञात न केवल प्राध्यापक वा लेखक मात्र हो अपितु एक समाजसेवी समेत हुन् । ज्योतिशास्त्रको अध्ययन-अनुसन्धान र ज्योतिषशास्त्रीय ढाँचा र ढङ्गमा समेत निबन्ध र समीक्षाको प्रयत्नमा संलग्न रही एकश्रम साध्य रचनाकार सिद्ध छन् । उनका अधिकांश निबन्ध आत्मनिष्ठ छन् भने वस्तुनिष्ठ निबन्ध पनि रहेका छन् तर प्रभावपूर्ण भावसम्प्रेषण भने आत्मनिष्ठ निबन्धबाट सम्पन्न छन् । उनका सबै निबन्ध उर्जस्वी र ओजस्वी रहेका छन् भनी निबन्धसङ्ग्रहभित्रको निबन्धको संरचना पक्षको चर्चा गर्दै देवकोटाको चिन्तन उनका निबन्धमा प्राप्त गर्न सकिने कुराको उल्लेख गरेका छन् ( खनाल, २०६४ : ङ-ज) ।

छ) सिताराम कोइरालाले **संवादमा स्रष्टाहरू** (२०६३) मा *अचेल साहित्य लङ्गडो भएको छ र ज्योतिष पनि चिन्तनको कमिले अन्धो भएको छ* भन्ने कपिल अज्ञातको अन्तर्वार्ता लेखका सन्दर्भमा उनलाई सिर्जनाको गहिराई

खोतल्ने लेखक हुन् भन्दै उनका निबन्धकारिता पनि यस्तै रहेका छन् भन्ने उल्लेख गरेका छन् (कोइराला, २०६३ : १००-१०७) ।

ज) केशव भट्टराईले **चितवन पोष्ट** (वर्ष ११, अङ्क ३७९, २०६५) मा *ज्ञात हुन खोजे पनि अज्ञात रहने विवशताहरू छन्* शीर्षक लेखमा कपिल अज्ञात राजनीति, दर्शन र साहित्य त्रिविधिामा समर्पित व्यक्तित्व भएको चर्चा गर्दै व्यक्तित्वका विविध विषयमा अन्तर्वाता लिएको कुरा उल्लेख गरेका छन् ( भट्टराई, २०६५ : २) ।

झ) डी.आर. पोखरेलले **सम्प्रेषण** (अङ्क १८, २०६६) मा *भूलहरूका विरुद्धका विशेषता* लेखमा कपिलका निबन्धहरूको चर्चा गर्दा यी निबन्धहरू कुनै आख्यान जस्ता पनि लाग्छन् । 'म किन ज्योतिष भएँ' भन्दा थोरै आख्यान र आत्मसंस्मरण पनि आएको देखिन्छ । यस्तै यस सङ्ग्रहकै शीर्षक भएको निबन्ध **भूलहरूका विरुद्ध**ले तार्किकतालाई पुष्ठ पारेका छन् भनी चर्चा गरेका छन् (पोखरेल, २०६६ : ३५) ।

उपर्युक्त पूर्वकार्यहरूको अध्ययन गर्दा अज्ञातका निबन्धकारीताको व्यवस्थित अध्ययन हुन सकेको देखिँदैन ।

## १.५ शोधपत्रको औचित्य र महत्त्व

कपिल अज्ञातका लेखन रचनाहरूमा आत्मपरक शैलीको प्रयोग र व्यङ्ग्यको प्रबलताले भरिएको छ । मानिसका दुःख, सुख, साहित्यकारहरूप्रति भएको अन्याय, अत्याचार, मूल्याङ्कनको अभावलाई आफ्ना कृमिा वर्णन गरेका छन् । यिनै अज्ञातका बारेमा विभिन्न पक्षबाट अध्ययन भएको उपर्युक्त उल्लेखित पूर्वकार्यको समीक्षाबाट पनि प्रस्ट भइसकेको छ । यसरी उनका अन्य पक्षमा अध्ययन भए तापनि निबन्धहरूको विश्लेषणात्मक अध्ययन नभएकोले यसको औचित्य र महत्त्व रहेको छ ।

## १.६ शोधपत्रको सीमाङ्कन

कपिल अज्ञातका कविता, निबन्ध, गजल, समालोचना, मुक्तकसङ्ग्रह, पत्र-सन्देश समेत गरी करिब एक दर्जन पुस्तकाकार कृति प्रकाशित छन् । अन्य विधमा भन्दा निबन्ध विधामा राम्रो स्थान बनाउने अज्ञातको जीवनी र व्यक्तित्वको सङ्क्षिप्त परिचय दिँदै उनका

निबन्धहरूको विश्लेषण र विवेचना यस शोधपत्रमा गरिने छ । उनका निबन्ध बाहेक अन्य विधाका कृतिहरूको विश्लेषण गरिने छैन ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

**कपिल अज्ञातका निबन्धहरूको विश्लेषणात्मक अध्ययन** शीर्षक शोधकार्यको लागि क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय विधिका आधारमा सम्बद्ध पुस्तक, पत्रपत्रिका तथा समीक्षात्मक लेख आदिको अध्ययन गरी त्यसैमा प्राप्त सामग्री सङ्कलन गरेर शोधपत्र तयार गरिएको छ । अनुसन्धेय व्यक्ति जीवितै भएकाले अनुसन्धानका क्रममा आवश्यक सामग्री सङ्कलन तथा अन्य समस्याहरूसँग सम्बन्धित कुराका निम्ति छलफल विधि, अन्तर्वार्ता विधि अवलम्बन गर्दै आवश्यकता अनुरूप सम्बन्धित विज्ञहरूद्वारा जानकारी समेत लिइएको छ । यस शोधकार्यका क्रममा सङ्कलन गरिएका सामग्रीको विश्लेषणका निम्ति आवश्यकताअनुसार विवरणात्मक र विश्लेषणात्मक पद्धति अपनाएको छ । यसै गरी निबन्धहरूको विश्लेषणको निम्ति उनका प्रकाशित निबन्धसङ्ग्रहलाई नै आधार बनाउँदै समालोचनाको सामान्य सिद्धान्तको समेत अवलम्बन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

**कपिल अज्ञातका निबन्धहरूको विश्लेषणात्मक अध्ययन** नामक प्रस्तुत शोधपत्रलाई निम्नानुसार परिच्छेदमा विभाजन गरी व्यवस्थापन गरिएको छ :-

**परिच्छेद एक : शोधपरिचय**

यस परिच्छेदमा विषय परिचय, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधपत्रको औचित्य र महत्त्व, शोधपत्रको सीमाङ्कन, सामग्री सङ्कलन र शोधविधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**परिच्छेद दुई : निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रम**

यस परिच्छेदअन्तर्गत कपिल अज्ञातको जीवनी र व्यक्तित्वका सम्बन्धमा सङ्क्षिप्त अध्ययन गर्दै निबन्धलेखन सम्बन्धी सैद्धान्तिक मान्यता र नेपाली निबन्धको विकास प्रक्रियाबारे चर्चा गरिएको छ ।

**परिच्छेद तीन : नेपाली निबन्धमा अज्ञातको प्रवेश र उनको निबन्धयात्रा**

यस परिच्छेदमा निबन्धकार अज्ञातले निबन्धलेखन प्रारम्भ गरेदेखि उनको सम्पूर्ण निबन्धयात्रालाई अध्ययन गरिएको छ ।

**परिच्छेद चार : कपिल अज्ञातका निबन्धहरूको विश्लेषणात्मक अध्ययन**

यस परिच्छेदमा कपिल अज्ञातका हालसम्म प्रकाशित निबन्धहरूको अध्ययन विश्लेषण गरिएको छ ।

**परिच्छेद पाँच : चितवनको निबन्ध साहित्यमा कपिल अज्ञातको योगदान**

यस परिच्छेदअन्तर्गत चितवनको साहित्यिक विकासमा अज्ञातका निबन्धकारिताको योगदानको बारेमा अध्ययन गरिएको छ ।

**परिच्छेद छ : उपसंहार**

यस परिच्छेदमा प्रत्येक परिच्छेदको निष्कर्षका साथै समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

यस प्रकार शोधपत्रको आदिभाग, मध्यभागका साथै अन्त्यभागका लागि सन्दर्भग्रन्थ सूची, परिशिष्ट समेत समावेश गरी साङ्गोपाङ्ग शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रम

# परिच्छेद : दुई

# निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रम

## २.१ जीवनी

कुनै पनि व्यक्तिको जीवनयात्राका क्रममा घटित घटनाहरूको शृङ्खलित रूप नै जीवनी हो । जीवनीको शाब्दिक अर्थ व्यक्ति विशेषको जीवन वृतान्त भन्ने हुन्छ (बराल, २०५८ : २८९) । जन्मदेखि बाँचुन्जेलसम्म व्यक्तिले गरेका महत्त्वपूर्ण तथा उपयोगी कार्यहरूको वर्णन जीवनीमा गरिन्छ (नेपाल, २०६५ : २३६) । कपिल अज्ञातका निबन्धहरूको विश्लेषणात्मक अध्ययन शीर्षक शोधकार्यका लागि अज्ञातले निबन्धका क्षेत्रमा दिएका योगदानलाई चर्चा गर्ने उद्देश्य रहेकोले उनको जीवनी र व्यक्तित्वको समेत चर्चा गर्ने प्रयास गरिएको छ । जन्म र बाल्यकाल, शिक्षादीक्षा, पारिवारिक संरचना, रुचि र स्वभाव, भ्रमण, सम्मान तथा पुरस्कार, लेखन, प्रेरणा र प्रभाव, लेखन प्रारम्भ, व्यक्तित्वको बारेमा शोधनायकसँगको अन्तर्वार्ताबाट प्रस्तुत गरिएको छ ।

### २.१.१ जन्म र वाल्यकाल

कपिल अज्ञातको जन्म निम्नवर्गीय परिवारमा पिता लीलाधर रेग्मी र माता श्रीमती चन्द्रकला रेग्मीको कोखबाट वि.सं. २०१५ साल चैत्र १६ तदनुसार सन् १९५६ मार्च १५ रामनवमीका दिन ज्येष्ठ पुत्रका रूपमा जन्मिएका हुन् । कपिल अज्ञातको नामले साहित्यसाधनामा लागेका यी स्रष्टाको वास्तविक नाम कपिल मणि शर्मा रेग्मी हो । उनका दुईवटा आमाहरू थिए । उनका बुबाले जेठी आमा हुँदाहुँदै अर्की कान्छि आमा (आफ्नी आमा) विवाह गरे । जेठी आमापपिट्ट एउटा सुस्त मनस्थिति भएको दाजुको जन्म भएपछि जेठी आमाको मृत्यु भयो । उनकी आमापट्टी नौ सन्तान त्यसमध्ये कपिल अज्ञात ज्येष्ठ पुत्रका रूपमा र अन्य चार भाइहरू र तीन बहिनीहरूसमेत रहेका छन् । घरेलु व्यवहारका क्रममा उनलाई पहिला पहिला भाइबहिनीहरूले सान्दाजी भन्ने गर्दथे ।

स्याङ्जा जिल्लाको ढाडेटारी पौवैगौडोमा आफ्नो बाल्यकाल व्यतीत गरेका कपिल अज्ञात मातापिताको स्नेहमा हुर्कन पाएका उनी सानैदेखि तीक्ष्ण बुद्धि र चलाख व्यक्ति थिए । सानैबाट सबैलाई माया गरेर हुन्छ कि फकाएर हुन्छ कि आफूलाई अगाडि राख्ने स्वभाव उनको थियो । उनी सानैबाट पढाइमा उत्कृष्ट भई पुरस्कृत हुन सफल भएका थिए । उनी सबै साथीका माझ लोकप्रिय नै थिए ।

## २.१.२ शिक्षादिक्षा

कपिल अज्ञातका पिता संस्कृतमा दखल भएकाले आफ्ना छोराछोरीहरूलाई उनी ज्ञानको मार्ग अभिप्रेरित गर्न चाहन्थे । त्यसैले उनी आफ्ना छोरालाई गाउँकै ठूलाढी विद्यालयमा भर्ना गरिदिएपछि उनीले त्यहाँ कक्षा चारसम्म अध्ययन गरे पश्चात शीतला मा.वि. पौवेगौँडेमा सातकक्षासम्म, त्रिभुवन आदर्श मा.वि. स्याङ्जामा दश कक्षासम्म क्रमशः अध्ययन गरे । पन्ध्र वर्षपछि यिनी भारत प्रवेश गरी प्रथमादेखि पूर्व मध्यमासम्मको पढाइमा प्रथम भए । त्यसपछि उत्तरमध्यमाको अध्ययन पनि त्यही हरिद्वार ऋषिकेश सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय अन्तर्गत रही द्वितीय श्रेणीमा समापन गरे । त्यस विद्यालयमा पढ्दा छात्रावासमा निःशुल्क पढे । स्नातक तहको पढाई पनि प्रथम श्रेणीमा त्यही विश्वविद्यालयबाट पुरा गरेका थिए तर स्नातकोत्तर तहको पढाई त्रिभुवन विश्वविद्यालयबाट समापन गरे । सुरुको रहर प्राध्यापक बन्ने भए तापनि वर्तमान समयमा शुद्ध आम्दानी भएका मानिसलाई तुच्छ नजरले हेर्ने परिपाटीले गर्दा ढाँट, छल, दाउ झेल, घुसबाट ल्याउनेले नै बढी महत्त्व पाएको हुँदा प्राध्यापन वृत्तिका प्रति असन्तुष्ट देखिन्छन् ।

## २.१.३ पारिवारिक संरचना

निम्न वर्गीय परिवारमा जन्मिएका कपिल अज्ञातको २७ वर्षको उमेरमा चितवन भैरव प्रसाद पौडेलकी छोरी निर्मलाकुमारी पौडेलसँग विवाह भएको थियो (शोधनायकसँगको अन्तर्वार्ताबाट) । दुई सन्तान ईश्वरमा वरदान भनेझैँ उनका दुई सन्तानको जन्म भएको छ । ती दुवै पुत्र सन्ततिका रूपमा ज्येष्ठ पुत्र सुशील को वि.सं. २०४२ सालमा जन्म भई हाल उनी पोखरा विश्वविद्यालयमा इन्जिनियर विषयको अन्तिम सत्र सकाईसकेका छन् भने कान्छा पुत्रको रूपमा सुभाष रेग्मीको जन्मा २०४५ जेठ ५ गते भएको हो । उनी चीनको

श्री जर्जजेज युनिभर्सिटिमा चिकित्सा विषय लिएर अध्ययनरत छन् । उनका दुवै पुत्र अविवाहित रहेका छन् । चारजनाको एक पारिवारिक संरचनामा उनको परिवार सुखमय तरिकाले रहेको पाइन्छ ।

## २.१.४ रुचि र स्वभाव

बाल्यकालदेखि नै पढ्दे लेख्ने एवम् चिन्तनमनन गर्ने रुचि भएका अज्ञातको जीवनमा शिक्षण कार्य, लेखन, ज्योतिष र विभिन्न संघसंस्थाको कार्यक्रममा व्यस्त हुनुपरे तापनि लेखन कार्यलाई नियमितता दिँदै आएका छन् । लेखन उनको मनपर्ने विषय हो । आफ्नो पेसाबाहेक बचेको समय पत्रपत्रिका पढ्न रुचाउँछन् (काफ्ले, २०६५ : १२) । अर्को आफ्नै जन्मचक्र केलाउँदा उनको रुचिको विषय तडकभडक भन्दा सामान्य कपडा लगाउन मन पराउने बताउँछन् । कुनै रङ्गप्रति उनको आकर्षण र विकर्षण छैन । सर्ट पाइन्ट नै उनको मूलभूत पहिचान हुन् (अप्रकाशित शोधपत्र पद्मकन्या बहुमुखी क्याम्पस, २०६५ : १२) । खाद्य पदार्थमा उनलाई मीठो मसिनो भन्दा सादा दाल भात तरकारी नै मनपर्छ । उनी मादक पदार्थ र तामसी भोजन गर्दैनन् । त्यस्ता पदार्थको सेवन गर्नेलाई उनी कमजोर मनका दुर्व्यसनी ठान्दछन् । खरो स्वभावका र वाक् चातुर्य कपिल परिश्रमी, लगनशील र मिहिनेती छन् । निरन्तर योगसाधना गर्ने उनकी चाकरि गरेर स्वार्थ सिद्ध गर्ने मान्छेलाई पटक्कै रुचाउँदैनन् । मानव सेवालाई नै धर्म ठान्दछन् । उनी पूर्णतया आस्तिक छैनन् भने पूर्णतया नास्तिक पनि होइनन् भन्दै आफूलाई आस्तिक र नास्तिकको दोसाँधमा उभ्याउँछन् । बहुमुखी प्रतिभाका धनि आज्ञात कविताबाट लेखनको आरम्भ गरे तापनि साहित्यका समालोचना, समीक्षा, खोजमूलक लेख, गजल, मुक्तक, निबन्ध समेत लेखेकाले एक स्तरीय निबन्धकार हुन् । 'मोतीराम भट्ट र उनको नेतृत्व' शीर्षकमा प्रथम निबन्ध **समुन्नत** पत्रिकामा २०४८/०४९ तिर प्रकाशित गरेका हुन् । यस विधालाई यिनले निरन्तरता दिँदै नियमित रूपमा **जनमत, सजस्थल, विवेक, वागीश्वरी, पल्लवज**स्ता पत्रिकामा प्रकाशित गराउँदै आएका छन् ।

## २.१.५ भ्रमण

कपिल अज्ञात भ्रमण गर्न रुचाउँछन् । उनले नेपालका पूर्व मेचिदेखि पश्चिम महाकालीसम्मका अधिकांश जिल्लाहरूको भ्रमण गर्नुका साथै भारतका धार्मिकस्थलहरू

दिल्ली, वनारस र समुद्रका छालदेखि बाहेक बिहारका झुपडीदेखि अहमदावादका आलिसान महलसम्म, वनारसका गल्लीदेखि दिल्लीको भूमिगत रेलमार्ग सम्म भ्रमण गरेका छन् ।

## २.१.६ सम्मान तथा पुरस्कार

कुनै व्यक्तिको कार्यको मूल्याङ्कन गरी त्यस क्षेत्रमा उसले गरेको योगदानको आधारमा उसलाई थप वल प्रोत्साहन तथा प्रेरणा मिलोस् भन्ने उद्देश्यले दिइने भौतिक तथा भावनामूलक उपहार तथा सम्मान नै सामाान्य अर्थमा पुरस्कार हो । विभिन्न विधामा साहित्य सिर्जना गर्ने कपिल अज्ञातले पनि नेपाली साहित्यका अतिरिक्त विभिन्न क्षेत्रमा योगदान दिएवापत विभिन्न पुरसकार र सम्मान प्राप्त गरेका छन् (शोधनायककी श्रीमतिसँगको अन्तर्वार्ताबाट) । नेपाली साहित्यका विविध विधामा कलम चलाएका बहुआयामिक व्यक्तित्वका धनी अज्ञातले शिक्षा, साहित्य, समाज र ज्योतिषमा विशिष्ट योगदान पुऱ्याएर विभिन्न मानसम्मान, पदक र पुरस्कारहरू प्राप्त गरेका छन् । उनले हालसम्म आफ्नो साधना क्रममा विभिन्न सङ्घसंस्थाबाट निम्न ८ वटा पुरस्कार र सम्मान प्राप्त गरिसकेका छन् । उनले प्राप्त गरेका पुरस्का र सम्मानपत्रको विवरण निम्न तालिकामा सूचीकृत गरिएको छ :

| क्र.सं. | पुरस्कार तथा सम्मान | दातृ संस्था | वर्ष |
|---|---|---|---|
| १ | कृष्णाकुमारी गुरुङ्ग स्मृति पुरस्कार | चितवन साहित्य परिषद् | २०५५ |
| २ | सगर-सम्मान | सगर त्रैमासिक पत्रिका | २०५६ |
| ३ | पल्लव-सम्मान | पल्लव साहित्य विविध | २०६२ |
| ४ | ज्योतिष-दिवाकर | द.ए. ज्योतिष सं. | २०६३ |
| ५ | ज्योतिष-मार्तण्ड | नेपाल ज्योतिष परिषद् | २०६३ |
| ६ | कालीगण्डकी साहित्यकला पुरस्कार | स्याङ्जा साहित्य प्रतिष्ठान | २०६४ |
| ७ | प्रतिभा पुरस्कार | चितवन साहित्य परिषद् | २०६४ |
| ८ | बलराम स्मृति वाङ्मय पुरस्कार | बलराम वाङ्मय प्रतिष्ठान | २०७२ |

## २.१.७ लेखन

मान्छेका मनका भाव, संवेदना, अनुभूतिको अभिवयञ्जना वा प्रकरिकरण नै लेखन हो । लेख्नुका पछाडि आर्थिक उपार्जन सामाजिक प्रतिष्ठा, सामाजिक दायित्वबोध, सामाजिक

आलोचना तथा कृति वा यश प्राप्तिका सन्दर्भ  एवं प्रयोजन जोडिएका हुन्छन् कपिल अज्ञात पनि निबन्ध लेखनबाट पहिचान बनाएका निबन्धकार हुन् । आफ्ना रचनाका माध्यमबाट उनले समाजका विभिन्न क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिहरूप्रति आलोचनात्मक दृष्टि प्रस्तुत गर्दै समाज सुधारको दिशातिर उन्मुख गराउनका लागि आफ्नो निबन्ध लेखनलाई अगाडि बढाएको पाइन्छ ।

## २.१.८ प्रेरणा र प्रभाव

कुनै पनि साहित्यकारलाई साहित्यतर्फ लाग्ने प्रेरणा र प्रभावमा कसै न कसैको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव परेको हुन्छ । अज्ञातका लागि कुनै एक घटना, व्यक्ति र समूहमात्र लेखन प्रेरणाका स्रोत होइनन् । कर्म क्षेत्रमा सक्रिय हुँदा कसैबाट ठगिने, कसैबाट शोषिने र कसैबाट लुटिने समेतका विध्नबाधा आइपरेका पाइन्छन् समाजमा विद्यमान व्यापक विकृति र विसङ्गतिले पनि मनमष्तिस्कमा पिरोलिरहेका हुन्छन् (शोधनायकसँगको अन्तर्वार्ताबाट) । युवा हुँदा जैविक आवश्यकताले आफ्नै अनुराग खोजिरहेको हुन्छ । हक अधिकार क्षेत्रमा पनि आफ्नै अस्तित्व र स्थापनाको सङ्घर्ष चलिरहेको देखिन्छ । यी विभिन्न अवस्था र प्रकृति नै उनका साहित्य सिर्जनाका प्ररणा स्रोत हुन् ।

### २.१.८.१ लेखन प्रारम्भ

एउटा निम्नवर्गीय परिवारमा जन्मेका प्रतिभा सम्पन्न व्यक्तित्व कपिल सानै उमेरदेखि विद्रोही स्वभावका थिए । घुमफिर गर्न रुचाउने उनी साथीहरूसँग हिँडडुल र गफगाफ गर्न औधि रसिला देखिन्छन् । अज्ञात विद्यालयमा हुने खेलकुदमा र अन्य अतिरिक्त क्रियाकलापमा पनि सक्रियतापूर्वक भाग लिने गर्दथे । यसरी सम्भवतः उनीभित्रको यही व्यवहार र क्रियाकलाप नै साहित्यिक प्रतिभाको सङ्केत थियो ।

नेपाली समाजमा भ्याङ्गिएका विकृति र विसङ्गति, देशको राजनैतिक अराजकता आदि परिवेश ले उनी भित्रको साहित्यिक प्रतिभा भ्याङ्गिदै गयो र सुरुसुरुका लेखरचना अभ्यासकालीन भएकोले डायरीकै पानामा सीमित हुन्थे । पछि विस्तारै साहित्य सिर्जना क्रम अगाडि बढ्दै गएको देखिन्छ । उनी अध्ययनको क्रममा स्वदेश तथा स्वदेश बाहिर पुगे र

जीवनमा अनेकौँ हन्डर खाएपछि साहित्य लेखनमा थप उर्जा मिल्यो । वि.सं. २०३६ सालदेखि अर्को औपचारिक साहित्य लेखन प्रारम्भ भएको पाइन्छ । हालसम्मको लामो साहित्य यात्रामा कतै कवि कतै निबन्धकार कतै समालोचक, कतै समीक्षकका रूपमा परिचित भइसकेका छन् ।

### २.१.८.२ व्यक्तित्व

हरेक मानिसको आ-आफ्नै व्यक्तित्व हुन्छ । व्यक्तित्वले गर्दा नै मानिस एक अर्काबाट भिन्न हुन्छ । व्यक्तित्व भन्नु कुनै पनि व्यक्तिको निजी पहिचान हो । मान्छेको पहिचानलाई दुई भागमा बाँड्न सकिन्छ । एउटा चिनारीले उसको शारीरिक वनावटलाई चिनाउँछ जसलाई बाह्य व्यक्तित्व भनिन्छ । बाह्य व्यक्तित्वका तुलनामा आन्तरिक व्यक्तित्व महान् हुन्छ । तर पनि बाह्य व्यक्तित्वले आन्तरिक व्यक्तित्वको विकासमा सघाउ पुऱ्याएकै हुन्छ । हरेक मानिसभित्र रहेको प्रतिभा वा क्षमता नै आन्तरिक व्यक्तित्व हो । आन्तरिक व्यक्तित्वलाई साहित्यिक व्यक्तित्व पनि भन्न सकिन्छ ।

कपिल अज्ञातको व्यक्तित्व सुन्दर छ । निम्न वर्गीय ब्राह्मण परिवारमा जन्मेका उनलाई आर्थिक सङ्कटको चपेटामा पर्दै त्यसको समाधानका निम्ति वनारसतिर पलायन भएका र उनी चलाख व्यक्तित्व भएका हुँदा अध्ययनलाई अगाडि बढाउने मौका पनि मिलाउँदै गए (शोधनायकसँगको अन्तर्वार्ताबाट) । उनी गहुँगोरो वर्ण बाटुलो अनुहार, केश नभएको तालु, दाहिने आँखामा खत भएको प्रफूल्ल मुद्रामा देखिन्छन् । करिब पाँच फिट दुई इन्च अग्ला ठूलो निधार भएका र उनको विद्रोही स्वभावले सबैलाई कायल पार्छ उनी तडकभडक भन्दा सरल जीवन मन पराउँछन् । उनी परिश्रमी र कर्मठ छन् । बेइमानी, गुलामी र धूर्त प्रवृत्तिका विरोधी कपिल अज्ञात यथार्थका रूप हुन् । उनी नेपाली भाषा र साहित्यको विकास कसरी गर्ने, राष्ट्रको सर्वाङ्गीण विकासका लागि कसरी उत्कृष्ट साहित्य सिर्जना गर्ने भन्ने जस्ता विषयमा बढी चिन्तिन देखिन्छन् ।

कपिल अज्ञातले लामो जीवनयात्रामा आफ्नै प्रकारको व्यक्तित्व निर्माण गरेका छन् । मुख्यतः उनले साहित्यकार, प्राध्यापक र समाजसेवी ज्योतिष व्यक्तित्व बोकेका छन् । उनका यिनै विभिन्न व्यक्तित्वको संक्षेपमा तल क्रमशः प्रस्तुत गरिन्छः

### २.१.८.३ समाजसेवी व्यक्तित्व

कपिल अज्ञात ग्रामीण परिवेशमा हुर्के बढेका व्यक्तित्व हुन् । स्वार्थी समाजका सङ्कीर्ण प्रवृत्ति हेरी विरक्तिएका उनी समाजका विसङ्गत र असङ्गतिप्रति विद्रोह प्रकट गर्दछन् । पुरातन मूल्य मान्यतालाई तोड्ने र मठमन्दिरका नाउँमा चन्दा मागी आफ्नै पेट भर्ने प्रति वितृष्णा प्रकट गर्दछन् । उनी किशोरावस्था देखि नै समाजको हित, साधनामा क्रियाशील हुँदै पनि आइरहेका छन् । आफ्नो त्याग, समर्पण र उदारताबाट कसेको भलो हुँदा असीम आनन्दानुभूति गर्ने कपिल समाजका सफल सदस्य पनि हुन् । हाल उनी नेपाल प्राध्यापक संघ वीरेन्द्र बहुमुखी क्याम्पस इकाई समितिको उपाध्यक्ष, भरतपुर बचत तथा ऋण सहकारी को पूर्व संस्थापक अध्यक्ष ज्योतिष परिषद् नारायणी अञ्चलको अध्यक्षमा रहेर समाजप्रतिको दायित्वबोध गर्दै सेवा पुऱ्याउँदै आइरहेका छन् ।

### २.१.८.४ प्राध्यापन व्यक्तित्व

वि.सं. २०३९ सालदेखि प्राध्यापन पेशामा संलग्न कपिल अज्ञातले याज्ञवाल्वक्य लक्ष्मीनारापण विद्यापीठ मटिहानी (महोत्तरी) मा आठ महिनाको प्राध्यापन पश्चात् सुपिङ् बहुमुखी क्याम्पस र वीरेन्द्र सैनिक आवासीय महाविद्यालय भक्तपुरमा पनि मिति २०४०/१२/१६ देखि २०४४/१/३० सम्म तीन वर्ष १ महिना र वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर चितवनमा मिति २०४४/२/१ देखि हालसम्म कार्यरत छन् । उनी आफूसामु ज्ञान लिन आउने जो कोहिलाई पनि झर्को नमानी ज्ञान दिन्छन् । वि.सं. २०३९ सालमा द्वितीय श्रेणीमा स्नातकोत्तर तहर पास गरेका उनी आफ्नो विषयमा योग्य शिक्षकका रूपमा सुपरिचित छन् । पढ्नु अनि पढाउनुपर्छ भन्ने मान्यता यिनमा प्रशस्त देखिन्छ । साहित्यकार व्यक्तित्व भएकोले विषयवस्तुको रोचक प्रस्तुति भर्न सक्ने, धाराप्रवाह रूपमा बोल्न सक्ने र गम्भीर छाप पार्न सक्ने शक्ति सामर्थ्य उनमा छ । उनमा अर्न्तनिहीत यही विशेषताका कारण विद्यार्थीहरूका माझ लोकप्रिय विद्वान् प्राध्यापकका रूपमा सम्मानित रहेका छन् ।

### २.१.८.५ साहित्यकार व्यक्तित्व

वि.सं. २०३६ सालदेखि नै औपचारिक रूपबाट साहित्य साधनामा लागेका कपिल अज्ञातले *मेरो देश महान छ* गीत कविताबाट साहित्य लेखन यात्रा प्रारम्भ गरेको देखिन्छ । उनले हालसम्म कविता, समीक्षा समालोचनाका अतिरिक्त निबन्ध जस्ता विधामा कलम

चलाएका छन् । यसरी उनको साहित्यिक व्यक्तित्व बहुमुखी देखा पर्छ । चितवनमा रहेरपनि राष्ट्रमा आफ्नो पहिचान देखाउन र बाँड्न सफल कपिल अज्ञातले चितवनको माटोमा आफूसक्दो साहित्यिक सेवा पुऱ्याइरहेको पाइन्छ । यिनी देवकोटाको मानवतावादबाट प्रभावित देखिन्छन् ।

## २.२ निबन्धको सैद्धान्तिक अध्ययन

निबन्ध मूलतः संस्कृत शब्द हो । नि + बन्ध + धञ् मिलेर बनेको निबन्ध शब्दले गद्यमा लेखिने स्वतन्त्र साहित्यिक विधालाई जनाउँछ । संरचना र स्वरूपका दृष्टिले यो पाश्चात्य साहित्यको देन हो । फ्रान्समा जन्मेर विकसित हुँदै नेपाली साहित्यमा देखा परेको यस विधाले संरचना र स्वरूपको नविनतालाई आत्मसात् गर्दै आफूलाई आगडि बढाएको छ । निबन्धको निम्नलिखित शीर्षकहरूमा आधारित रहेर निबन्धको सैद्धान्तिक चर्चा गर्ने प्रयास गरिएको छ :

### २.२.१ पृष्ठभूमि

पूर्वीय साहित्यिक अवधारणा अनुसार निबन्धले आफ्नो विधागत अस्तित्व प्राप्त गर्नुभन्दा पहिला साहित्यका सिङ्गै धरातललाई दुईभागमा मात्र राखेर अध्ययन गर्ने प्रचलन थियो । यही धारणाअनुरूप नै साहित्यका श्रव्य र दृष्य गरी दुई भेद मानिएका छन् । नाट्य भावका रूपक, नाटक, नाटिका, एकाङ्गी जस्ता अभिनयकलाद्वारा ग्रहण गरिने रचनाहरू दृश्यकाव्य अन्तर्गत पर्दछन् भने पढेर, गाएरवा सुनेर ग्रहण गरिने कथा, कविता, काव्य, श्रव्य काव्य अन्तर्गत पर्दछन् । श्रव्यकाव्य अन्तर्गतका दुई हाँगा गद्य र पद्य मध्ये पद्यमा कविता पर्दछ भने कथा उपन्यास र निबन्ध गद्यमा पर्दछन् (सापकोटा, २०६८ : २३) ।

निबन्ध विश्वसाहित्यमा र नेपाली साहित्यमा समेत पछि विकसित भएकोले साहित्यको कनिष्ठतम विधा भनिएको छ । कविता कथा र नाटक प्राचीन युगदेखि नै प्रचलित र परम्परित बनेर आधुनिक युगमा आई आधुनिक रूप प्राप्त गरेका विधा हुन् तर निबन्ध चाहिँ नितान्त नयाँ र आधुनिक युग आरम्भ भएपछि प्रादुर्भाव भएको विधा हो । निबन्धको बीजारोपण प्राचीन पूर्वीय साहित्यमा काव्य वा प्रबन्धकाव्यका रूपमा भेटिन्थ्यो

तापनि निबन्ध विधाको लेखन संस्कृत साहित्यको कालखण्डमा हुन सकेको पाइँदैन (सुवेदी, २०५७ : ५८) ।

साहित्यका कविता नाटक, आख्यान र निबन्ध गरी मूलतः चार विधा मानिएका छन् । साहित्यमा देखापर्ने अन्य सबै भेदहरू यिनै मूल विधाका मिठासबाट उत्पन्न उपभेदहुन् । साहित्यका यी मूलभूत चारविधामध्ये अन्य तीन विधा साहित्यिक मात्र हुन्छन् तर अत्यन्त लोकप्रिय विधाका रूपमा रहेको एक विधा निबन्ध साहित्यिक र साहित्यित्तर दुवै हुन्छ । साहित्यिक निबन्ध रागात्मक अनुभूतिमा आधारित र कल्पना प्रधान, निजात्मक र विशिष्ट भाषिक कलाका साथै ललित र सौन्दर्यपरक हुन्छ । साहित्येतर निबन्ध ज्ञानविज्ञानका क्षेत्रमा आधारित र प्रविधिपरक हुन्छ यो वस्तुगत, ज्ञानमा आधारीत न्यूनकलात्मक, परात्मक, निर्वैयत्मिक र सामान्य भाषिक कलामा आधारित हुन्छ (सुवेदी, २०५७/०५८ : ८) । साहित्येतर निबन्धलाई लेख पनि भनिन्छ । नाटक र आख्यानले गद्या साहित्य अन्तर्गत पहिले देखि नै जन्म पाएको देखिन्छ भने गद्यको अभिव्यत्तिः क्षमता सबल र प्रौढ हुँदै गएपनि सृजित वस्तुकोप्रकाशत, प्रसारण, वितरण र संरक्षण एवं सुपठनको वातावरण तयार हुँदै गएपछि मात्र साहित्य निबन्ध पनि एउटा छुट्टै विद्याको रूपमा सृजना हुन थाल्यो (सुवेदी, २०५६ : १) । यसैकारणले विश्वसाहित्यका क्षेत्रमा निबन्धलाई सबैभन्दा कान्छो विधाका रूपमा लिन सकिन्छ ।

## २.२.२ निबन्धको व्युत्पत्ति र अर्थ

निबन्ध पश्चिमी मुलुक फ्रान्समा जन्मेर विकसित हुँदै अङ्ग्रेजी, हिन्दी, बङ्गाली हुँदै नेपाली साहित्यमा समेत देखा परेको साहित्यिक विधा हो तापनि यो शब्द नेपाली साहित्यमा संस्कृत तत्सम शब्दका रूपमा प्रयुत्तः छ । त्यसैले व्युत्पत्तिका सम्बन्धमा सर्वप्रथम पूर्वीय दृष्टिकोणको चर्चा गर्नु आवश्यक मानिन्छ । निबन्ध संस्कृत व्याकरणको शब्द निर्माण प्रक्रियामा 'नि' उपसर्ग लागेको 'बन्ध्' धातुमा 'धञ' प्रत्यय लागेर बनेको व्युत्पन्न शब्द हो । यसका अर्थ हुन्छ निःशेष हिसाबले बाँध्ने काम गर्नु अर्थात् भाव वा विचारका विकीर्ण कणहरूलाई अभिव्यक्तिका आयतनमा सङ्ग्रहित गर्नु र निजात्मक अभिव्यक्ति दिनु भन्ने बुझिन्छ (सुवेदी, २०५६ : १) । यसरी आफ्ना विचार र भावनाहरूलाई राम्ररी बाँधिएको साहित्यिक रचना विशेष नै निबन्ध हो जुन स्वयम् पूर्ण र स्वतन्त्र हुन्छ ।

यसरी शब्द निर्माण प्रक्रियामा निबन्ध संस्कृत व्याकरणकै अनुशासनमा तयार भएको पाइए तापनि संस्कृत साहित्यकालमा आधुनिक स्वरूपका निबन्धको सिर्जना भएको पाइँदैन तापनि वासदत्ता, न्यायमञ्जरी, कादम्बरी आदि जस्ता ग्रन्थमा निबन्धका प्रारम्भिक पूर्वीय नमुनाहरू नपाइने भने होइनन् । विश्वसाहित्यमा निबन्धको आधुनिक स्वरूपको निर्माण भने पश्चिमी साहित्यबाट नै भएको हो । अथवा पाश्चात्य मुलुक फ्रान्सबाट नै निबन्धको सुरुवात भएको हो । फ्रान्सेली स्रष्टा मिचेल डि मोन्तेनले नै सोह्रौँ शताब्दीमा सर्वप्रथम निबन्ध सिर्जना गरेका हुन् । ग्रिसेली भाषामा यसलाई एसिस (Essais) भनियो जसको अर्थ प्रयास भन्ने हुन्छ । यसलाई फ्रान्समा मोन्तेनले एस्सी (Essay) नाम दिई आफ्ना रचनाहरूको सङ्कलन गरेका थिए । यसको अर्थ भावनालाई प्रयास वा मिहिनेत गर्नु भन्ने नै हुन्छ जुन फ्रेन्च भाषाको एसाइबाट नै विकसित भएको हो ।

यसरी पूर्वीय साहित्यमा निर्माण भएको निबन्ध र पश्चिममा निर्माण भएको एस्से शब्द दुवैको तात्पर्य अर्थ एउटै लक्ष्यमा केन्द्रित रहेको यस अवस्थामा प्रयुक्त विशेष विषयको अभिव्यक्तिमा सन्दर्भ सुसङ्गत शिल्पविधान र सुललित प्रस्तुति एवम् विधानयुक्त रचना निर्माण गर्न प्रयत्न गरिएको सिर्जना नै निबन्ध हो भन्ने बुझिन्छ ।

## २.२.३ निबन्धको परिभाषा

साहित्यका मूलभूत चार विधा मध्ये सबैभन्दा कान्छो विधा निबन्ध हो । निबन्ध संस्कृत तत्सम शब्द हो तापनि सँस्कृत साहित्यकालमा आधुनिक स्वरूपका निबन्धको सिर्जना भएको पाइँदैन । पाश्चात्य जगतमा फ्रान्सेली स्रष्टा मोन्तेनको प्रयासबाट नै सोह्रौँ शताब्दीदेखि निबन्धले छुट्टै अस्तित्व प्राप्त गरेको हो । त्यसैले विश्व साहित्यकै कान्छो विधा मानिने निबन्धलाई पश्चिमी साहित्य जगत्को उपजको रूपमा लिइन्छ । वर्तमान समयमा निबन्धले आफ्नो व्युत्पत्तिमूलक अर्थमा मात्र सीमित नरही पश्चिमी जगत्बाट प्राप्त नवीन साहित्यिक उपलब्धि एस्सेले दिने अर्थ प्रयत्न वा जमर्कोको अर्थ दिन्छ । फ्रान्समा जन्म लिएको निबन्धको विकास भने अङ्ग्रेजी, हिन्दी, बँगाली साहित्यमा विकसित हुँदै नेपाली साहित्यमा आइपुगेको हो । निबन्धजस्तो स्वतन्त्र विद्यालाई एउटा निश्चित परिभाषा भित्र सीमित गर्न गाह्रो हुन्छ तापनि स्वरूपगत विशिष्टता स्थापित गर्ने प्रयासमा विभिन्न विद्वानहरू लागेका छन् । त्यसैले निबन्धलाई परिभाषित गर्ने क्रममा लागेका प्रमुख

चिन्तकहरूका परिभाषाहरूलाई यसमा समेट्ने प्रयास गरिएको छ  जसमा क्रमशः पाश्चात्य मुलुकका विद्वान्, भारतीय विद्वान् र नेपाली साहित्यकारहरूका परिभाषाहरूको उल्लेख गरिएको छ ।

## २.२.३.१ पाश्चात्य साहित्यमा निबन्धको परिभाषा

पश्चिमी साहित्यका क्षेत्रमा भएको निबन्धको व्याख्या र विश्लेषणका सन्दर्भमा छुट्टै परिभाषा नगरे पनि विभिन्न प्रसङ्गका कथन र अभिव्यक्तिहरूद्वारा उनले निबन्धको एउटा स्वरप तयार गर्न सकिने कुरा यसरी व्यक्त गरेका छन्, “यिनै (निबन्ध) द्वारा कुनै नयाँ मूल्य सत्यको उद्घाटन भयो भन्ने कुरा मैले ठानेको छैन । तैपनि यिनमा आफ्नो हृदय खोलेर जस्ताको तस्तै देखाउने काम भएको ठानेको छु । म नै मेरा निबन्धको विषयवस्तु हुँ, किनभने मलाई सबभन्दा बढ्दा चिन्ने व्यक्ति म स्वयम् मात्र हुँ’ (सुवेदी, २०५६ : १७) । उनी निजात्मक निबन्धका स्रष्टा हुन् ।

निबन्धको बारेमा टिप्पणी गर्ने अर्का व्यक्तित्व अङ्ग्रेजी साहित्यका निबन्धकार तथा निबन्ध सिद्धान्तका बारेका चिन्तक फ्रान्सिस वेकनले निबन्धलाई ‘छरिएको चिन्तन हो’ (सुवेदी, २०५८ : ५) भनेका छन् । उनी विषयवस्तुमा केन्द्रित, परात्मक र ठोस एवम् दिनतायुक्त निबन्ध सिर्जना हुनुपर्ने कुरामा प्रतिबद्ध देखिएका छन् ।

अङ्ग्रेजी साहित्यका समीक्षक जर्ज क्रयाबले निबन्धलाई ज्यादै उपेक्षित र स्तरहीन रचनाका रूपमा लिएका छन् । उनले निबन्धलाई यसरी परिभाषित गरेका छन्, ‘निबन्ध सिर्जनशील प्रतिभा हुँदै नभएका रचनाहरूको सस्तो लेखन हो । यो त्यस्ता लेखकको लेखन हो, जसको न अनुसन्धानमा पहुँच छ न सिर्जनात्मक रचनामा । यो एउटा बकम्फुसे गफ मात्र हो (सुवेदी, २०५८ : १८) ।

जोहन मेरले निबन्धका सम्बन्धमा आफ्नो मान्यता प्रस्तुत गर्ने क्रममा आफ्ना दृष्टिकोण यसरी व्यक्त गरेका छन्- ‘विषयवस्तु जे जस्तो भए पनि निबन्धको क्षेत्र अत्यन्त विस्तृत र असीमित हुनुका साथै सही निबन्ध व्यक्तिपरक नै हुनुपर्छ । निबन्ध वास्तवमा आत्माभिव्यक्तिको एउटा साहित्यिक साधन हो । अतः यो नितान्त निजात्मक हुन्छ (सुवेदी, २०५८ : १८) ।

फ्रान्सेली साहित्यका सशक्त प्रतिभा र आलोचक सेन्ट व्युभले साहित्यको समीक्षा गर्ने क्रममा निबन्धलाई यसरी परिभाषित गरेका छन्, "निबन्ध श्रमसाध्य विद्या हो । यसमा स्रष्टाको आत्मप्रतिपादन भएको हुन्छ (सुवेदी, २०५८ : १८) ।

ह्यूवाकरले हलुका पारा र सरल ढंगले लेखक तथा पाठक बीचको विश्वस्त सम्बन्ध स्थापित गर्ने निबन्ध नै आदर्श निबन्ध हो (जोशी, २०६१ : ८) भनेका छन् ।

### २.२.३.२ भारतीय साहित्यकारहरूका परिभाषा

हरिहरनाथ टण्डनका अनुसार निबन्ध शब्दको अर्थ हो- बाँधिएको । अतः थोरै अत्यन्त चुनिएका शब्दहरूमा कुनै विषयमा आफ्नो विचार प्रकट गर्ने प्रयत्नलाई निबन्ध भन्दछन् (उपाध्याय, २०३४ : १८०)

बाबु गुलाबरायका अनुसार निबन्ध त्यसप्रकारको रचना हो, जसमा सीमित आयतनभित्र कुनै विषयको वर्णन वा प्रतिपादन, एउटा विशिष्ट किसिमको वैयक्तिक प्रतिपादन, स्वच्छन्दता, सुब्दु र सजीवनता त्यस्तै सङ्गति र सुसम्बर्द्धपूर्वक भएको प्रस्तुतीकरण निबन्धमा भएको हुनुपर्छ (सुवेदी, २०५८ : ८) ।

### २.२.३.३ नेपाली साहित्यकारहरूका परिभाषा

नेपाली साहित्यमा आत्मपरक निबन्धको थालनी गरी आधुनिक मोड ल्याउने सशक्त निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले लक्ष्मी निबन्ध सङ्ग्रहको सम्पादनको क्रममा निबन्ध सम्बन्धी आफ्नो धारणा यसरी व्यक्त गरेका छन् । यो निबन्धविधा रौंचिरा दर्शन होइन, न हो पण्डित्यपूर्ण दर्शनको ठ्यासफु । यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण र समीक्षणको जस्रत छैन । यो एककिसिमको धूर्त वदमास ठिटो हो, जो सडकमा हिँड्दा कहिले ढुङ्गा हान्त, कतैकतै आनन्दले फुलेर हेर्छ तर घोरिदैन । पाठघोकुवा हलन्तेको मिजासले । यो एक किसिमको मनको जालीले जगतमा लहडिएर माछा मार्ने कला हो । यो टेबुल गफ हो- चश्मादार अध्यापकको व्याख्या होइन, न त यो बमन वेदान्त हो (देवकोटा, २०४० : भूमिका) ।

ईश्वर बरालका अनुसार निबन्ध एक किसिमको कुरा गराई हो । आफ्ना मनका भावनाहरूलाई स्वगत कथनको रूपमा व्यक्त गर्ने विधा विशेष हो (उपाध्याय, २०३४ : १८०) ।

बालकृष्ण पोखरेलका अनुसार सबैभन्दा माथिल्लो तहको निबन्ध हो निजात्मक । हरेक निजात्मक निबन्ध लेखकले आफ्नो हृदयभित्र लुकेर बसेको अदृश्य श्रोतालाई सुनाएको ग्रन्थ हो (शर्मा, २०५० : १५) ।

हृदयचन्द्रसिंह प्रधानका अनुसार "निबन्धमा लेखकले कलमको पछिपछि दौडेर मात्र पुग्दैन पाठकहरूलाई प्रभावित पार्न कलमलाई हृदय पकाउने पनि गर्नुपर्छ । परिमार्जित र परिपक्क विचार, दृष्टिकोणलाई व्यङ्ग्य, हास्य र ठट्यौलोपन मामुली तवरबाट पोख्दै जानुपर्छ (शर्मा, २०५० : १५) ।

बद्रीनाथ भट्टराईका अनुसार "निबन्ध सत्यवस्तु देखाउने लेखकीय अन्तज्योतिको शाब्दीक स्वरूप हो" (शर्मा, २०५० : १५) ।

राजेन्द्र सुवेदीका अनुसार "कुनै पनि विषयमा आधारित भई, संवेदनायुक्त, निजात्मक, उद्देश्यपूर्ण र सुगठित शैलीमा विश्वसनीय ढङ्गले लेखिएको लघुगद्य रचना नै निबन्ध हो" (सुवेदी, २०५८ : ५९) ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माका अनुसार "अन्तरङ्ग विचार वा भावना अभिव्यक्त भएको अथवा बहिरङ्ग वर्णन र विवरण भएको समय र स्थानगत सिमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषय-विशेषमा केन्द्रित कलात्मक गद्य रचनालाई निबन्ध भनिन्छ" (श्रेष्ठ र शर्मा, २०५६ : ११५) ।

मोहनराज शर्माका अनुसार "कुनै विषयबारे सुगठित शैलीमा सविस्तार लेखिएको उद्देश्यपूर्ण प्रभावकारी लघुगद्य रचनालाई निबन्ध भनिन्छ" (शर्मा, २०५५ : ५०२) ।

नेपाली बृहत शब्दकोषका अनुसार "कुनै विषयलाई लिएर कलात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना, साहित्यको एक गद्य विधा नै निबन्ध हो" ( पोखरेल, २०५२ : ६८९) ।

रामलाल अधिकारीका अनुसार "निबन्ध त्यो काव्यविधा हो जसमा लेखक ( निबन्धकार) को व्यक्तित्व पाठक समक्ष पूर्णतया प्रकाशमान हुन्छ । यसमा लेखकले उपदेश नभई आत्मप्रकाशनकै लक्ष्यमा केन्द्रित हुनुपर्छ" (सुवेदी, २०५८ : ९) ।

यसरी विभिन्न विद्वान्हरूले आ-आफ्नै दृष्टिकोणले परिभाषित गर्ने प्रयास गरेका छन् । उनीहरूका दृष्टिकोणहरू कुनै न कुनै पक्षसँग सम्बन्धित नै देखिन्छन् । यसरी हेर्दा के बुझिन्छ भने निबन्ध भन्नाले गद्यमा लेखिने लघु आयामको एक साहित्यिक रचना हो ।

जसमा लेखकले आफ्ना विचारहरूलाई स्वतन्त्ररूपमा निजात्मक वा वस्तुपरक ढङ्गबाट पाठकका सामु प्रस्तुत गरेको हुन्छ ।

## २.२.४ निबन्धका विशेषता

साहित्यका विभिन्न विधाहरूमध्ये निबन्ध एक विधा हो । यसमा लेखकले आफ्ना विचारहरू उन्मुक्त रूपमा व्यक्त गर्न सक्दछन् । यो एक विशिष्ट प्रकारको लेखन हो । यसका अनेक स्थूल र सूक्ष्म विशेषताहरू रहेका हुन्छन् । त्यस्ता विशेषताहरू मध्ये केही प्रमुख विशेषताहरू निम्नानुसार रहेका छन्:

### क) गद्यात्मक साहित्यिक विधा

निबन्ध गद्यमा लेखिने विधा हो तथापि यदाकदा पद्यात्मक पनि नरहने भने होइन । तर कविता वा काव्य यसको माध्यम भने बन्न सक्दैन । आलङ्कारिक र कवितात्मक हुँदाहुँदै पनि निबन्धले गद्यको लक्ष्मण रेखालाई अतिक्रमण गरेको हुँदैन । त्यसैले गद्यात्मक हुनु निबन्धको मूल धर्म हो ।

### ख) लघु आयाम

निबन्धको आयाम लघु र वस्तुको प्रकृति सङ्क्षिप्त हुन्छ । यो महाकाव्य, नाटक, उपन्यास जस्तो लामो हुँदैन । एकै बसाईमा पढिसकिने छोटो छरितो हुन्छ । लघु आयतनमा व्यापक प्रस्तुति नै यसको विशेषता हो । अथवा निबन्ध लघु आयतनमा रचित भएर पनि स्वयंमा पूर्ण हुने साहित्यिक विधा पनि हो ।

### ग) आख्यानात्मक/आख्यानेत्तर साहित्यिक विधा

निबन्ध प्रायः आख्यानहीन हुन्छ तापनि सूक्ष्म अथवा गौण रूपमा यदाकदा आख्यान नआउने भने होइन । यसमा कथा, उपन्यास, एकाङ्की, नाटक जस्ता विधामा रहने कथानकको प्रधानता भने हुँदैन । त्यसैले आख्यानात्मकता नहुनु यसको अर्को विशेषता हो ।

### घ) विषयको असीमितता

निबन्धको रचना जुनसुकै विषयवस्तुलाई लिएर गर्न सकिन्छ । मानवजीवनका व्यापक र वृहद् ज्ञान र अनुभवसँग सन्दर्भित भएर आएका

क्षेत्रहरूमा समेत यसका विषयहरू रहेका हुन्छन् । ह्यूवकारले भनेझैँ एककोशीय जीवाणुदेखि मानिससम्म र परमाणुदेखि आकाशका नक्षत्रसम्मका सम्पूर्ण विषयमा निबन्धको रचना गर्न सकिन्छ । त्यसैले विषयगत व्यापकता हुनु निबन्धको विशेषता हो जसले गर्दा स्रष्टाले स्वतन्त्ररूपले विषय चयन गरेर निबन्धको सिर्जना गर्दछ ।

### ङ) शैलीगत विविधता र विचित्रता

प्रत्येक व्यक्तिको भाव र भाषामा फरक हुने भएकोले हरेक सर्जकको निबन्ध लेखनमा शैलीगत विविधता पाइनु स्वभाविक हो । संयत शैली, भावुक शैली, व्यङ्ग्य शैली आदि विभन्न शैली अवलम्बन गरी हरेक निबन्धकारले आफ्नो भाव प्रदर्शन गर्न सक्दछन् । शैलीका दृष्टिले निबन्ध जति स्वतन्त्र र उन्मुक्त अरू विधा हुन सक्दैन । त्यसैले यो शैलीको क्रिडाभूमी नै हो । यसमा गफगाफको अनौपचारिक शैलीदेखि अत्यन्त औपचारिक शैलीसम्म प्रयुक्त हुन सक्छ ।

### च) सर्जक र भावको प्रत्यक्ष सम्बन्ध

निबन्धमा साहित्यका अन्य विधामा जस्तो पात्रहरूको माध्यमद्वारा आफ्ना विचार व्यक्त गर्नु पर्दैन अथवा यसमा कुनै मध्यमाको आवश्यकता नै पर्दैन । यसमा लेखक स्वयम् नै आफ्ना कुराहरू पाठकसामु सोझै स्पष्ट रूपमा व्यक्त गर्न सक्छन् । त्यसैले यस विधामा स्रष्टा र पाठकबीच सोझो सम्बन्ध हुन्छ ।

### छ) विधा समिश्रणको उपस्थिति

निबन्धमा कवि, नाटककार, आख्यानका तथा चिन्तक व्यक्तित्वको प्रभाव परेको हुन्छ । त्यसैले निबन्धभित्र नाटकीयता र कवितात्मकता पनि पाइने हुनाले आज निबन्धविधा समिश्रणका आधारमा उभिन लागेको छ । निबन्धकार कहिले कविजस्तो भावुक भएर प्रस्तुत हुन्छ, कहिले नाटककारझैँ नाटकीय रूपमा प्रस्तुत हुन्छ भने कहिले गम्भिर दार्शनिक जस्तो त कहिले बदमास ठिटोझैँ भएर व्यङ्ग्यात्मक रूपमा प्रस्तुत हुन्छ ।

**ज) लेखकको वैयक्तिक छापको बाहुल्य**

निबन्ध आत्मपरक हुने हुनाले यसमा स्रष्टाका ज्ञान भन्दा अनुभूतिका पक्षहरू सशक्तरूपमा व्यक्त गरिएको हुन्छ । परानुभूतिलाई पनि स्वानुभूतिको रूपमा व्यक्त गर्न सकिने यस्ता निबन्धमा लेखकले आफ्ना विचारहरू उन्मुक्त रूपमा व्यक्त गर्न सक्छन् । त्यसैले यसमा निबन्धकारको व्यक्तित्वको छाप बढि रहेको हुन्छ ।

**झ) प्रभावकारिता**

निबन्धकारले आफ्ना धारणा मन र विचारहरूप्रति पाठकलाई सहमत बनाई बढी विश्वस्त बनाउने प्रयास गरेका हुन्छन् । यस प्रत्यत्नमा लेखकले आफ्नो पक्षप्रति सहमति जनाउन पाठकप्रति बढी अनुनय विनय र आग्रह गर्दछन् । अनि आफ्ना विचारहरूप्रति सहमत हुन पाठकलाई बाध्य तुल्याउँछ ।

## २.२.५ निबन्धको वर्गीकरण

साहित्यका अन्य विधाका तुलनामा निबन्ध सबैभन्दा कान्छो साहित्यिक विधा हो । पाश्चात्य साहित्यका क्षेत्रमा फ्रान्सेली विद्वान् मोन्तेनले नै यसको प्रारमभ गरेकोले यसलाई पाश्चात्य साहित्यको देन मान्न सकिन्छ । जसरी निबन्ध जस्तो स्वतन्त्र विधालाई एउटा निश्चित परिभाषामा मात्र सीमित गर्न सकिँदैन त्यसरी नै यसका प्रकार, वर्गीकरणका बारेमा पनि विभिन्न विद्वान्हरूबीच एकमत रहेको पाइँदैन । निबन्धको वर्गीकरणका क्रममा सर्वप्रथम पाश्चात्य साहित्यमा नै अभिरेखाङ्कन भएको पाइन्छ । यसक्रममा आत्मपरक र वस्तुपरक निबन्धको सुरुवात गर्ने फ्रान्सेली स्रष्टा मोन्तेन र अङ्ग्रेजी साहित्यिकार बेकनको अहम् र चिन्तनको क्रमले निबन्धलाई आत्मपरक र वस्तुपरक निबन्धको सुरुवात गर्ने फ्रान्सेली स्रष्टा मोन्तेन र अङ्ग्रेजी साहित्यकार बेकनको अहम् र चिन्तनको क्रमले निबन्धलाई आत्मपरक र वस्तुपरक गरी दुईप्रकारमा विभाजन गरेको पाइन्छ (थापा, २०४७ : १८५) ।

त्यस्तै विषय स्रोत, आधार आदिका दृष्टिले निबन्धलाई धेरै प्रकारले विभाजन गर्न सकिन्छ तर प्रचलित र व्यवहारिक दृष्टिले वर्णनात्मक, विवरणात्मक, विचारात्मक र

भावात्मक गरी चार रूपमा विभाजन गर्न सकिन्छ भन्ने कुरा हिमांशु थापाले चर्चा गरेका छन् (थापा, २०४७ : १८७) ।

त्यस्तै केशवप्रसाद उपाध्यायले निबन्धका चार भेद मान्नुपर्छ भन्दै वर्णनात्मक, विवरणात्मक, विचारात्मक र भावात्मक गरी चार भेदको चर्चा गरेका छन् (उपाध्याय, २०३४ : १८४) ।

त्यस्तै समालोचक मोहनराज शर्माले निबन्धका विवरणात्मक, वर्णनात्मक, तार्किक र आख्यानात्मक गरी प्रमुख चारभेद गर्दै यसका उपभेद समेत उल्लेख गरेका छन् (शर्मा, २०५८ : ४०) ।

त्यसैगरी सयपत्री निबन्ध सङ्ग्रहको भूमिकामा ईश्वर बरालको शैलीका आधारमा निबन्धलाई निजात्मक र वस्तुपरक गरी दुई भेद गर्दै निजात्मक निबन्धलाई वैयक्तिक, भावपरक र विचारात्मक तथा वस्तुपरक निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी दुई उपभेदमा समेत छुट्याएका छन् (बराल, २०५५ : ३६) ।

त्यस्तै नेपाली निबन्धकार तथा समीक्षक राजेन्द्र सुवेदीले आत्मपरक निबन्धका तीन उपभेदलाई स्वीकार गर्दै वस्तुपरक निबन्धलाई वर्णनात्मक, विवरणात्मक र प्रबन्धात्मक गरी तिनभेदमा विभाजन गर्दै प्रबन्धात्मक निबन्धका रूपमा प्रलेख, लेख, यात्रा विवरण, जीवनी, शोधलेख, शोधप्रबन्ध, भूमिका, आत्मजीवनी, सम्पादकीय, टिप्पणी, सन्धिपत्र आदिको उल्लेख गरेका छन् (सुवेदी, २०५८ : १०) ।

त्यसैगरी प्रसिद्ध निबन्धकार बालकृष्ण पोखरेलले “कलेज स्तरका निबन्धै निबन्ध”पुस्तकको भूमिका लेखनका क्रममा आधुनिक निबन्ध विधामा देखिने प्रवृत्ति र वस्तु तथ्यका आधारमा देखिने मूल कथ्यलाई ठम्याउने हिसाबले निबन्धलाई धर्का चित्र, नियात्र, रुबन्ध र आत्मिका गरी चार भेदमा वर्गीकरण गरेका छन् (सुवेदी, २०५८ : २९) ।

यसरी हेर्दा निबन्धको वर्गीकरण विभाजित विभिन्न विद्वान्हरूले आ-आफ्नै दृष्टिकोणले गरेका छन् । यसक्रममा सबैको मत एक नहुनु स्वभाविक नै हो । यसरी विभिन्न दृष्टिले बिभाजन गरे तापनि वर्तमान समयमा सरलताका लागि आत्मपरक र वस्तुपरक गरी दुई भेदमा वर्गीकरण गरी अध्ययन गर्न उपयुक्त मानिन्छ ।

### २.२.५.१ आत्मपरक निबन्ध

स्रष्टाको आन्तरिक व्यक्तित्वको प्रधानता हुने निबन्धलाई आत्मपरक निबनध भनिन्छ । यस्ता निबन्धमा विषय भन्दा व्यक्ति नै प्रमुख स्थान हुन्छ । त्यसैले यस्ता निबन्धलाई निजात्मक, विषयीनिष्ट वा व्यक्तिनिष्ठ निबन्ध पनि भन्नसकिन्छ । यस्ता निबन्धमा निबन्धकारले विषयको चिनारी गराउनु भन्दा आफ्ना जीवनयात्राका निजी अनुभव, तीतामीठा भोगाई, विचार एवम् विद्धता प्रदर्शन गर्दै आँफू र पाठकहरूका बीचको सम्पर्क स्थापित गर्न चाहन्छन् त्यसैले आत्मसम्प्रेषण वा शिक्षा उपदेश भन्दा 'स्व' को अभिव्यक्ति नै आत्मपरक निबन्धको मूल अभीष्ट मान्न सकिन्छ । यस्ता निबन्धमा विषयवस्तु कस्तो छ ? भन्दा पनि आफूलाई कस्तो वा के लाग्छ भन्ने कुराको प्रस्तुति हुन्छ। आत्मपरक निबन्धमा निबन्धकारका व्यक्तित्व, विचार एवम् भावनाहरू प्रकट हुन्छन् । विचारात्मक, भावनात्मक र वैयक्तिक हुनु आत्मपरक निबन्धको पहिचान हो (सुवेदी, २०५८ : ६३) । त्यसैले यस्ता निबन्धलाई तीन भेदमा विभाजन गर्न सकिन्छ :

क) विचारात्मक निबन्ध

ख) भावात्मक निबन्ध

ग) वैयक्तिक निबन्ध

### २.२.५.१.१ विचारात्मक निबन्ध

विचारको प्रधानता भएका निबन्धलाई विचारात्मक निबन्ध भनिन्छ । यस्तो निबन्ध चिन्तनको निजात्मक, सार्वभौम स्वीकृतिको अवस्था आग्रहमा प्रवाहित हुन्छ । यसमा कला, काव्य, राजनीति, धर्म दर्शन, विज्ञान, शिक्षा, समाजशास्त्र, मनोविज्ञान जस्ता विचारप्रधान विषयहरू प्रकट हुन्छन् (उपाध्याय, २०३४ : १८४) । चिन्तन र विचारक ाप्रमुखता हुने भएकोले यसमा बुद्धिपक्षको प्रबलता हुनु स्वभाविकै हो । यस्ता बिन्धमा लेखकले विषयको वर्णन गर्दै आफ्नो मत वा सिद्धान्त स्थापित गराउने प्रयास गरिरहेको हुन्छ भने यसमा रोचकता र आफ्ना तर्कको पुष्टिका लागि यस्ता निबन्धमा दृष्टान्त, उपमा र तुलनाको समावेश अनि त्यसमा व्यङ्ग्य र हास्यको पुटसमेत मिसाई त्यसलाई आकर्षक बनइन्छ । यस निबन्धमा लेखकको गहन ज्ञान एवम् स्पष्ट र परिमार्जित विचार प्रस्तुत हुनु आवश्यक छ । बुद्धिसँग सम्बन्धित हुने यस्ता विचारात्मक निबन्धमा समास शैलीको प्रयोग हुन्छ । यसमा प्रयुक्त प्रत्येक वाक्य र शब्द अर्थपूर्ण र सारपूर्ण हुन्छन् । यस्ता निबन्धमा भावना र

कल्पनाले कमै मात्र खेल्ने मौका पाउँछन् । यस्ता निबन्धमा केही तथ्याङ्क र घटना पनि समावेश गर्न सकिन्छ ।

### २.२.५.१.२ भावात्मक निबन्ध

भावात्मक निबन्ध भावपूर्ण शैलीमा लेखिन्छन् । स्रष्टाको भावना स्पष्ट रूपमा प्रकट भएको निबन्ध भावात्मक निबन्ध हो । जसमा जीवनका विविध पक्षहरूलाई भावपूर्ण ढङ्गले हेरिएको हुन्छ । यस्ता निबन्ध जीवनभोगाइका अमूर्त भावात्मक विषयहरू, आशा, निराशा, करुणा, प्रेम परोपकार, देशभक्ति आदिलाई संवेद्य तुल्याई सरस आलङ्कारिक पदावलीमा प्रस्तुत गरिन्छ (उपाध्याय, २०३४ : १८४) । भाववात्मक निबन्धहरू निबन्धहरू पागलको प्रलाप नभई भावक स्वस्थ हृदयको आत्मनिर्दप्ल भएकोले यिनमा भाव वा भाव बिम्बहरू मूर्त रूपमा आउँछन् (शर्मा, २०५८ : २६) । भावनात्मक तत्त्व प्रबल हुने भएकाले यसलाई गद्यात्मक पद्य पनि भनिन्छ, जसलाई देवकोटाले पोथी गद्यो संज्ञा दिएका छन् ।

चिन्तन, तर्कवा सिद्धान्तले यस्ता निबन्धमा खासै भूमिका खेलेको हुँदैन । यसमा स्रष्टाको अनुभूतिको स्वतः स्फूर्त प्रवाह हुन्छ । भावनात्मक निबन्धमा भाव वा कल्पनाको प्रवलता हुन्छ । त्यसैले यस्ता निबन्धहरूको भाषा र अभिव्यक्तिमा हार्दिकता, कोमलता र रागात्मकता हुन्छ (सापकोटा, २०६८ : ३४) ।

### २.२.५.१.३ वैयक्तिक निबन्ध

स्रष्टाको वैयक्तिक चिन्तन र दृष्टि प्रबल रहेको निबन्ध नै वैयक्तिक निबन्ध हो । वैयक्तिक निबन्धलाई आत्मपरक निबन्ध पनि भनिन्छ । यस्ता निबन्धमा निबन्धकारले आफ्ना भावनालाई निजी स्वरूप दिएर प्रकट गर्दा वैयक्तिक निबन्धको जन्म हुन्छ । व्यक्तिगत निर्णयका आधारमा यथार्थतालाई आफैँ निष्कर्षमा उभ्याएर आफ्नै अभिमतमा सिद्ध गर्न प्रयत्न गरिएको हुन्छ (सुवेदी, २०५८ : ६५) । लेखकको व्यक्तित्व, चरित्र र दृष्टिकोण प्रबल भएका निबन्ध वैयक्तिक र आत्मपरक हुन पुग्छ भने सो कम भएमा निर्वैयक्तिक वा वस्तुपरक पनि हुन सक्छ (त्रिपाठी, २०३० : ५८९) । वैयक्तिक निबन्धमा स्ष्टाको आत्मप्रकाशन नै भएको हुन्छ । शैलीका दृष्टिले वैयक्तिक निबन्धमा कथात्मक शैली अँगालिएको हुन्छ । यसमा स्रष्टाले निजी जीवनका भोगाईहरू तथा अनुभवहरू कथाकारले कथा भनेझैँ गरी निश्चलतापूर्वक प्रकट गर्दछ । निश्छल र निष्कपट रूपमा आफ्ना

मित्रहरूसँगको गफ गराईएझैँ स्वच्छन्द आत्मप्रदर्शन भएको निजात्मक निबन्धको एक भेद नै वैयक्तिक निबन्ध हो । यस्तो निबन्ध बढी मात्रामा भौतिक अभावका कारण सिर्जना हुन्छ । भौतिक अभावले सिर्जना गरेका अनेक पीडा र कठोरताहरूको अभिव्यक्ति यस्ता निबन्धको मूल पहिचान हो (ओझा र लामिछाने, २०६४ : २१) ।

### २.२.५.२ वस्तुपरक निबन्ध

विषयकै सेरोफेरोमा केन्द्रित रहेर लेखिएका निबन्धहरू वस्तुपरक निबन्ध हुन् । यस्ता निबन्धमा निबन्धकार आफू तटस्थ रही विषयवस्तुको चिनारी गराउनमा नै प्रयासरत हुन्छ । निजानुभूतिलाई वासता नगरी 'पर' वा वस्तु सत्यको यथार्थ चित्र प्रस्तुत गर्नमा नै केन्द्रित यस्ता निबन्धमा व्यक्ति गौण हुन्छ । अथवा वस्तु प्रतिपादनमा नै जोड दिने यस्ता निबन्धहरूको पूमुख लक्ष्य सूचनात्मकता र आत्मप्रकाशन भने गौण हुन्छ । वस्तुपरक निबन्धलाई परात्मक, विषयप्रधान र निर्वैयक्तिक निबन्ध पनि भनिन्छ (थापा,२०४७ : १८६) । पाठकहरूलाई पाण्डित्य प्रदर्शनमा नअल्झाई वस्तुबोधतर्फ बढी उन्मुख गराउनु नै यस्ता निबन्धका गुण हुन् (शर्मा, २०५८ : २४) । बाह्य विषयवस्तुकोचयन गरी लेखिने यस्ता निबन्धका विषयहरू इतिहास, दर्शन, ज्ञानविज्ञान कलासंस्कृति, प्रकृति आदि रहने यस्ता निबन्धमा तर्क, विचार, समयस्या समाधानका पक्ष पनि समावेश भएका हुन्छन् । बहिर्मुखी प्रवृतिको प्रधानता रहने यस्ता निबन्धमा निबन्धकारको औपचारिक सोचाइ, हेराई र लेखाइको प्रकट हुन्छ । यस्ता निबन्धमा वर्णन र विवरणले प्रमुखता पाएको हुन्छ । त्यसैले यस्ता निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी दुई भेदमा विभाजन गर्न सकिन्छ :

### २.२.५.२.१ वर्णनात्मक निबन्ध

कुनै पनि विषयवस्तुको बारेमा वर्णन गरेर लेखिएका निबन्धहरूलाई नै वर्णनात्मक निबन्ध भनिन्छ । कुनै विषयको इन्द्रियग्राह्य अभिव्यक्तिलाई नै वर्णन भनिन्छ । वर्णन भउकोलेयस खालको निबन्ध चित्रात्मक हुन्छ र वर्णन गरिएको विषय पढ्दाखेरी आँखा अगाडी झलझली देखिन्छ (शर्मा, २०५८ : ४९५) । यस्ता निबन्धमा कुनै वस्तु, प्राकृतिक दृश्य, यात्रा, चाडवाड, कुनै घटना, कुनै देश र स्थान विशेषको जाति र वर्णको यथातथ्य साङ्गोपाङ्ग रूपमा सजीव वर्णन गरिएको हुन्छ । निबन्धकारका अनुभूति र विचारले प्रमुख

भूमिका खेल्ने यस्ता निबन्धमा कुनै विषयका बारेमा नालीबेली छुट्याएर त्यसको वास्तविक रूप र स्थिति अगाडि ल्याउने काम हुन्छ । वर्णनात्मक निबन्धमा वस्तु र विषयको बाहिरी रूपरङ्गदेखि लिएर गुण-दोष, रुचि प्रकृति र उपयोगिताको वर्णन गरिन्छ (उपाध्याय, २०३४ : १८३) । कुनै दृश्य, ध्वनि, रूप, स्वाद, गन्ध, संवेदना आदिले लेखकको मनमा जे-जस्तो प्रभाव उत्पन्न गराउँछन्, तिनलाई लेखकले जस्ताको तस्तै निबन्धमा उतारेको हुन्छ । यस्ता निबन्धमा तथ्य प्रायः स्थिति हुन्छन् (सुवेदी, २०५८ : ७१) । विषयलाई प्रष्ट्याउन उपमा र दृष्टान्तको सहयोग पनि लिन सकिन्छ । वर्णन नै यसको मूल आधार भएकोले यस्ता निबन्धमा व्यास शैलीको प्रयोग हुन्छ ।

## २.२.५.२.२ विवरणात्मक निबन्ध

विवरणात्मक निबन्धको मूल आधारभूमि घटना-वृतान्त हो । त्यसैले लेखकले यस्ता निबन्धमा घटना वृतान्तको वर्णन गरेको हुन्छ । यसमा निबन्धकारले घटनाको पूर्वपर सम्बन्ध, परिणामतः जन्मेको उत्तरोत्तर घटना र समाजमा तत्काल परेका प्रतिक्रिया आदिको रोचक तथा सङ्क्षिप्त चर्चा गर्दछ (शर्मा, २०५८ : २५) । विषयलाई विकृति गरेर लेखिएको निबन्ध विवरणात्मक निबन्ध हो (सुवेदी, २०५८ : ७२) । यस्ता निबन्धको विषय व्यक्ति, वस्तु सिद्धात, पद्धति, विचार, नियम, रुचि, स्थान, आचरण, रीतिस्थिति आदि रहेका हुन्छन् । यसमा वस्तुका सतहगत सत्यलाई स्थापना गर्ने प्रयत्न गरिएको हुन्छ । विवरणात्मक निबन्ध, प्रायः प्राचीन एवम् आधुनिक सत्य, काल्पनिक कथा, अतीतकालीन घटना, युद्ध, यात्रा शासन प्रणालीहरू, जीवनी कुनै जातिविशेषको रीतिस्थिति, ऐतिहाँसिक एवम् पौराणिक आख्यानहरूको समावेश गरिन्छ (उपाध्याय, २०३४ : १८३) । वर्णनात्मक निबन्धहरू प्रायः ऐतिहासिक हुन्छन् । इतिहासमा तिथि मिति, तथ्य र घटनाक्रमलाई बयान गर्ने प्रक्रिया हुन्छ भने विवरणात्मक निबन्धभमा यस्ता घटनाको कुनै एक टुक्रा टिपेर त्यसलाई निबन्धात्मक सङ्गठन दिने काम गरिन्छ । यस्ता निबन्धमा विषयलाई स्पष्ट र रोचक बनाउन कल्पना, भावुकता एवम् विद्वताको प्रदर्शन पनि गर्न सकिन्छ तथापि इतिहासमा भने विचार तत्त्व प्रधान हुन्छ । यस्ता निबन्धमा कार्यकारकको सम्बन्ध देखाउँदै उक घटनापछि अर्को घटनाको वर्णन हुन्छ । कहीँ कहीँ दृष्टान्तको समेत समावेश गरिन्छ भने पूर्वापर क्रम नछुटाई विवरण

स्पष्ट रूपमा प्रस्तुत गर्नुपर्छ । यस्तो निबन्ध व्यास शैलीमा लेखिन्छ (थापा, २०४७ : १८९) । यस्ता निबन्धमा 'स्व' भन्दा 'परु' ले बढी स्थान पाएको हुन्छ । त्यसैले सरल, सुबोध र त्यञ्जनापूर्ण शैलीका माध्यमबाट घटना र वृत्तान्तको कार्यकारण शृङ्खलाको प्रस्तुति नै विवरणात्मक निबन्धको मूल पहिचान हो ।

## २.२.६ निबन्धका तत्त्व

साहित्यका मूलतः चार विधामध्ये निबन्ध सबैभन्दा पछि देखापरेको कान्छो साहित्यिक विधा हो । यो साहित्यको आफैमा पूर्ण र स्वतन्त्र पहिचान भएको विधा हो । त्यसैले साहित्यका अन्य विधाका तुलनामा निबन्ध स्वतन्त्र हुने हुँदा निबन्धको निश्चित तत्त्व किटान गर्न कठिनाई हुन्छ तापनि यसले आफ्नो विधागत पूर्णता प्राप्त गर्नका लागि निबन्ध संरचनाका क्रममा निश्चित तत्त्वहरूको अपेक्षा गरेको हुन्छ नै निबन्ध साहित्यको गतिशील विधा हो त्यसैले हिजो र आजको निबन्धमा स्वरूपगत भिन्नता देता परेको छ । त्यसैले निबन्धका तत्त्वका बारेमा विभिन्न विद्वानहरू समेत मत भिन्नता पाइनु स्वभाविकै हो । विभिन्न विद्वानहरूले प्रस्तुत गरेका निबन्धका तत्त्वसम्बन्धी धारणाहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

हिन्दी साहित्यको निबन्ध विधामा ख्याति कमाएका विद्वान् विनयले निबन्धका तत्त्वहरूलाई निम्नलिखत चार बुँदामा प्रस्तुत गर्दै यी तत्त्वहरूको सहयोगबाट एउटा स्तरीय निबन्ध तयार गर्न सकिने कुराको उल्लेख गरेका छन् (विनय, १९६८ : ११):

क) विषयको प्रतिपादन

ख) आत्मतत्त्वको प्रतिपादन

ग) कलात्मकता

घ) एकान्विती

यस्तै भारतीय विद्वान् राकेशले निबन्धका तत्त्वहरूको विषयमा चर्चा गर्ने क्रममा निम्नलिखित तत्त्वलाई स्वीकार गर्दै यी विभिन्न तत्त्वहरू आधार मानेर सृजना गरिएको निबन्ध नै परिष्कृत निबन्ध हुन्छ भन्ने मान्यता राखेका छन (राकेश, ? : ४, ५ र ६) :

क)	लघु आकार

ख)	गद्यको माध्यम

ग)	कलात्मक संप्रेषणीयता

घ)	निजी दृष्टिकोणको प्रधानता

ङ)	प्रयोजन

च)	रूपविधान

त्यसैगरी नेपाली साहित्यको विधामा कलम चलाएका राजेन्द्र सुवेदीले विभिन्न विधाका तत्त्वहरूको चर्चा गर्ने क्रममा विषयवस्तु ठमिन सक्ने शैली, निजी दृष्टिकोण, भाव र विचार प्रतिपादन कला प्रबल भएको स्वतन्त्र लेखन निबन्ध हो भन्दै यसका विशेष तत्त्वका रूपमा यी तत्त्वलाई लिएका छन् (सुवेदी, २०५८ : १९) :

क)	विषय

ख)	शैली

ग)	उद्देश्य

घ)	अन्विती

ङ)	दृष्टिबिन्दु

च)	प्रयोजन

यस्तै केशवप्रसाद उपाध्यायले पनि निबन्धका तीन तत्त्व देखिन्छन् भन्दै वस्तु, शैली र उद्देश्यलाई निबन्धका प्रमुख तत्त्वका रूपमा लिएका छन् (उपाध्याय, २०३४ : १८६) । यस्तै गोपीकृष्ण शर्माले पनि नेपाली निबन्धको परिचय दिने क्रममा वस्तु, शैली र उद्देश्यलाई नै निबन्धको मूल तत्त्वका रूपमा स्वीकार गर्दै यी तत्त्वको चर्चा समेत गरेका छन् (शर्मा, २०५० : १९) ।

यसैगरी मोहनराज शर्माले पनि निबन्धका उपकरण अथवा तत्त्वका विषयमा चर्चा गरेका छन् । निबन्धको आफ्नै संरचना हुन्छ र यस संरचनाको निर्माण त्यसका अवयवहरूले गरेका हुन्छन् भन्ने कुराको ठहर गर्दै उनले निबन्धका प्रमुख तथा अनिवार्य तत्त्व भनेर (क) विषय (ख) शैली र (ग) प्रयोजनको चर्चा गरेका छन् (शर्मा, २०५० : ५१६) ।

यसरी अधिकांश विद्वान्हरूले स्वीकार गरेअनुसार निबन्धका प्रमुख तत्त्वका रूपमा विषयवस्तु शैली र उद्देश्य नै देखा पर्छन् । त्यसैले यसलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### २.२.६.१ वस्तु

वस्तु निबन्धको मुख्य तत्त्व हो । वस्तु भन्नाले विषयलाई जनाउँछ । त्यसैले विषय निबन्धको प्रमुख तत्त्व हो । वस्तु अथवा विषयविना निबन्धको कल्पना समेत गर्न सकिँदैन । मानव मस्तिष्कसँग र हृदयपक्षसँग समबन्धित बुद्धितत्त्व र भावतत्त्व नै निबन्धमा वस्तु अथवा विषय बनेर आएका हुन्छन् । बुद्धि मानव मस्तिष्कको खटिएको प्रतिभा हो । अभ्यास र अध्ययनले नै बौद्धिकताको विकास हुन्छ । फलस्वरूप निबन्धले स्तरीयता हाँसिल गर्न सफल हुन्छ । बुद्धितत्त्वमा विचार, चिन्तन, तार्किकता, वैज्ञानिक बोध, यथार्थ प्रेम, गम्भीरता र औचित्य रक्षाको सावधानी प्रकटित हुन्छ भने भावतत्त्वमा संवेदनाको आवेग भावुकताको आग्रह, रागात्मकता र ध्वन्यात्मकताको समावेश भएको हुन्छ (उपाध्याय, २०३४ : १८६) । कल्पना र दृष्टान्तको आवरणले भावतत्त्वलाई सजाइएको हुन्छ (शर्मा, २०५० : १९) । निजात्मक निबन्धमा भावतत्त्वले प्रसस्त खेल्ने मौका पाउँछ (शर्मा, २०५० : २०) ।

वास्तवमा निबन्धका मूलभूत सामग्री भनेका बुद्धि र हृदय हुन्, जुन निबन्धमा वसतु बनेर आएका हुन्छन् । यी दुवैको समन्वयबाट नै राम्रो निबन्धको सृजना हुन्छ । विशेषतः वस्तु अथवा विषय भनेको निबन्धकारको अनुभूतिलाई व्यक्त्याउने माध्यम हो । मूर्त-अमूर्त, स्पष्ट-अस्पष्ट, भूत, वर्तमान र भविष्यत् जुनसुकै विषयवस्तुलाई पनि निबन्धकारले आफ्नो रुचिको क्षेत्र बनाउन सक्छन् (खतिवडा, २०४९ : १९) । त्यही आधारमा उसको व्यक्तित्व प्रदर्शित हुन्छ । त्यसैले विषय वा वस्तु निबन्धको अनिवार्य आधार हो ।

### २.२.६.२ शैली

आफ्नो विचार वा कुनै विषयवस्तुलाई अरू छेऊ सम्प्रेषण गर्न तयार गरिएको शब्द वाक्य र अनुच्छेदहरूको बुनोटलाई शैली भनिन्छ (शर्मा, २०५० : १९) । भाव र भाषाको समन्वयबाट नै शैलीको निर्माण हुन्छ जसमा परिष्कृत भाव र परिमार्जित भाषाको

आवश्यकता पर्दछ । त्यसैले भाव र भाषालाई एकै ठाउँ समन्वित गर्ने ढङ्ग अथवा तरिका नै शैली हो । क्रम, सङ्गति, सङ्गठन, अन्विति शैलीका आन्तरिक गुण हुन् (शर्मा, २०५० : १९) । यस्तै अलङ्कार, अर्थ चमत्कार, ध्वनि चमत्कार र वाक्य सौन्दर्य शैलीका सहायक अङ्ग हुन् (उपाध्याय, २०३४ : १८६) । एकै शीर्षकमा लेखिएका फरक निबन्धकारका निबन्धमा भिन्नता पाइनुको कारण पनि यही हो । आफ्ना विचार पोख्दा आकर्षक तथा शृङ्खलित रूपमा पोखेमा पाठकलाई आकर्षण गर्दछ । निष्कृह तथा अपरिष्कृत शब्दजाल विछ्याएर मात्र निबन्ध तयार हुँदैन । यस प्रकारका निबन्धमा शैलीगत त्रुटीहरू प्रसस्तै देख्न सकिन्छ । पदमैत्री, अलङ्कार, लक्षणा र व्यञ्जनाको समुचित प्रयोग, स्थानीय भाषिकको प्रयोगको मोहत्याग, पदलालीत्य, सम्यक भावप्रस्तुति, बोधगमय, पदलालीत्य, सम्यक भावप्रस्तुति, बोधगम्य सरल, छोटा वाक्य आदिले शैलीगत सवलतालाई सक्षम बनाउँछ । कसैको शैलीमा हाँस्यव्यङ्ग्यको पुट पाइन्छ भने त्यस्ता निबन्धमा अन्य दोष देखिए तापनि ती आकर्षक, रोचक र प्रभावकारी हुन पुग्छन् । सरलता,स्पष्टता, प्राञ्चलता र प्रभावकारिता हुनु नै शैलीका गुण हुन् । निबन्धमा विभिन्न प्रकारका शैलीको प्रयोग गरिन्छ त्यसैले शैलीको विश्लेषण गर्दा भाषिक विचलन, समान्तरता, विविधता, शब्द भण्डार, साहृश्यविधान आदिका आधारमा गर्न सकिन्छ । शैलीलाई भाव र भाषाका आधारमा दुई प्रकारमा विभाजन गर्न सकिन्छ :

## २.२.६.२.१ भावका आधारमा शैली

भावका दृष्टिमा शैली मूलतः संयन शैली, व्यङ्ग्य शैली र भावुक शैली गरी तीन प्रकारका हुन्छन् (शर्मा, २०५० : २०) । लेखक नियन्त्रणमा रहेर मनमा विषयप्रति उठेका आफ्ना भावना तथा जोशका कुराहरू प्रस्तुत गर्ने शैली संयत शैली हो । यस्तो व्यङ्ग्य शैलीजस्तो ठट्यौली हुँदैन न त भावुक शैलीजस्तो हार्दिकताले आक्रान्त हुन्छ । यसमा निबन्धकारद्वारा भाव लुकाई पाठकलाई अन्यौलमा पारिएको हुँदैन । प्रायः बौद्धिक पक्षले विशेष भूमिका खेल्ने यस शैलीमा आफ्ना विचार वा अनुभूतिलाई तीब्र उत्कर्षमा पुऱ्याउन निबन्धकारले क्रमिक रूपमा आफ्ना भावनाहरूलाई प्रस्तुत गर्दछ ।

व्यङ्ग्य शैली भनेको सामान्य र समसामयिक विषयलाई टिपेर तिनमा हुँदै गरेका विकृति र विसङ्गति पक्षलाई चमत्कारपूर्ण भाषा ठट्यौली र हास्यास्पद शैलको प्रयोग गरी हास्यको चटनीसँग छेड हाल्नु नै यस शैलीको विशेषता हो यसमा एउटा कुरा भनेझैं गरी

ओ कुरा भनिएको हुन्छ । भाव र भाषामाथि निबन्धकारको एकलौटी अधिकार हुने यो शैली प्रायः कठिन पनि हुन्छ ।

मस्तिष्क भन्दा हृदय प्रबल हुँदा तीब्र मनोवेग एवम् हार्दिकताका साथ हुने अभिव्यक्तिकोप्रस्तुति भावुक शैलीको गुण हो । विगतका अनुभवलाई कल्पनाले सिँगारेर अतिरञ्जित रूपमा सत्यको पूर्ण वा आंशिक प्रवाह नराखी आफ्ना भावना र विचारलाई अव्यवस्थित रूपले छताछुल्ल पोख्ने काम हुन्छ । भावुक शैलीको भाषा भावप्रवण, संवेदनशील र मधुर हुन्छ । यसका पनि धारा शैली र प्रलाप शैली गरी दुई उपभेद देखा पर्छन् ।

## २.२.६.२.२ भाषाका दृष्टिमा शैली

भाषाका दृष्टिमा शैलीलाई प्रसाद र समास शैली गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । प्रसाद शैलीलाई सरल शैली भनिन्छ । केही विद्वान्हरू भने यस शैलीलाई व्यास शैली पनि भन्दछन् । कुनै पनि कुरा सरल भाषामा सहजरूपमा अभिव्यक्त गर्नु नै प्रसाद गुण हो । साधारण र बहुप्रचलित शब्द छोटा वाक्य र सुबोध अभिव्यक्ति नै प्रसाद शैलीका विशेषता हुन् (शर्मा, २०५० : २०) । प्रसाद शैलीको प्रयोग गरेर लेखिएका कुनै पनि रचना सबैले सजिलैसँग बुझ्न सक्छन् । त्यसैले प्रायः निबन्धकार प्रायः यसै शैलीको प्रयोग गरी निबन्धको रचना गर्दछन् ।

समास शैलीलाई समस्त शैली अथवा जटिल शैली भनिन्छ । सामान्य शब्द र सरल वाक्यको साटो समस्त शब्द तथा विशिष्ट भाषाको प्रयोग गरेर लेखिने समास शैलीमा भावको न्यूनता र भाषाको विस्तार हुन्छ । यसमा अधिक तत्सम शब्द तथा आडम्बरपूर्ण भाषाको शब्दजाल विछ्याएर पाठकलाई अल्झाउने काम हुन्छ । यसमा संयुक्त र मिश्रवाक्यको प्रयोग महत्त्वपूर्ण मानिन्छ । कठिन शब्द लामा वाक्य र दुरुह शैली नै समास शैलीका विशेषता हुन् (शर्मा, २०५० : २०) ।

शैलीका विषयमा भारतीय विद्वान् राकेशले आफ्नो निबन्ध सम्बन्धी कृतिमा शैलीलाई भाषा र विचारका आधारमा वर्गीकरण गरी प्रस्तुत गरेका छन् (राकेश, ? : ९) ।

क) विचारका आधारमा

- व्यास शैली
- समास शैली

- विक्षेप शैली
- तरङ्ग शैली
- धारा शैली

ख) भाषाका आधारमा

- शुद्ध संस्कृत प्रधान शैली
- प्रतीक प्रधान शैली
- उक्ति प्रधान शैली
- मुहाबरेदार शैली (टुक्का)
- गुम्फित शैली
- अलङ्कृत शैली
- सरल भाषायुक्त शैली
- मिश्रित शैली

वास्तवमा यो वर्गीकरण हिन्दी भाषाका निबन्धलाई आधार मानी गरिएको देखिन्छ । यस वर्गीकरणले सार्वजनिकता प्राप्त गरी विश्व साहित्यमा देखा परेका सबैखाले निबन्धको शैली समात्न सकेको देखिँदैन । वर्तमान समयमा निबन्धले सङ्ख्यात्मक र गुणात्मक विकास गरिरहेको सन्दर्भमा शुद्ध संस्कृत शैलीका निबन्ध लेखिएको पाइँदैन । बौद्धिक चिन्तन भित्र बटारिएका निबन्धहरूमा संस्कृत तत्सम शब्दहरूको प्रयोग भने नपाइने होइन् । वास्तवमा नेपाली साहित्यमा लेखिएका निबन्धहरूलाई र तिनमा प्रयुक्त विचार र भाषा लाई आधार मानी शैलीका विषयमा चर्चा गर्ने हो भने निम्नानुसार शैली अपनाएको पाइन्छ:

- चिन्तनप्रधान शैली
- हास्यव्यङ्ग्यात्मक शैली
- विश्लेषणात्मक/तार्किक शैली
- आलङ्कारिक शैली
- यात्रात्मक शैली

## २.२.६.३ उद्देश्य

पाठक समुदायलाई अपेक्षित सन्देश पुऱ्याउन गरिने आग्रह नै उद्देश्य हो । साहित्यका हरेक रचना सिर्जना पछाडि कुनै न कुनै उद्देश्य रहेको हुन्छ । कुनै पनि

उद्देश्यबाट प्रेरित भएर नै साहित्यको सिर्जना गरिएको हुन्छ । मोहनराज शर्माले उल्लेख गनरे अनुसार निबन्धको मूल उद्देश्य स्वन्तः सुख हो भन्ने यश र अर्थ प्राप्ति यसका गौण उद्देश्य हुन् । त्यसै गरी साहित्यको एक विधा निबन्ध लेखनमा पनि निबन्धकारले कुनै न कुनै उद्देश्य लिएकै हुन्छन् । निबन्धकारको मूल उद्देश्य लेखकको मनमा कुनै विषयमाथिउठेका भावको प्रस्तुति गर्नु तथा निर्धारित विषयमा जानकारी दिनु हो । अर्को शब्दमा आत्मप्रकाशन र सूचनात्मकता नै निबन्धलेखनका मूल उद्देश्य हुन् । निबन्धकारले निबन्धका माध्यमबाट नै आफ्ना मान्यता, विचार धारणा एवम् जीवनदर्शन पाठकसामु प्रस्तुत गर्दछ । निबन्ध लेखनका उद्देश्य वा प्रयोजनलाई बुँदागत रूपमा यसरी पनि प्रस्तुत गर्न सकिन्छः

- 'स्व' को प्रकाशन गर्ने ।
- यश आर्जन गर्ने ।
- जानकारी उपलब्ध गराउने ।
- घटनाको सिलसिलेवार वर्णन गर्ने ।
- छरिएका चिन्तनलाई शृङ्खलित गर्ने ।
- भाषा र लेखन शैलीलाई परिष्कृत गर्ने
- अर्थलाभ गर्ने ।

यसरी विभिन्न स्वदेशी तथा विदेशी विद्वान्हरूका बीच निबन्धका तत्त्वका सम्बन्धमा आ-आफ्नै दृष्टिकोण रहेका छन् । त्यसैले सबैका निबन्धका तत्त्वसम्बन्धी धारणा एक नहुनु स्वभाविक नै हो । वस्तु, शैली र उद्देश्यलाई नै निबन्धका प्रमुख तत्त्वका रूपमा ग्रहण गरी अन्य तत्त्वलाई समेत समावेश गर्नु समुचित ठहर्छ । माथि उल्लेखित निबन्धका मूल तत्त्वका अतिरिक्त निम्नलिखित कुराहरू पनि सहवर्त्ती तत्त्वका रूपमा रहेका हुन्छन् ।

- गद्यभाषा
- आत्मतत्त्व वा निजी दृष्टिकोण
- विचारको शृङ्खलित प्रस्तुति
- निश्चित आयाम
- तार्किकता र विश्वासिलोपन
- रूपविधान
- सङ्गठन

यी तत्त्वहरू लेखनका अनिवार्य तत्त्व हुन् । यी तत्त्वहरूको अभावमा निबन्ध जस्तो लेख त बन्ता तर निबन्ध नै हो भनेर पहिचान र किटान गर्न भने गाह्रो पर्छ । यदि कुनै पनि निबन्धकारले यी तत्त्वहरूलाई राम्ररी प्रयोग गरी निबन्धको रचना गर्दछ भने त्यो निबन्धको परिभाषाले भने अनुसारको निबन्ध रचना हुन सक्छ । कुनै पनि लेखलाई यो निबन्ध नै हो भनेर किटान गर्ने कसीका रूपमा यी उपकरणलाई औँल्याउन नितान्त जरुरी हुन जान्छ । नेपाली साहित्यमा पनि हालसम्म लेखिएका निबन्धहरू यी तत्त्वहरूलाई प्रत्यक्ष वा परोक्ष रूपले आत्मसात्‌गरेर लेखिएका छन् ।

## २.३ नेपाली निबन्धको ऐतिहासिक विकासक्रम र काल विभाजन

निबन्ध गद्यमा लेखिने साहित्यिक विधा हो । यो गद्यको सबैभन्दा परिष्कृत परिमार्जित र विकसित रूप समेत हो । प्राचीन नेपाली भाषाको प्रारम्भ काल विक्रमको एकारौँ शताब्दीलाई मानिएको छ । त्यसैले निबन्धको विकासक्रमका आधारशिला निर्माणको मूल आधार पनि प्रारम्भिक अभिलेख र ग्रन्थहरूलाई लिन सकिन्छ । यसक्रममा प्रारम्भिक अभिलेख, औषधिमूलो, ज्योतिष, आचारविचार, नीतिशास्त्र र अन्य व्यवहारिक विषयका ग्रन्थ हुँदै अगाडि बढेको नेपाली गद्य परम्परामा नेपाली निबन्धलाई समेत वर्तमान अवस्थासम्म ल्याईयुऱ्याउने महत्त्वपूर्ण भूमिका रहेको छ । यस्ता प्रारम्भिक ग्रन्थहरूमा निबन्धात्मक अभिलक्षण भने पाइँदेनन् तथापि निबन्धको पूर्वाधारका रूपमा भने यी ग्रन्थहरूको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ ।

नेपाली निबन्धको विकाक्रमका सम्बन्धमा आजसम्मको खोजबाट प्राप्त तथ्यअनुसार वि.सं. १८३१ मा लेखिएको पृथ्वीनारायण शाहको दिव्योपदेशलाई विधागत वर्गीकरणका लागिआधार नबने पनि साहित्यिक बीजभूमि भएको प्रारम्भिक कृतिका रूपमा लिन सकिन्छ । यस गद्य कृतिले नेपाली साहित्यको इतिहासमा समेत नवीन आयाम थप्ने काम गरेको छ । नेपालको एकीकरणका सन्दर्भमा राजा पृथ्वी नारायण शाहले आफ्नो भाइभारदार तथा देशवासी जनताका लागि दिएको उपदेशका नाममा 'दिव्योपदेश' पहिलो निबन्धात्मक कृतिका रूपमा उल्लेखनीय रहेको देखिन्छ । यसरी वि.सं. १८३१ बाट प्रारम्भ भएको नेपाली निबन्धको विकासलाई विभिन्न विद्वान्‌हरूले आ-आफ्नै दृष्टिकोणले विभिन्न चरणमा विभाजन

गर्ने काम गरेका छन् । त्यसैले निबन्धको काल विभाजनका क्रममा समेत मतैक्य रहेका पाइँदैन । साहित्यिक मूल्य र कलात्मक अभिव्यञ्जनाको संयोजन पाइने 'दिव्योपदेश' लाई नै आधार माने डा. दयाराम श्रेष्ठ र मोहनराज शर्माले नेपाली निबनधको विकासक्रमलाई तीन कालमा यसरी विभाजन गरेको पाइन्छ (श्रेष्ठ र शर्मा, २०४९ : १२८) ।

पृष्ठभूमि काल/प्रारम्भिक काल (वि.सं. १८३१-१९५७)

निर्माण काल/माध्यामिक काल (वि.सं. १९५८-१९९१)

विकास काल/आधुनिक काल (वि.सं. १९९२-हालसम्म)

## २.३.१ पृष्ठभूमिकाल/प्रारम्भिक काल (वि.सं. १८३१-१९५७)

वि.सं. १८३१ मा लेखिएको पृथ्वीनारायण शाहको दिव्योपदेश देखि गोरखापत्र प्रकाशनपूर्वको समयलाई नेपाली निबन्धको पृष्ठभूमि वा प्रारम्भिक काल भनेर चिनिन्छ । विचारको प्रस्तुति र आन्तरिक सङ्गठनका दृष्टिले ऐतिहासिक महत्त्व राख्ने दिव्योपदेशमा निजात्मक वेचारिक ज्ञान र अनुभवको सङ्गम रहेको पाइन्छ । यसैका आधारमा यसलई केही मात्रामा भए पनि निबन्धको बीच भएको रचनाको रूपमा लिइएको छ । यपिछिका अन्य उल्लेख योग्य रचनाहरूमा रामभद्र पाध्या रेग्मीको **लक्ष्मीधर्म संवाद** (१८५१), वाणीविलास पाँडेको **वाग्मतीपुल स्तम्भ अभिलेख** (१८६८), दैवज्ञज्योति नरसिंहको **तुलसीस्तव** (१८६६) लाई नेपाली गद्यको सुन्दर नमुना मान्न सकिन्छ । त्यस्तै दैवज्ञकेशरी अर्ज्यालको **गोरक्षयोग शास्त्र** (१८७७), यदुनाथ उपाध्यायको **रतिकोषसागर** (१८८५), लालितत्रिपुरा सुन्दरीको **राजधर्म** (१८८८), सुन्दरानन्द बाँडाको **त्रिरत्नसौन्दर्यगाथा** (१८९० तिर) आदिमा आख्यानेतर गद्यमा भएको विविध शैलीको पाइन्छ ।

त्यसैगरी यसकालमा आध्यात्मिक विषयवस्तुको प्रयोग गरी लेखिएका अन्य ग्रन्थहरूमा योगी अमबरगिरीका **ब्रह्मयज्ञ उपनिषद्** (१८९१) र **योगवाशिष्टसार** (१९१२), भवानीदत्त पाँडेको **आत्मबोध** (१८९३ पूर्व), रघुवीरसिंहको **शान्तिशतक** (१९०९) आदिलाई लिन सकिन्छ । साहित्यिक मूल्यका दृष्टिले भने दिव्योपदेश पछिका महत्त्वपूर्ण कृतिहरूमा **बेनामी जङ्गबहादुरको बेलायत यात्रा** (१९१०) मोतिराम भट्टको **कवि भानुभक्त आचार्यको जीवन चरित्र** आदिलाई लिन सकिन्छ । नियात्रात्मक निबन्धको पहिलो रचना र ज्ञानमा आधारित वैचारिक ज्ञान दिने गद्यात्मक रचनाका रूपमा जङ्गबहादुरको बेलायत यात्रा र

भानुभक्त आचार्यको जीवन चरित्रलाई लिन सकिन्छ । यसरी नेपाली निबन्धका प्रारम्भिककालमा धार्मिक, नैतिक, औपदेशिक, यात्रापरक, जीवनीमूलक विषयवस्तु बढी पाइनु र निजात्मक अभिव्यक्तिःको मात्रा कम देखिन्छ तापनि नेपाली निबन्धले यस अवधिमा आफ्नो अस्तित्व कायम राख्न प्रयासरत नै देखिएको छ यस समयमा केही मात्रामा भए पनि कतिपय कृतिहरूमा निबन्धका तत्त्वहरू पाइनाले यसलाई नेपाली निबन्धको पृष्ठभूमिकालका रूपमा मात्र राख्न सकिन्छ ।

## २.३.२ निर्माणकाल/माध्यामिककाल (वि.सं. १९५८-१९९१)

वि.सं. १९५८ मा काठमाडौंबाट प्रकाशित गोरखापत्रको प्रकाशन पछि 'शारदा' पत्रिकाको प्रकाशनपूर्वको समयलाई नेपाली निबन्धको माध्यमिककालका रूपमा लिन सकिन्छ । गोरखापत्रको प्रकाशन पूर्वका 'गोर्खा भारत जीवन' (१९४३) र **सुधासागर** (१९५५) का प्रतिहरू अप्राप्त भएकोले नै गोरखापत्रको प्रकाशनपछि वैचारिक स्वतन्त्रताका कारण नेपाली गद्य पत्रपत्रिकासँग सम्बद्ध भएर देखापर्न थाल्यो । यसपछि नै नेपाली निबन्धको इतिहासमा निर्माणकालको निरूपण भएको हो । गोरखापत्रमा व्यवहारिक जीवनमा उपयोगी हुने नैतिकताले पूर्ण विभिन्न विषयका निबन्धहरू प्रकाशित भएकाले नेपाली निबन्धको परम्पराको थालनी गर्नमा यसकालको महत्त्वपूर्ण स्थान रहेको छ । यस्ता साहित्यिक मूल्य भएका बेनामी लेखहरूमा **अघि मूर्ख पछि बुद्धिमान** (१९५९), **नैराश्य परमं सुखम** (१९५९), **वसन्तवर्जनम्** (१९६१), **शिक्षोपदेश** (१९९६), **मातृभाषाको उन्नति** (१९६६), **मनको नाप** ( १९७०), **हावा** (१९७३) आदि रहेका छन् भने नामाङ्कित गद्य कृतिहरूमा भने वेङ्कटेश्वरको सपना (१९७०), शम्भुप्रसाद ढुङ्गेलको समय (१९७६), प्रभात (१९७६), हरदम याद राख्नुपर्ने कुरा (१९७६) र कविताको फल (१९७७) तथा बैजनाथ सेढाइँको तातो पानी र अमिलो पानी (१९८२) आदि पत्रिकामा प्रकाशित भएको पाइन्छ । यसैले गर्दा नै नेपाली निबन्धको प्रारम्भिक रूपरेखा निर्माण भएको हो ।

यसपछि नेपाली निबन्धको विकासमा क्रममा प्रवासबाट प्रकाशित **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **चन्द्र** (१९७१), **जन्मभूमि** (१९७९) आदि पत्रपत्रिकाहरूको समेत योगदान रहेको छ । **सुन्दरी**मा प्रकाशित *बेसरी* (१९६३-१९६५) लाई उत्कृष्ट निबन्ध मान्न सकिन्छ ( श्रेष्ठ र शर्मा, २०४९ : १२४) । त्यस्तै निबन्ध रचनाको आधारभूति वि.सं. १९६५ मा

प्रकाशित **माधवी** पत्रिकाले तयार गरिदिएको छ भने वि.सं. १९७५ मा प्रकाशित भएको **चन्द्रिका** पत्रिकामा शम्भुप्रसाद ढुङ्गेलका *महेन्द्र मल्ली, प्रेम* आदि निबन्ध समेत प्रकाशित भए । **चन्द्रिका**मा प्रकाशित ढुङ्गेलका रचना नभएको कुरा उल्लेख गर्दै यस कुराको प्रतिवाद गरेका छन् । जेहोस् उनका निबन्धमा उकृष्ट गद्य शैलीको प्रयोग पाइन्छ भन्ने उल्लेख गरिएकाले यस निबन्धले नौलो आयाम थपेको मान्न सकिन्छ ।

चन्द्रिकापछि वनारसबाट जन्मभूमि (१९७९), देहरादूनबाट गोर्खासंसार (१९८३) एवम् दार्जिलिङ्गबाट नेपाली साहित्य सम्मेलन (१९८३) एवम् दार्जिलिङ्गबाट नेपाली साहित्य सम्मेलन (१९८९) जस्ता पत्रिकाहरू प्रकाशित भए । यीनीहरू मध्ये जन्मभूमिमा प्रकाशित सूर्यविक्रम ज्ञावली, कृष्णप्रसाद कोइराला, धरणीधर कोइराला, रामचन्द्र अधिकारी आदिका विचारात्मक र भावात्मक निबन्धहरू, गोर्खा संसारमा प्रकाशित विद्यावती नाहान, नेपाली साहित्य सम्मेलनमा प्रकाशित सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, धरणीधर कोइराला आदिका साहित्य सेवा, चरित्रसुधार र नैतिकता सम्बन्धी बौद्धिक ओजयुक्त निबन्धहरू महत्त्वपूर्ण छन् । यसकालमा आएर नै नेपाली निबन्धले विधागत स्वरूपलाई स्पष्ट पार्ने अवसर समेत पाएको हो ।

माध्यमिक कालको निबन्धमा भाषा, संस्कृति र जातिगत अस्तित्वलाई आधार बनाएर निबन्धको रचना गरिएको पाइन्छ । विभिन्न पत्रपत्रिकाका माध्यमबाट यस कालमा निबन्धले फड्को मारे तापनि निबन्धको सङ्गठन व्यवस्थित देखिँदैन । यससमयका निबन्धका संरचनामा शिथिलता, भाषिक स्थिरताको अभाव र प्रायः वर्णन र विवरणको प्रधानता रहेको देखिन्छ त्यस्तै दार्षनिक उच्चता, अनुभूतिको घनत्व, व्यक्तिको वैयक्तिक अभिव्यञ्जना, शैलीगत परिमार्जन आदि निबन्धका प्रमुख पक्षहरूको प्रायः अभाव नै रहेको पाइन्छ । यति हुँदाहुँदै पनि यस कालमा निबन्धमा आधुनिक प्रवृत्तिको पूवाभ्यास भने पाइन्छ ।

### २.३.३ विकासकाल/आधुनिककाल (वि.स.. १९९२-हाल)

नेपाली साहित्यको आदिकाल र मध्यकालमा निबन्ध साहित्यको सर्वथा अभाव जत्तिकै थियो । **शारदा** पत्रिका मासिक रूपमा चलेपछि नै निबन्ध साहित्यको श्रीगणेश भयो (जोशी, २०३९ : २९२) । यस कालमा आएर नै नेपाली साहित्यले आफ्नो विधागत

स्वरूपलाई स्पष्ट पार्ने अवसर पाएको हो । साहित्यका अन्य विधा जस्तै नेपाली निबन्ध विधामा पनि आधुनिकताको थालनी वि.सं. १९९० को दशकमा **शारदा** पत्रिकाबाट नै भएको हो । शारदा पत्रिकामा प्रकाशित ल.प्र. देवकोटाको पहिलो निबन्ध आषाढको पन्ध्र (१९९२) नै पहिलो आधुनिक निबन्ध हो (श्रेष्ठ र शर्मा, २०४९ : १२६) । यस निबन्धको प्रकाशन पश्चात् प्रारम्भ भएको आधुनिक नेपाली निबन्धको विकासक्रमलाई प्रथम, द्वितीय र तृतीय गरी तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ:

**क) प्रथम चरण**

वि.सं. १९९२ सालमा **शारदा** पत्रिकामा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको *आषढको पन्ध्र* निबन्धबाट नेपाली निबन्धका क्षेत्रमा आधुनिकताको थालनी भएको हो । त्यसैले वि.सं. १९९२ देखि २००३ साल अथवा **युगवाणी** पत्रिकाको प्रकाशन ( २००४) पूर्वको अवधिलाई आधुनिक निबन्धको प्रथम चरणका रूपमा लिन सकिन्छ । यस अवधिलाई आधुनि निबन्धको प्रथमचरणका रूपमा लिन सकिन्छ । यस अवधिका केन्द्रिय प्रतिभा ल.प्र. देवकोटा हुन् । देवकोटाले पाश्चात्य ढङ्गले पूर्ण निजात्मकता अँगाली शैली र विषयवस्तुमा नौलोपना भएको निबन्ध लेखी नीति, शिक्षा र सुधारको भावनालाई सुक्तिमय ढङ्गले लिपिबद्ध गर्ने मध्ययुगीन प्रवृतिको अन्त्य गरेकोले नेपाली निबन्धका क्षेत्रमा उनी प्रथम आधुनिक आधुनिक निबन्धकार बन्न पुगेका छन् । तथापि देवकोटा प्रथम आधुनिक निबन्धकार हुन भन्ने विषयमा पनि विवाद नपाईने भने होइन । कतिपय समालोचकहरूले **शारदा** (१९९१) मा प्रकाशित बालकृष्ण समको *वर्दहामा शिकार*लाई आधार मानेर उनलाई प्रथम आधुनिक नेपाली निबन्धकार मानेका छन् तर त्यो रचना निबन्ध नभएर कथा हो (श्रेष्ठ र शर्मा, २०४९ : १२६) । तसर्थ **शारदा**मा प्रकाशित देवकोटाको *आषाढको पन्ध्र* नै पहिलो आधुनिक निबन्ध हो । उनी नै प्रथम आधुनिक आत्मपरक निबन्धकार हुन् । यसै अवधिमा देवकोटाको **पहाडी जीवन** (१९९२) आदि निबन्धहरू प्रकाशित भएका छन् भने अर्का सशक्त निबन्धकार बालकृष्ण समका 'आत्मविश्वास', 'त्यो', 'पानी' आदि निबन्धहरू समेत प्रकाशित हुँदै गए । समलाई दार्शनिक, तार्किक, विचारमूलक एवम् वस्तुपरक निबन्धकारका रूपमा लिन सकिन्छ । त्यसैगरी निबन्धका क्षेत्रका कलम

चलाउने अन्य निबन्धकारहरूमा प्रेमराज शर्मा, रामकृष्ण शर्मा, नरेन्द्रमणि आ.दी., भीमनिधि तिवारी, यदुनाथ खनाल हृदयचन्द्रसिंह प्रधान आदि उल्लेख्य छन् । यस्तै नेपाल बाहिर रहेर पनि नेपाली निबन्ध लेखेर सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, रूपनारायण सिंह, धरणीधर कोइराला आदिले नेपाली निबन्धको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

नेपाली निबन्धको विकासमा **शारदा** पत्रिका र त्यसपछिका **उद्योग, उदय, नेबुला, परिवर्तन, खोजी** पत्रिकाहरूले समेत महत्त्वपूर्ण दिएको पाइन्छ (श्रेष्ठ र शर्मा, २०४९ : १२६) । नेपाली निबन्धको विकासक्रमलाई हेर्दा उपर्युक्त निबन्धकारहरूमध्ये देवकोटा यस चरणका र नेपाली निबन्धकै केन्द्रीय प्रतिभाका रूपमा देखिन आउँछन् । यसै अवधिमा देवकोटाको **लक्ष्मी निबन्धसङ्ग्रह** (२००२), अङ्ग्रेजी निबन्धको अनुदित कृति प्रसिद्ध प्रबन्ध सङ्ग्रह र २०३६ सालमा पछि प्रकाशित **दाडिमको रुखनेर** निबन्ध सङ्ग्रह समेत उनका महत्त्वपूर्ण प्राप्ति हुन् । त्यसैगरी अन्य कृतिहरूमा नेपाली गद्यसङ्ग्रह (भाग-२), हृदयचन्द्रसिंह प्रधानको भूस्वर्ग (२००३), भेषराज शर्माको के-कस्तो ? (२००३) आदि निबन्ध सङ्ग्रह प्रकाशित भएको पाइन्छ । यस अवधिलाई नेपाली निबन्धको स्वर्गणुग मान्न सकिन्छ । यस चरणमा निबन्धका मूलभूत रूपमा तीनवटा प्रवृत्तिहरू देखा परेका छन् (सुवेदी, २०५८ : ६९) । ती प्रवृत्तिहरूमध्ये पहिलो प्रवृत्ति देवकोटाबाट प्रयोग भएको स्वच्छन्दतावाद, दोश्रो प्रवृत्ति समबाट भएको शास्त्रीयतावाद र तेश्रो प्रवृति हो प्रगतिवादी स्वच्छन्दतावाद । यस प्रवृत्ति अन्तर्गत रहेर कलम चलाउनेहरूमा खड्गमान मल्ल, यदुनाथ खनाल, हृदयचन्द्रसिंह प्रधान, भेषराज शर्मा आदि रहेका छन् । यस चरणमा पाश्चात्य साहित्यको सैद्धान्तिक एवम् व्यवहारिक प्रभाव, बौद्धिकताको आग्रह हार्दिकताको पोखाई, षियवस्तुमा विविधता, शिल्पगत नवीनता आदि यस अवधिका निबन्धगत प्रवृत्ति हुन् ।

### ख) द्वितीय चरण

बनारसबाट युगवाणी साप्ताहिक पत्रिकाको प्रकाशन (२००४) सँगै आधुनिक नेपाली निबन्धको दोस्रो चरणको सुरुवात हुन्छ र यस चरणको व्याप्ति रूपरेखा (

२०१७) पत्रिकाको प्रकाशनपूर्व (२०१६) **सम्म** रहन्छ (शर्मा, २०५० : ३७) । यसअवधिका केन्द्रिय प्रतिभा हृदयचन्द्रसिंह प्रधान हुन् । उनले देवकोटाबाट थालिएको एकछत्र कल्पनावादी साम्राज्यको विरुद्ध २००४ सालतिर अर्कै सशक्त यथार्थवादी शिविर खडा गर्दै नेपाली निबन्ध परम्परामा सामाजिक यथार्थवाद र प्रगतिवादलाई भित्राउने काम गरे । त्यसैले उनलाई पहिले प्रगतिशिल निबन्धकारका रूपमा लिन सकिन्छ । यसै अवधिमा उनको तीस रूपैयाको नोट (२००४), जुँगा (२००९), कुरा साँचो हो (२०११) गरी तीनवटा निबन्धसङ्ग्रह प्रकाशित भए ।

यिनी निबन्धमा उनले समाजका ठूलाबडाका षड्यन्त्रहरूबाट सर्वसाधारण मानिसहरू कसरी जेलिएका हुन्छन् भन्ने कुरा स्पष्ट पार्दै अन्याय, अत्याचार र शोषणको विरोध गरी क्रान्तिकारी भावनाको बीजारोपण लेखनीमा पनि क्रान्तिकारिता एवम् व्यङ्ग्य विद्रोह प्रस्तुत भएको छ । यसै अवधिमा **युगवाणी** पत्रिकामा देवकोटाको यात्रा निबन्ध समाजवादको धुनमा (२००४), अच्छा राई रसिकको नारी समस्याको हल (२००४), रुद्रराज पाण्डेको गुन्द्रुकको पुकार (२००९) आदि प्रकाशित भए ।

यसैगरी हृदयचन्द्र सिंह प्रधानको सम्पादकत्वमा वि.सं. २००४ सालमा प्रकाशित साहित्यस्रोतमा उनकै निजात्मक निबन्ध *सिरक* र रामकृष्ण शर्माको *आफ्नै लेखनीको परामर्श* उल्लेखनीय छन् । त्यस्तै विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित बद्रीनाथ भट्टराई, ताना शर्मा, भिमनिधि तिवारी ईश्वरबल्लभ आदिका वर्णनात्मक एवम् खोजपूर्ण निबन्ध साथै पारसमणि प्रधानका भाषाविषयक निबन्ध पनि यसै अवधिमा देखा परेका छन् । प्रेमराज शर्मा र अच्छा राई रसिकले आरम्भ गरेको हाँस्यव्यङ्ग्य निबन्धलाई केशवराज पिडालीले यस अवधिमा अगाडि बढाउने काम गरेका छन् भने श्याम प्रसाद शर्माले हृदयचन्द्रसिंह प्रधानले आरम्भ गरेको सामाजिक प्रगतिवादी निबन्धधारालाई अगाडि बढाउने कार्य गरेका छन् । यस अवधिमा युगवाणी साहित्य स्रोतका साथै पुरुषार्थ, प्रगति, भारती, गोर्खा आदि पत्रपत्रिकाहरूले निबन्धको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् ।

यस अवधिमा प्रधानका निबन्ध सङ्ग्रहका अतिरिक्त बद्रीनाथ भट्टराईको पच्चीस प्रबन्ध, भीमनिधि तिवारीको **पन्ध्र प्रबन्ध** (२००८), श्यामप्रासद शर्माको **तँ,**

**तिमी, तपाई, हजुर** (२०१४), र केशवराज पिँडालीको **खै खै** (२०१६), चूडानाथ भट्टराईको **निबन्ध चूडामणि** (२०१६) यस अवधिका उल्लेख्य निबन्धसङ्ग्रह हुन आधुनिक नेपाली निबन्धको दोस्रो चरण निबन्ध लेखनका दृष्टिले उर्वर देखिन्छ । यस चरणमा विषयगत विविधता, हाँस्यव्यङ्ग्यात्मकता, प्रगतिवादी साहित्यिक चिन्तन, आत्मपरकता, परात्मकक निबन्ध लेखन, खोज अनुसन्धानमूलक निबन्ध लेखन तथा यात्रा निबन्धको थालनी आदि यस अवधिका प्रवृति मानिन्छन् ।

**ग) तृतीय चरण**

आधुनिक नेपाली निबन्धको तेस्रो चरण रूपरेखा पत्रिकाको प्रकाशत समय २०१७ सालदेखि वर्तमानसम्म रहेको छ । यस अवधिमा निबन्ध विधाले अत्यन्तै उर्वरता कायम गरेको समयका रूपमा लिइनेे अवधिलाई समसामयिक चरण पनि भन्न सकिन्छ । वि.स.. २०१७ सालको राजनैतिक परिवर्तनबाट नेपाली साहित्यका अन्य विधाका अतिरिक्त नेपाली निबन्धमा पनि परम्पराभन्दा भिन्दै प्रवृत्ति अँगालेर निबन्ध लेखनको शुरुवात भयो । साहित्यका अनेक विधामा पाइने अनेक प्रकारका प्रवृत्तिहरू यस चरणका विवध निबन्धहरूमा समेटिएको पाइन्छ । शिल्प शैलीको विविध आयाम, चिन्तन, प्रगति, पलायन अनुसन्धान, हास्यव्यङ्ग्य आदि अनगिन्ती प्रवृत्तिहरूबाट यो चरण परिपोषित छ । मूलतः यस चरणका निबन्धकार र निबन्धहरूलाई हेर्दा बौद्धिक चिन्तन धारा, आलोचनात्मक यथार्थवादी धारा र समसामयिक धारा गरी मूलतः तीन प्रवृत्तिलाई औँल्याउन सकिन्छ ।

निबन्धकार शंकर लामिछानेले वौद्धिक चिन्तन धाराको नेतृत्व गर्दै **एब्स्ट्रयाक्ट चिन्तन प्याज** (२०२४) र **गोधुली संसार** जस्ता महत्त्वपूर्ण दुई निबन्धसंग्रह प्रकाशित गरेका छन् । पाश्चात्य साहित्यको नवीन चिन्तन र वादहरूसँग परिचित लामिछानेका निबन्ध अमूर्त र गहन खालका छन् । शैल्पिक अमूर्तता तथा चिन्तन प्रवाहका दृष्टिले र वौद्धिक गहनताका दृष्टिले यो धारामात्र नभएर आधुनिक नेपाली निबन्धको सम्पूर्णतामै वैशिष्ट्य हासिल गर्दै तेश्रो चरणका प्रतिनिधि निबन्धकारका रूपमा उनी स्थापित भएका छन् । यसका फाँटका अन्य निबन्धकारहरूमा बासुदेव त्रिपाठी, राजकुमार पाण्डे, कमल दीक्षित, इन्द्रबहादुर राई,

बालकृष्ण पोखरेल, रामकृष्ण शर्मा, कृष्णप्रसाद पराजुली, गणेशबहादुर प्रसाई आदि रहेका छन् ।

दोस्रो प्रवृत्ति आलोचनात्मक यथार्थवादी धाराको नेतृत्व गर्दै भैरव अर्याल, एवम् श्यामप्रसाद शर्माले निबन्ध लेखेका छन् । हास्यव्यङ्ग्यमा भैरव अर्यौल, यथार्थमूलक अराजक विचारमा लामिछाने एवम् यात्रा संस्मरणात्मक निबन्धकारका फाँटमा ताना शर्माले नेतृत्व प्रदान गरेको पाइन्छ । यसचरणका अन्य निबन्धकारहरूमा गोविन्द भट्ट, आनन्ददेव भट्ट, धनुषचन्द्र गौतम, वासुदेव लुईटेल, श्याम गोतामे, विष्णु नवीन, बल्लभमणि दाहाल, चूडामणि रेग्मी, लीलाध्वज थापा, रामलाल अधिकारी, रमेश विकल, पारिजात मोदनाथ प्रश्रित, कृष्णचन्द्र सिंह प्रधान आदि रहेका छन् ।

आधुनिक नेपाली निबन्धको तेस्रो चरणको तेस्रो मूल प्रवृत्तिका रूपमा समसामयिक धारा प्रकट हुन्छ । अराजकतामूलक, स्वच्छन्दतावादको विकास, स्वच्छन्दतामूलक अन्तरमूखी चेतको ह्रास अनि विसङ्गतिपरक मूल्यको उत्थाननै समसामयिक प्रवृत्तिका अङ्ग बनेका छन् । यस चरणको उत्तरार्धमा २०४६ साल पछिका वर्षहरूमा अराजकतामूलक स्वच्छन्दतावादको विकासले समाजमा देखिएका विकृतिहरू, प्राकृतिक संसाधनमा आएका विकृतिहरू, भौतिक स्रोत र साधनका विनासहरू, देशका युवापुस्तामा बड्दै गएको अनुशासनहीनता, राष्ट्रिय स्वार्थ र अस्तित्वमा आउका कम्पनहरू, नारी अस्मितामाथिका क्रयविक्रय र बलात्कारहरू, सत्तालिप्सा र सत्ता विभाजनबाट भएका हत्या आतङ्क, अन्तर्राष्ट्रिय क्षेत्रबाट पर्न आएका राजनीतिक र आर्थिक शीतयुद्धका संघातहरू आदि वर्तमान समयका विकृति विसङ्गतिहरूलाई विषयवस्तु बनाएर निबन्धको रचना गर्ने प्रवृत्ति बढ्दै गएको पाइन्छ । यस्ता विसङ्गतिमाथि सुधारको सङ्केतको अपेक्षा सहित तीब्र व्यङ्ग्य प्रहार गर्ने निबन्धकारहरूमा, निर्मोही व्यास, यादव खरेल, सुधा त्रिपाठी, राजेन्द्र सुवेदी, माधव प्रसाद पोखरेल, नरेन्द्रराज पौडेल, रविकीरण निर्जीव, राममणि रिसाल, गङ्गाप्रसाद उप्रेति, कपिल अज्ञात आदि रहेका छन् ।

आधुनिक नेपाली निबन्धको तृतीय चरणमा देखिएका उपर्युक्त निबन्धकारहरूलाई जन्माउनमा रूपरेखा (२०१७) का अतिरिक्त मधपर्क, नेपाली रचना, भानु, प्रज्ञा, अभिव्यक्ति, गरिमा आदि नेपालबाट निस्केका पत्रिकाहरू र नेपाल

बाहिरबाट फूलपात पतकर, तेश्रो आयाम, नेबुला सुमन आदि पत्रिकाका साथै अन्य विभिन्न संङ्घ संस्थाबाट निस्कने समसामयिक पत्रपत्रिकाहरूले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

आधुनिक नेपाली निबन्धको तेश्रो चरण अभ्यास, प्रयोग र सुदृढीकरणको समय हो । यस अवधिमा यात्रा संस्मरण, व्यङ्ग्य र पत्रात्मक शिल्पमा अभिव्यक्ति रूप प्रस्तुत गर्ने निबन्धकारहरू समेत देखा परेका छन् । निबन्धको स्वरूप र प्रस्तुति प्रायः स्पष्ट भइसकेको यस अवधिमा स्थापित भइसकेका र नयाँ आउँदै गरेका निबन्धकारहरूले पनि निजी दृष्टिकोण शिल्प र अभिव्यक्तिका साथै निबन्धको रचना गरेको पाइन्छ । विषयगत विविधता, साझा अनुभूति, नवीन प्रस्तुति, सामयिक विचार, समालोचनात्मक दृष्टिमा विकास आदि प्रवृतिगत केन्द्रीयतामा रहेर नेपाली निबन्धको तृतीय चरण वा समसामयिक चरण यात्रारत छ ।

## २.४ निष्कर्ष

निबन्ध संस्कृत शब्द हो । यसको बीजारोपण पूर्वीय साहित्यमा भए पनि संस्कृत साहित्यको कालखण्डमा यस विधाको लेखन भएको पाइँदैन । पश्चिमी मुलुक फ्रान्समा जन्मेर, अङ्ग्रेजी हिँदी हुँदै नेपाली साहित्यमा देखा परेको यो आधुनिक विधा हुनुका साथै साहित्यको कान्छो विधा पनि हो । विधागत हिसाबले निबन्ध पाश्चात्य साहित्यकै देन भएपनि नेपाली साहित्यमा वि.सं. १८३१ मा लेखिएको पृथ्वीनारायण शाहको **दिव्योपदेश** कृतिलाई नै आधार मानी नेपाली निबन्धलाई पृष्ठभूमिकाल/प्रारम्भिक काल, माध्यमिक काल र आधुनिक काल गरी तीन चरणमा विभाजन गर्न सकिन्छ । प्रारम्भिककाल निबन्ध लेखनको पृष्ठभूमि वा पूर्वाधार तयारीकै अवस्थामा रह्यो । माध्यमिक कालले निबन्धलेखनको रेखाङ्कन सहित एउटा मार्ग दिने काम गऱ्यो । अर्थात् निबन्धको विधागत स्वरूपलाई स्पष्ट पार्ने काम यस कालमा भयो भने आधुनिक कालले नवीनतम मूल्य र मान्यतालाई स्थापित गर्दै अगाडि बढ्ने काम गऱ्यो । हाल नेपाली साहित्यका फाँटमा नयाँ-नयाँ प्रयोग भएका छन् । यो विधा आफ्नै मौलिक स्वरप र संरचनाका साथ उभिन सफल भएको छ । आख्यानेत्तर नवगद्यका रूपमा लिइने निबन्ध अन्य साहित्यिक विधाभन्दा बढी गहन तथा स्वतन्त्र विधा भएकोले नेपाली गद्य साहित्यमा यसको महत्त्व दिनप्रतिदिन बढ्दै गएको देखिन्छ ।

# परिच्छेद : तीन

# नेपाली निबन्धमा अज्ञातको प्रवेश र उनको निबन्ध यात्रा

## परिच्छेद : तीन

# नेपाली निबन्धमा अज्ञातको प्रवेश र उनको निबन्ध यात्रा

### ३.१ पृष्ठभूमि

पेसाले प्राध्यापक र रुचिले साहित्यकारको रूपमा स्थापित भएका कपिल अज्ञात स्याङ्जा जिल्लामा जन्मिई माध्यमिक तहको शिक्षा त्यही आर्जन गरी, पूर्वमध्यमा र उत्तर मध्यमा लगायत स्नातकतहसम्मको पढाई भारतमा र स्नातकोत्तर तह नेपालको त्रि.वि.वि. अन्तर्गत सम्पन्न गरी प्रदयापन पेसामा प्रवेश गरेका हुन् । शिक्षार्जन गर्ने क्रममा नैउनले अनेक भोगाइहरू भोग्नु पऱ्यो । यी भोगाइहरूबाट उनका मनमा तरहतरहका भावहरू उठ्न थाले र उनले वि.सं. २०३६ सालदेखि आफ्ना भावहरूलाई लिपिबद्ध गर्न थाले । यही साल **मेरो देश महान छ** शीर्षकको कविता लेखी साहित्यिक यात्राको प्रारम्भ गरे । यात्रा सुरु गरेको ११ वर्षवछि २०४७ सालमा उनले दुईवटा पुस्तकाकार कृतिहरू- **कपिल अज्ञातका कविता**-कविता संग्रह (२०४७) र **साहित्य सिर्जन प्रक्रिया**-सैद्धान्तिक समालोचना (२०४७) प्रकाशित गरी आफ्नो साहित्ययात्रालाई एउटा उचाइतर्फ पुऱ्याए । कविताबाट सुरु भएको उनको साहित्ययात्रा समालोचना विद्यामा भ्याङ्गीन थाल्यो । साथै उनले निबन्धात्मक रचनाहरू पनि लेख्न थाले । २०४८ सालमा **समुन्नत** पत्रिकाका उनको *मोतीराम भट्ट र उनको नेतृत्व* शीर्षकको निबन्ध प्रकाशित भयो । यसबाट निबन्ध विधाका क्षेत्रमा पनि कपिलको यात्रा सुरु भयो । उनले धेरै पत्रपत्रिकाहरूमा निबन्धहरू छपाउन थाले । तर निबन्ध विधाका यी फुटकर रचनाहरूले पुस्तकाकार रूपमा बाहिर आउन पाएका थिएनन् । निबन्ध यात्राको १६ वर्षपछि अर्थात २०६४ सालमा मात्र उनका निबन्धहरूको सङ्ग्रह **भूलहरूका विरुद्ध** प्रकाशित भयो । २०५५ देखि २०६३ सालसम्मका २७ वटा निबन्धहरूको मात्र सङ्ग्रह भएको छ **भूलहरूका विरुद्ध**मा । **भूलहरूका विरुद्ध** २०६४ मा प्रकाशित भएको निबन्धसङ्ग्रहको एउटा मात्र पुस्तकाकार कृति हो । तर २०४६ सालमा प्रकाशित भएको कविता सङ्ग्रह लगायत **समालोचनाको सन्दर्भ** समालोचना सङ्ग्रह (१०५५), **पत्र सन्देश** (२०६४), **भूलहरूका विरुद्ध**-निबन्धसङ्ग्रह (२०६४), **समीक्षा सन्धान**-विविध समीक्षासङ्ग्रह (२०६४), **देवकोटा आयाम र प्रवृत्ति**-समीक्षासङ्ग्रह (२०६५), **ज्योतिष र साहित्य**-अन्वेषण

(२०६६), **स्रष्टा विम्ब : व्यक्तित्व आरेख**-समीक्षासङ्ग्रह (२०६७), **लोक साहित्य प्रवृत्ति र अन्वेषण**-समालोचनासङ्ग्रह (२०६७) र **निर्वात स्वरहरू**-कविता सङ्ग्रह (२०६७) आदि पुस्तकाकार कृतिहरू प्रकाशित गरी आफ्नो साहित्ययात्रालाई निरन्तरता दिँदै आएका छन् । यसरी विभिन्न विषय र विधाहरूमा आफ्नो लेखनीकार्य तिखार्दै आएका कपिलले निबन्ध विधामा भने एउटा मात्र पुस्तकाकार कृति प्रकाशत गरेका छन्-२०६४ मा । यसपछि यस विधामा विभिन्न पत्रपत्रिकाहरूमा फुटकर निबन्धात्मक लेखहरू लेख्दै आएका छन् ।

## ३.२ नेपाली निबन्धमा कपिलको प्रवेश

नेपाली निबन्धमा कपिलको प्रवेश चालीसको दशकमा भएको हो । २०४८ सालमा **समुन्नत** पत्रिकामा **मोतीराम भट्ट र उनको नेतृत्व** शीर्षकको निबन्ध प्रकाशित गरेर कपिल नेपाली निबन्धमा प्रवेश गरेका हुन् । मोतीराम भट्टले सयवर्ष अघि *कवि भानुभक्तको जीवन चरित्र* (१९४०) लेखेर जुन निबन्ध लेखनको परम्परा सिर्जेका थिए, त्यही परम्परामा कपिलले *मोतिराम भट्ट र उनको नेतृत्व* (२०४८) लेखेर आफ्नो निबन्धात्मक यात्रा सुरु गरेको देखिन्छ । मोतीराम भट्टको निबन्ध यात्रा भन्दा झण्डै सवासय वर्षअघि पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) बाट आरम्भ भएको नेपाली निबन्ध लेखनमा आधुनिकता भित्र्याउने महाकवि लक्ष्मीप्रसाद देवकोटा हुन् । उनले वि.सं. २००२ मा **लक्ष्मी निबन्ध सङ्ग्रह** प्रकाशित गरेर निजात्मक निबन्ध लेखनमा एउटा युगलाई भित्र्याए । हृदयचन्द्र सिंह प्रधानले **भूस्वर्ग** (२००३) र **तीस रूपैयाको नोट** (२००४) प्रकाशित गरेर वैचारिक निबन्ध लेखनको अगुवाई गरे । वैचारीकता, प्रगतिशीलता र विद्वताको मुक्त प्रवाहको विशेषता लिएर गोविन्द प्रसाद लोहनी, आनन्ददेव भट्ट, श्यामप्रसाद शर्मा, जनकलाल शर्मा, बालकृष्ण सम देखा परे भने शोधखोज र समीक्षामूलक निबन्ध लेखनमा कमल दीक्षित अग्रणी रहँदै आएका छन् । लक्ष्मीप्रसाद देवकोटाको आत्मपरक निजात्मक र व्यापक निबन्ध लेखनलाई चिन्तनशीलता र प्रायोगिकशीलता र चमत्कारिक लेखनशैलीको माध्यमबाट शङ्कर लामिछानेले नयाँ उचाइ थपे ।

नेपाली निबन्धको प्रारम्भिक कालमा निबन्धको नाममा केही सुन्दर गद्यलेखन गरिने चलन भएकोमा मध्यामिककालमा (१९५८-१९९१) आएर देश विदेशबाट प्रकाशित हुने पत्रपत्रिकाहरू **गोरखापत्र** (१९५८), **गोर्खा भारत जीवन** (१९५३), लगायत **सुधा सागर**,

**चन्द्रिका**, **नेपाली साहित्य सम्मेलन** र **शारदा** पत्रिकाहरूले निबन्धात्मक रचनाहरू प्रकाशन गरी नेपाली निबन्ध लेखनलाई जीवन्त बनाइराखे । **शारदा** पत्रिकामा १९९१ मा लक्ष्मीप्रसाद देवकोटाको *आषाढको पन्ध्र* शीर्षकको फुटकर निबन्ध प्रकाशित भयो । यही निबन्धलाई नेपाली पहिलो आधुनिक निबन्ध भन्ने गरिएको पाइन्छ ।

विषयका दृष्टिले वर्णनात्मक, विचारात्मक र भावात्मक स्वरूपका र प्रस्तुतिका दृष्टिले निजात्मक र परात्मक स्वरूपका निबन्धहरू नेपाली निबन्ध जगतमा लेखिदै आएका छन् । जसरी विश्वस्तरमा मोन्तेन र बेकनका निबन्ध लेखनका दुई धाराहरू प्रचलित छन् । त्यसैगरी नेपाली निबन्ध लेखनमा पनि देवकोटा-शङ्करको निजात्मक, भावनात्मक, प्रयोगिक र चिन्तनशील एउटा धारा छ त्यसरी नै श्यामप्रसाद-लोहनी-प्रधान र भट्टको अर्को वैचारिक-वस्तुनिष्ठ-चिन्तनशील र प्रगतिशील धारा अस्तित्ववान रहेको छ । यिनै धाराहरूको प्रभावमा चितवनको निबन्ध लेखन पनि प्रभावित रहेको देखिन्छ । २०२१ सालमा चितवनमा **चितवनको चिनो** नामको पत्रिका प्रकाशन भयो । त्यसमा केही छात्रहरूले निबन्धात्मक लेख लेखेका छन् (कोइराला, २०६१ : ३४) । यसैगरी २०२५ सालमा **दोभान** सामयिक सङ्कलन प्रकाशित भयो । त्यसमा आनन्ददेव भट्टको *के हामी आशावादी पाइलो सार्न सक्छौँ ?* भन्ने निबन्ध प्रकाशित भएको छ । रविकिरण निर्जीवको *गाउँफर्क र साहित्य* पनि यसैमा प्रकाशित भएको छ । यो पनि चितवनको पहिलो निबन्ध हो । यसरी नै २०२६ सालमा **नौलो राँको** पत्रिकाको प्रकाशन भयो । यसमा जगत श्रेष्ठ, ईश्वर पिया, रविकिरण निर्जीव, मदनमोहन जोशी, गणेशचन्द्र अधिकारी, हरिहर खनाल, पशुपति वाग्ले, पुष्पराज कोइराला आदिले चितवनको निबन्ध लेखनलाई अघि बढाउँदै ल्याए ।

नेपाली निबन्ध लेखनमा देखिएको श्यामप्रसाद लोहनी, हृदयचन्द्रसिंह प्रधान, आनन्ददेव भट्टको लेखनधारको प्रतिनिधित्व रविकिरण निर्जीवले गर्दै आएका छन् भने देवकोटा, शङ्कर, भैरव आदि लेखनको प्रतिनिधित्व अरूले गरिरहेका छन् । रामबाबु घिमिरे, तिलकराज शर्मा, राजकृष्ण कँडेल, नारायणप्रसाद खनाल आदिको लेखन प्रवाह देवकोटा-शङ्कर निबन्ध लेखन प्रवाहसित जोडिएको जस्तो र रविकिरण निर्जीव, हरिहर खनाल, डी.आर. पोखरेलका निबन्ध लेखन श्यामप्रसाद लोहनीको प्रवाहमा प्रवाहित भएको जस्तो देखिन्छ । चितवनमा पुस्तकाकार कृतिहरू प्रकाशित भएका मितिहरूलाई हेर्दा पनि रविकिरण निर्जीव, रामबाबु घिमिरे, तिलकराज शर्मा, हरिहर खनाल, नारायणप्रसाद खनाल,

राजकृष्ण कँडेल, डी.आर.पोखरेल, जीवनाथ तिम्सिना पछि कपिल अज्ञातको निबन्धकृति प्रकाशित भएको देखिन्छ । यी निबन्धकारहरूको कृति मितिक्रममा क्रमिकरूपमा हेर्दा **सोभ्रा निर्जीवका बाङ्गा निबन्धहरू** (२०४७), **म हरेस खान थालेको छ** (२०४७), **पार्टी खोल्ने धुनमा** (२०५२), **युगका परचापहरू** (२०५९), **नारायणीका लहरलहरमा** (२०६१), **संवेदनाका स्वरहरू** (२०६२), **खुला आकाशतर्फ** (२०६३), **स्वर्गको निर्माण** (२०६४) र **भूलहरूका विरुद्ध** (२०६४) । यसरी निबन्धको पुस्तक प्रकाशनका हिसाबले चितवनका निबन्धकारहरूलाई हेर्दा १२औं स्थानमा कपिलको प्रवेश रहेको देखिन्छ । यो भनेको चितवनको पहिलो प्रकाशित निबन्धको पुस्तक प्रकाशन भएको १७ वर्षपछि कपिलको निबन्धकृति प्रकाशित भएको छ । नेपाली निबन्ध लेखन सुरु भएको २३३ वर्ष पछि कपिलको **भूलहरूको विरुद्ध** निबन्धसङ्ग्रह प्रकाशित भएको छ । जहाँसम्म कपिलका निबन्धमा महाकवि देवकोटाको जस्तो विशेषता पाइन्छ र यो कुरा आफ्ना निबन्धमा पनि उल्लेख गर्नुभएको छ । कपिल दर्शनको मामलामा स्पष्ट छैनन् । उनको निबन्ध लेखन भनेको मनमौजी अभिव्यक्ति र दर्शनहरूको र प्रभाव त्यति नबोकेका सामान्य नैतिक विचारहरूका छरिएका भावहरू हुन् ।

नेपाली निबन्धमा अज्ञातको यसप्रकारको प्रवेश भएको देखिन्छ र उनको निबन्ध यात्रा र यसका प्रवृत्तिहरू पहिल्याउनका निम्ति उनको निबन्ध यात्रालाई चरणबद्ध विभाजन गरी अध्ययन गरिनु जरुरी देखिन्छ ।

## ३.३ कपिलको निबन्ध यात्रा

साहित्यको क्षेत्रमा २०३६ सालदेखि देखापरेका कपिल अज्ञातको निबन्ध यात्रा भने २०४८ सालमा आरम्भ भएको देखिन्छ । २०४८ सालमा उनले *मोतीराम भट्ट र उनको नेतृत्व* शीर्षकमा निबन्ध प्रकाशित गरेका थिए । त्यसपछि उनले १६ वर्षसम्म निबन्धहरू लेखे र २०६४ सालमा २७ वटा निबन्धहरूको सङ्ग्रह **भूलहरूका विरुद्ध** प्रकाशन गरे । फुटकर निबन्धहरू मात्र प्रकाशन गरिरहेका कपिलको निबन्ध यात्राको यो एउटा मोड ठहरियो । उनको पुस्तकाकार कृति पाठक समक्ष आयो । त्यसपछि (२०६४ पछि) आजसम्म पनि उनले अर्को निबन्ध कृति दिएका छैनन् । फुटकर निबन्धहरू भने विभिन्न पत्रिकाहरूमा प्रकाशित गर्दै आएका छन् । यसबीचमा लेखरचनाहरू, समीक्षाहरू, ज्योतिष सम्बन्धी कृति

लगायत कवितासङ्ग्रह मुक्तक सङ्ग्रह पनि प्रकाशित गरेका छन् । साहित्यिक पत्र-सङ्ग्रह पनि प्रकाशित गरेका छन् । यसमा निबन्धात्मक लेखरचनाका भ्रुणहरू अवश्य छन् तर निबन्ध कृति भने होइन । यसरी कपिलको निबन्ध यात्रा आजतक जारिरहेको छ । २०४८ सालदेखि आजसम्म यस २४ वर्षको यात्रा अवधिमा कपिलका साहित्यिक प्रवृत्तिहरू कस्ता रहे र यी कुनकुन चरण भएर गुज्रिए भन्ने कुराको अध्ययन गरिएको छ ।

## ३.४ चरण विभाजन

कपिल अज्ञातको लेखनको प्रवृत्ति, लेखनको गति र विषयगत केन्द्रीयतालाई मध्यनजर राखेर उनको साहित्य यात्रालाई निम्न चरणमा बाँडेर अध्ययन गरिएको छः

३.४.१ पहिलो चरण : २०४८ देखि २०६४ सम्म : अभ्यासिक काल

३.४.२ दोस्रो चरण : २०६५ देखि आजसम्म : प्रौढ काल

## ३.४.१ पहिलो चरण (२०४८ देखि २०६४)

कपिल अज्ञातको निबन्ध यात्राको पहिलो चरणलाई आभ्यासिक चरण वा फुटकर रचना लेखनको चरणको रूपमा पनि लिन सकिन्छ । यस चरणमा उनका पुस्तकाकार कृतिहरू वा निबन्धसङ्ग्रह प्रकाशित भएका देखिँदैनन् । २०४८ सालमा **सम्मुन्नत** पत्रिकामा प्रकाशित भएको *मोतीराम भट्ट र उनको नेतृत्व* शीर्षकको निबन्ध उनको पहिलो प्रकाशित निबन्ध हो र यही निबन्धका साथ उनको निबन्ध यात्रा सुरु भएको देखिन्छ । यसपछि पनि उनको राष्ट्रिय र स्थानीय तहका विभिन्न पत्रपत्रिकाहरूमा विभिन्न विषयका निबन्धहरू प्रकाशित हुँदै आए । २०६३ सम्म आइपुग्दा उनले दर्जनौ निबन्धहरू प्रकाशित गरे । *मोतीराम भट्ट र उनको नेतृत्व* शीर्षकको पहिलो निबन्धमा जुन भाषाशैली र वस्तुगत विषयवस्तु प्रस्तुत भएको छ, जुन विवरण र वर्णनात्मक रहेको छ । त्यो सरल, सामान्य कथनको, अलङ्कारीक र व्यङ्ग्यात्मक अभिव्यक्ति नभएको साधारण अभिव्यक्ति सहितको निबन्ध रहेको छ । तर त्यसपछिका निबन्धहरू विस्तारै झनझन सुरिला, गठिला र आलङ्कारीक अभिव्यक्तिहरूले सजिँदै आएका देखिन्छन् । २०४८ देखि २०६३ सम्म उनका २७ वटा निबन्धहरू प्रकाशित भएका देखिन्छन् । यस चरणमा उनले विभिन्न विषयवस्तुलाई

समेटेर निबन्धहरू लेखेका छन । धर्म, सम्प्रदाय, युवाजगत, विचारधारा, विज्ञापन, जीवन भोगको अनुभूति, साहित्य क्षेत्रको विकृति, सभ्यता जस्ता अनेक विषयहरूमा उनले आफ्नो कलम दौडाएका छन् । व्यक्ति केन्द्री, विषय केन्द्री, परिचयत्मक, समीक्षात्मक र टिप्पणीमूलक प्रारम्भिक निबन्ध लेखनबाट माथि उठ्दै गएर सामाजिक विकृति विसङ्गति माथि व्यङ्ग्य प्रहार गर्ने र सभ्यताको नाममा भएका विकृत कुराहरूप्रति आफ्ना अस्वीकृतिहरू जनाउने प्रकृतिका निबन्धहरू लेख्दै कपिल अघि बढेका देखिन्छन् । यसरी यस अभ्यासिक कालमा उनले धेरै परिश्रमका साथ निबन्धलाई चुस्त बनाउँदै ल्याएका छन् । निबनध लेखनलाई निरन्तरता दिएका छन् र यस कर्ममा उत्साहपूर्वक लागेका छन् । उनको लेखन गतिशील भएर अगाडि बढ्दै आएको पाइन्छ । यस चरणका विशेषता भनेको नै उनको लेखनको निरन्तरता र सिर्जनात्मक गतिशीलता हो । वैचारिक रूपले गहन लेखनतिरभन्दा सामाजिक वेथितिहरू माथि प्रहार र केही नैतिक पक्षहरूको स्थापनार्थ सामाजिक मागहरू रहेको देखिन्छ ।

### ३.४.२ दोस्रो चरण (२०६५ देखि हालसम्म)

कपिल अज्ञातको निबन्ध यात्राको तेस्रो चरण २०६५ देखि आरम्भ भएर आजसम्म चलिरहेको छ । यस चरणलाई उनको निबन्ध यात्राको प्रौढ चरण पनि भन्न सकिन्छ । हुन त यस चरणमा आजसम्म कुनै पुस्तकाकार कृतिहरू प्रकाशित भएका छैनन् तापनि यस चरणमा प्रौढता भएका अनुभव, विचार र शिल्पले खारिएका निबन्धहरू पत्रपत्रिकाहरूमा प्रकाशित भइरहेका छन् । **बृहत चितवन** नामक पत्रिकाको वर्ष १ अङ्क ३, २०७१ मा छापिएको *सहकारी अवधारणा र दृष्टिकोण,* २०७१ मा **संजीवनी** स्मारिकामा प्रकाशित *मधुमेह : कारण, लक्षण र निवारण,* **अभिव्यक्ति** पत्रिकाको वर्ष ४४, पूर्णाङ्क १७३ मा प्रकाशित *जगदीश घिमिरे : एक उच्च स्तरका  कला शिल्पी* (२०७१), र २०७२ मा **वैजयन्ती** पत्रिकामा प्रकाशित *विधा केन्द्रीत साहित्यिक पत्रिका वैजयन्ती* शीर्षकका वैचारिक, समीक्षात्मक र  व्यक्ति परिचयात्मक ढङ्गका वस्तुगत निबन्धहरू प्रकाशित भएका देखिन्छन् । पहिलो दुई चरणका भावुक, आत्मकेन्द्रीत र अव्यवस्थित प्रस्तुति भएका निबन्धहरूको सट्टामा विषयकेन्द्री, परात्मक र वस्तुगत प्रकारका वैचारिक युग भएका

खारिएका निबन्धहरू प्रकाशित भएका देखिन्छन् । यस प्रकारका निबन्धहरूको सङ्ग्रह छिटै अउलान् भन्ने अनुमान पनि गर्न सकिन्छ । यस चरणको उपलब्धि भनेको निबन्ध लेखाइको प्रौढता हो । विषय र शैली एवं अभिव्यक्ति दुवैमा लेखाइको विकास भएको देखिन्छ । भावुक प्रलाप भन्दा भिन्न विषयकेन्द्री चिन्तन र शैलीगत प्रवाहको आकर्षक यस चरणमा थपिएका छन् ।

## ३.५ सारांश

कपिल अज्ञात नेपाली निबन्ध क्षेत्रमा निकै पछि प्रवेश गरेका भए पनि आज एक चर्चित निबन्धकारका रूपमा स्थापित हुँदै आएका प्रतिभा हुन् । आभ्यासिक कालका अव्यवस्थित र भावुक अभिव्यक्ति भएका निबन्ध लेखाइबाट माथि उठ्दै पुस्तकाकार कृति प्रकाशित गरी दोस्रो चरणको प्रवेशले प्रौढताको प्रस्तुति गरेको छ । भाषा शिल्प र विषय तीनै पक्षबाट परिमार्जित भएका निबन्ध लेखनको चरणमा उनको निबन्ध यात्रा जारी छ । उनको निबन्ध यात्रा विकासशील देखिन्छ ।

# परिच्छेद : चार

# कपिल अज्ञातका निबन्धहरूको विश्लेषणात्मक अध्ययन

# परिच्छेद : चार

# कपिल अज्ञातका निबन्धहरूको विश्लेषणात्मक अध्ययन

## ४.१ भूलहरूका विरुद्ध (२०६४) निबन्धसङ्ग्रहको विश्लेषणात्मक अध्ययन

कपिल अज्ञात चितवनका एक उदयमान निबन्धकार हुन् । वि.सं. २०४८ देखि निबन्ध लेखनका क्षेत्रमा उदाएका कपिल अज्ञातको पहिलो प्रकाशित निबन्ध सङ्ग्रह हो- **भूलहरूका विरुद्ध** । यस निबन्धसङ्ग्रहले कपिल अज्ञातलाई एक निबन्धकारका रूपमा परिचित गराएको छ ।

वि.सं. २०६४ मा अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवनद्वारा प्रकाशित यस निबन्धसङ्ग्रहमा २०५५ सालदेखि २०६३ सालसम्म लेखिएका २७ वटा निबन्धहरू सङगृहीत भएका छन् तर २०४८ सालदेखि २०५४ सालसम्म लेखिएका निबन्धहरू भने यसमा सङ्गृहित भएका छैनन् । सङ्गृहीत भएका निबन्धहरूमध्ये ११ वटा निबन्धहरू कुन हुन मितिका हुन् भन्ने खुलेको छैन । मिति नखुलेका निबन्धहरूको शीर्षकहरू सूचीक्रममा यसप्रकार रहेको छ ।

म किन लेख्छु

जीवन भोग

सभ्य हुने धुनमा

म किन ज्योतिषी भएँ

वेश्यावृत्ति र साहित्य

बिडम्बना

गरिमासँगको गनगन

ब्रतबन्ध

रित्तो आदर्श

सर्पवाद, भ्यागुतोवाद र विच्छीवाद

हिजो र आज

यी बाहेक अरू मिति उल्लेख भएका निबन्धहरूको शीर्षक सूचीक्रममा यसप्रकार रहेका छन् :

आफ्नै परिभाषित धर्म (२०५९)

परिभाषाहिन दौड (२०५५)

भूलहरूका विरुद्ध (२०६३)

शब्द-प्रादूषण (२०६०)

केही लघु लोवहरू (२०५९)

विचारप्रतिको दृष्टिकोण (२०६०)

प्रयोग-पीडा (२०६०)

युवा र सम्बन्ध (२०६२)

उन्मुक्तिको बाटोमा (२०६१)

आँखा, कान र जिब्राहरूको नालीबेली (२०५६)

विज्ञापनको चलखेल (२०६०)

विज्ञापन र कमिशनको नयाँ बजार (२०५८)

निगाह, वक्सिस वा इनाम (२०५६)

पुरस्कार कोटा र वनिया गुण (२०६२)

सम्मानको व्याकरण (२०६१)

चितवनको जनलहर एक शब्द चित्र (२०६३)

यसरी मितिक्रममा भएका १६ वटा र मिति नभएका ११ वटा गरी जम्मा २७ वटा विभिन्न शीर्षकका निबन्धहरू सङ्कलन गरिएको यस सङ्ग्रहले ९६+१२ जम्मा १०८ पृष्ठको आयाम ओगटेको छ ।

निबन्धहरूमध्ये धेरैले भावतत्त्वलाई छुन खोजेका छन् र कतिपय निबन्धमा बुद्धितत्त्व पनि सलबलाएको देखिन्छ । प्रायः निबन्धहरू लघु आकारकै रहेका छन् । कतिपय निकै छोटा छन् र तिनमा विषयवस्तुलाई टिप्पणीमूलक ढङ्गले प्रस्तुत गरिएको छ । कतिपय निबन्धमा कपिलले सिधै आफ्ना विचार र अनुभूतिहरूलाई पोखेका छन् । विषयको परिचय गराउने तर्फपनि लागेका छैनन् । तापनि कपिलका निबन्धहरूमा भावतत्त्वभित्र बुद्धितत्त्वको रमरम

स्पर्श भएकाले यी निबन्धहरू भावुक प्रलाप मात्र हुनबाट जोगिएका छन् । निबन्धको वस्तुभित्र कार्यकारण सम्बन्धबाट उजेलिएको तर्क नभए पनि र तार्किक गहिराई नभए पनि निबन्धमा प्रवाहित विचारहरूले सुकुमार सम्वेदनाहरू प्रकट गरेका छन् । यसैगरी विषयवस्तुका हिसाबले यस सङ्ग्रहले सामाजिक विकृति विसङ्गतिहरू, अन्याय अत्याचार भ्रष्टाचार, अशान्ति, जन आन्दोलन, सत्ता सङ्घर्ष, आत्मिक पीडा, स्वार्थन्धता, आत्मसम्मानको अभाव, उचित कार्यको निम्ति उचित प्रोत्साहनको कमी जस्ता विषयवस्तुलाई समेटिएको छ । शैलीका हिसाबले भावुक र व्यङ्ग्य शैलीलाई अप्नाइएको छ र भाषाका हिसाबले वर्णनात्मक, आत्मपरक अभिव्यक्ति भएकोप्रसाद शैली अप्नाइएको छ ।

मुख्य रूपमा यस प्रकारका विशेषताहरू भएमा यसभित्रका २७ वटा निबन्धहरूलाई क्रमशः शीर्षक परिचय, विषयवस्तु, सङ्गठन, उद्देश्य र भाषाशैलीका आधारमा अध्ययन र विश्लेषण गरिएको छ ।

### ४.१.१ आफ्नै परिभाषित धर्म

#### ४.१.१.१ शीर्षक परिचय

*आफ्नै परिभाषित धर्म* शीर्षकको निबन्ध कपिल अज्ञातको **भूलहरूका विरुद्ध** निबन्धसङ्ग्रहमा सङ्गृहीत पहिलो निबन्ध हो । यो चारपृष्ठको आयाममा फैलिएको छ । यो निबन्धमा विषयका दृष्टिले धर्मका वरिपरि केन्द्रीत रहेको छ र भित्री पाठ शीर्षक अनुकूल रहेको छ ।

#### ४.१.१.२ विषयवस्तु

विषयवस्तु निबन्धको आधार तत्त्व हो । यसमा विषय र वस्तु दुवैको चर्चा समेटिने गर्छ । *आफ्नै परिभाषित धर्म* शीर्षकको यस निबन्धको विषयवस्तु धर्मको परिभाषामा केन्द्रीत रहेको छ । धर्मले साम्प्रदायिक परिचय पनि गराउने भएकाले संसारमा धेरै धर्म र सम्प्रदायहरू छन् । तिनले समाजलाई गाजटेर राखेका छन्, धर्मको नाममा अन्धविश्वास फैलाइएको छ तर वास्तवमा धर्म भनेको मानव धर्म हो । कृत्रिम र प्राकृतिक दुई खालका धर्महरू मध्ये प्राकृतिक मानवधर्म सहज धर्म हो, यसले मानव समाजलाई नैतिकता प्रदान

गर्छ तर अरू साम्प्रदायिक धर्महरू कृत्रिम हुन्, तिनले धर्मको नाममा अन्धविश्वास फैलाएर मानवजातिलाई सम्प्रदायहरमा बाँड्दछ भन्ने विचारलाई यस निबन्धमा विषयवस्तु बनाइएको छ । धर्मले नैतिकता प्रदान गर्नुपर्छ र नैतिकता नै धर्म हो । धर्मको नाममा अनेक सम्प्रदायहरू बनाएर र अनैतिकता फैलाएर आस्तिकताको भाषाण छाँट्ने भन्दा नास्तिककै भएपनि जसले नैतिक काम गर्छ त्यो नै धार्मिक हो भन्ने विचार र भावहरूलाई यसमा महत्त्वका साथ उठाइएको छ ।

### ४.१.१.३ सङ्गठन

सङ्गठन निबन्धका तत्त्वहरूमध्ये एक तत्त्व हो । निबन्धलाई गठिलो, क्रमबद्ध र अन्वितिपूर्ण बनाउने र सिलसिलेवार बनाउने काम सङ्गठनले गर्दछ । *आफ्नै परिभाषित धर्म* निबन्धमा यस तत्त्वको प्रयोक्ति राम्रौ देखिन्छ । निबन्ध छरितो छ । निबन्धकारले धर्मबारे सिधै आफ्ना विचारहरूबाट निबन्ध सुरु गरेका भए पनि त्यो असंबद्ध छैन । सिलसिला मिलेकै छ । विचार र तर्कहरूको सघनता भए पनि तिनले क्रमबद्धता तोडेका छैनन् । यस अर्थमा यो निबन्ध सङ्गठित देखिन्छ ।

### ४.१.१.४ उद्देश्य

उद्देश्य निबन्धका तत्त्वहरूमध्ये एक हो । यस तत्त्वबाट पाठकसमक्ष अपेक्षित सन्देश पुऱ्याउन सकिन्छ वा सन्देश पुऱ्याउने आग्रह नै उद्देश्य हो । *आफ्नो परिभाषित धर्म* शीर्षकको यस निबन्ध मार्फत निबन्धकारले धर्म सम्बन्धिका आफ्ना विचारहरू खासगरी नैतिकता नै धर्म हो, प्राकृतिक मानव धर्म नै वास्तविक धर्म हो र सम्प्रदायमा बाँडिएको धर्मको नाममा अन्धविश्वास फैलाउने धर्म वास्तविक धर्म होइन, यो कृत्रिम धर्म हो भन्ने विचारलाई पाठक समक्ष सन्देशको रूपमा पुऱ्याई आफ्ना विचारहरूमा पाठकीय सहमति बटुल्ने उद्देश्य राखेका छन् र यस निबन्धमा यो प्रकट भएको छ ।

### ४.१.१.५ भाषाशैली

भाषाशैली पनि निबन्धको एक तत्त्व हो । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली भाषा र भावलाई एकै ठाउँमा समन्वित गर्ने ढङ्ग हो । शैलीलाई अभिव्यक्तिको तरिका पनि

भनिन्छ । *आफ्नै परिभाषित धर्म* शीर्षकको यस निबन्धमा धर्म सम्बन्धीका विचार र भावलाई प्रकट गर्न संयमित शैली अपनाइएको छ । यसमा ठट्यौली पना पनि छैन र भावुक प्रलाप पनि छैनन्, जे भनिएको छ त्यो व्यवस्थित रूपमा संयमित रूपमा भनिएको छ । तर यसको अर्थ यस निबन्धमा भावको प्रवाह छैन भन्ने होइन । भाव वा विचारको प्रवाह छ तर नियन्त्रित रूपमा छ । अवरह्यो अभिव्यक्तिको प्रश्न । शैली र अभिव्यक्ति पर्यायवाची हुन् । त्यसो भएकाले यसमा भावका हिसाबले जुन संयत शैली अपनाइएको छ, त्यस भावलाई तर्कहरूद्वारा उजेल्याइएको छ । अर्थात् तार्किक अभिव्यक्तिद्वारा ती भाव र विचारलाई तिखारिएको छ । निबन्ध सुबोध्य बनेको छ । सहज र सरल भाषा, तार्किक अभिव्यक्ति, छोटा र प्रष्ट बुझिने वाक्यहरू, बहुप्रचलित शब्दहरूको प्रयोग र विचारहरूको प्रस्तुतिमा रमरम भावुकताको मिश्रणले निबन्ध रसिलो पनि बनेको छ ।

## ४.१.२ परिभाषाहीन दौड

### ४.१.२.१ शीर्षक परिचय

*परिभाषाहीन दौड* शीर्षकको निबन्ध **भूलहरूका विरुद्ध** निबन्ध सङ्ग्रहमा सङ्गृहीत यो दोस्रो निबन्ध हो । मुद्रक सङ्घ चितवनको स्मारिका **मुद्रण स्मारिका** मा पहिलोचोटि वि.सं. २०५५ मा प्रकाशित निबन्ध हो यो । यो ३ पृष्ठको आयाममा फैलिएको र १४ वटा अनुच्छेदमा संरचित भएको निबन्ध हो । यस निबन्धले मानव जीवन दौडलाई आफ्नो केन्द्रीय विषय बनाएको छ र निबन्धको भित्री पाठ शीर्षक अनुकुल रहेको छ ।

### ४.१.२.२ विषयवस्तु

*परिभाषाहीन दौड* निबन्धको विषयवस्तु भनेको मानव जीवनको एउटा प्रवृत्ति बनेर देखा परेको दौड हो । दौड स्वस्थ्य अस्वस्थ्य दुवै प्रकारको हुन्छ । कोही स्वस्थ्य दौडका छन्, कोही अस्वस्थ दौडमा छन्, तर छन् दुवै दौडमा भन्ने भावलाई विषयवस्तुको रूपमा अघि सारिएको छ । दौड गति हो, यो अवसर हो । दौडिन सक्नेहरू नै अघि पुग्छन्, हात बाँधेर बस्नेहरू असफल हुन्छन् भनिएको छ । तर दौड अस्वस्थ भयो भने जित्नु पर्नेले हार्छन् र धाँधली गर्नेहरूले जित्छन् र असल मानिसलाई पछि पार्छन् भनिएको छ । तर दौडको

नाममा अरूको पछि लागेर दौडिनेहरू पनि छन् । कतै पनि नपुगिने दौडमा छन् । त्यस्तो दौडको कुनै काम छैन । दौडिने नै हो भने बुद्धले झैं आफ्नो मौलिक बाटोमा दौडिनु पर्छ । बाटो न घाटो दौडिएर सफलता हात लाग्दैन भन्ने प्रेरक विचारहरू सन्देशको रूपमा रहेको यस निबन्धको विषयवस्तु निकै खँदिलो छ ।

### ४.१.२.३ सङ्गठन

निबन्धलाई चुस्त र छरितो बनाउने, क्रमबद्ध र अन्वितिपूर्ण बनाउने काम सङ्गठनले गर्दछ । *परिभाषाहीन दौड* शीर्षकको यस निबन्धमा सङ्गठन तत्त्वको उपस्थिति राम्रो छ । निबन्ध छोटो छरितो छ । मानव जीवन दौड बारे आफ्ना विचारहरू प्रस्तुत गरिएको र यसले त्यति पूर्णता पाएको नभए पनि निबन्ध सिलसिलेबार ढङ्गले अघि बढेको छ । विषयवसतुको क्रमभङ्ग भएको छैन । प्रस्तुत भएमा कुराहरूको क्रम मिलेकै छ । वैचारिकता प्रबल बनेर आएको यस निबन्ध निकै गठिलो छ ।

### ४.१.२.४ उद्देश्य

निबन्धकारले पाठक समक्ष आफ्ना सन्देशहरूलाई सम्प्रेषण गर्ने जुन आग्रह गर्छ त्यो नै निबनधको उद्देश्य हो । *परिभाषाहीन दौड* शीर्षकको यस निबन्धमार्फत मानव जीवनको दौड स्वास्थ्य, सकरात्मक र आफ्नो मार्ग सहितको मौलिक हुनुपर्छ, अरूलाई उछिन पाछिन गर्ने र अरूको बाटोमा दौडने खालको दौड हुनु हुँदैन भन्ने सन्देश प्रवाह गरिएको छ । निबन्धमा व्यक्त भएका विचार भावना र अनुभूतिहरू पाठकसमक्ष राखेर पाठकलाई आफ्ना विचारमा सहमति गराउने र आत्म प्रकट गर्ने उद्देश्य यस निबन्धको रहेको देखिन्छ ।

### ४.१.२.५ भाषाशैली

भाषा निबन्धको संरचनात्मक तत्त्वहरूमध्येको एक तत्त्व हो । भाषा अभिव्यक्तिको माध्यम हो । भाषाविना कुनै निबन्ध निर्माण हुन सक्दैन । यस्तै गरी शैली अभिव्यक्तिको तरिका हो । *परिभाषाहीन दौड* मा भाषाशैलीको जुन प्रस्तुति छ त्यसलाई अध्ययन र विश्लेषण गर्दा यसमा सरल र सहज भाषाको प्रयोग गरिएको छ । वाक्यहरू छोटा र स्पष्ट छन् 'दौड एक अवसर हो, यसको मौका सबैलाई बराबर आउँदैन' (पृ. ५) । यसैगरी लोक

भाषाको पनि प्रयोग गरिएको छ । अर्थात् उखान टुक्काको पनि प्रयोग गरिएको छ जसले निबन्धलाई सुबोध्य तुल्याएको छ । भावका हिसाबले चाहिँ रमरम भावुकता र व्यङ्ग्य मिसिएको समेत शैली यस निबन्धमा प्रस्तुत भएको छ । त्यसो भएकाले निबन्ध भावुक प्रलाप मात्र पनि भएको छैन र एकदमै ठट्यौली शैलीको मात्र पनि भएको छैन । विचार सहितको व्यवस्थित शैली अपनाउन खोजिएको छ । विषयवस्तुका हिसाबले निबन्ध केही अपूर्ण जस्तो लागे पनि कसिलो छ ।

### ४.१.३ भूलहरूका विरुद्ध

#### ४.१.३.१ शीर्षक परिचय

*भूलहरूका विरुद्ध* यस निबन्धसङ्ग्रहको तेस्रो निबन्ध हो । यही तेस्रो निबन्धको शीर्षकबाट निबन्धसङ्ग्रहको नामकरण गरिएको छ **भूलहरूका विरुद्ध** । यो निबन्ध प्रथम पटक वि.सं. २०६३ सालमा दलित सा.वि.के नेपालमा प्रकाशित भएको थियो । यो ५ पृष्ठको आयाममा फैलियो र ११ वटा अनुच्छेदहरूमा संरचित भएको छ । यस निबन्ध केन्द्रीय विषय नै हामी आफ्नै भूलहरूबाट पीडित भएकाले त्यसबाट उठ्नु पर्छ भन्ने रहेको छ र *भूलहरूका विरुद्ध* शीर्षक भित्री पाठ अनुकूल रहेको छ ।

#### ४.१.३.२ विषयवस्तु

विषयवस्तुको प्रयोग *भूलहरूका विरुद्ध* निबन्धमा कुशल ढङ्गले गरिएको छ । हामी आफ्नै भूलहरूका शिकार भएका छौँ । जसले गर्दा हामीलाई अरूले लुटिरहेका छन् । जस्तो हामीलाई भोक लाग्दा पनि अरूकै व्यापार बढेको हुन्छ । रोग र शोकका हुँदा पनि अरू नै मोटाएका हुन्छन्, हाम्रो खल्ती जहिले पनि काटिएको हुन्छ । हाम्रा धार्मिक, साँस्कृतिक, राजनैतिक, आर्थिक, जातीय, अनगिन्ती भूलहरू छन् । भूलहरूको शृङ्खला नै छ । हामी ढुङ्गालाई देवता मान्छौ यो हाम्रो धार्मिक भूल हो, हिंसालाई पूजा गर्छौं यो साँस्कृतिक भूल हो, दानलाई आर्थिक उपार्जन ठान्छौँ यो आर्थिक भूल हो भनिएको छ निबन्धमा । भूल गर्ने हामी नै हो, हाम्रा पूर्खाले पनि भूल गरे । त्यो भएकाले भूलबाट उठ्नु पर्छ, हामी सचेत हुनु पर्छ, यो गर्ने दायित्व पनि हाम्रै हो भनिएको छ । हामी हरेक किसिमले दास भएका छौँ । अरूकै फाइदाका काम गर्छौं । आपसमा लड्छौँ । हामी अरूका व्यापारका, परीक्षणका वस्तु

भएका छौँ । अरूलाई सहजै विश्वास गर्छौं । आफूप्रति सचेत हुँदैनौ भन्दै यस्तो अवस्थाबाट अब मुक्त हुनुपर्छ, भूलहरूका विरुद्ध अब जागृत हुनुपर्छ भन्ने सन्देश सहितको विषयवस्तुको उठान गरिएको छ यस निबन्धमा ।

### ४.१.३.३ सङ्गठन

यस तत्त्वको प्रयोग **भूलहरूका विरुद्ध** निबन्धमा राम्रैसँग गरिएको छ । तर यस निबन्धमा भूलहरू र यसका विरुद्ध विषयमा जति केन्द्रित हुनुपर्ने थियो त्यति भएको छैन । मध्यभागबाट अगाडि गएपछि विचार विकीर्ण हुँदै गएको छ, कसिएको छैन । त्यति कसिलो नभए पनि मूल केन्द्रबाट एकदमै अलग पनि भएको छैन । निबन्धको सुरुवात भूलहरू सम्बन्धीका आफ्ना विचारहरूबाट सोझै गरिएको छ । भूलहरू के हुन् तिनको परिचय नगरि सिधै विषयमा प्रवेश गरिएको छ । यसो हुँदा निबन्धको आदि मध्य र अन्त्य कता छ भनेर खोज्नु पर्छ । अन्त्य त्यति सप्रेको पनि छैन । विचार सघन बन्ला जस्तो गरी छरिएको हुनाले निबन्ध त्यति गठिलो त भएको छैन तर सिलसिला भने मिलेकै छ ।

### ४.१.३.४ उद्देश्य

निबन्ध कुनै उद्देश्य प्राप्तिका लागि लेखिने हुनाले **भूलहरूका विरुद्ध** निबन्ध पनि उद्देश्य रहीत छैन । यसको उद्देश्य भनेको हाम्रा धेरै भूलहरू छन्, त्यसबाट मुक्त हुनका लागि हामी सचेत हुनुपर्छ । सचेत भएनौ भने आजसम्म जसरी विभिन्न क्षेत्रबाट ठगिएका छौँ, त्यसरी नै ठगिइरहन्छौँ भनिएको छ । हाम्रा भूलहरूमा धार्मिक, साँस्कृतिक, आर्थिक आदि विभिन्न खालका भूलहरू न् र तिनलाई चिरेर हामी दासत्वबाट मुक्त हुनुपर्छ भन्ने विचारलाई सन्देशको रूपमा पाठक माझ पुऱ्याउने, पाठक समक्ष आफूलाई प्रस्तुत गर्ने र आफ्ना विचारहरूमा पाठकलाई सहमत गराउने उद्देश्य निबन्धको रहेको छ ।

### ४.१.३.५ भाषाशैली

भाषा विना कुनै रचना चयन हुन सक्दैन । भाषा अभिव्यक्तिको माध्यम हो, शैली तरिका हो । **भूलहरूका विरुद्ध** शीर्षकको यस निबन्धमा पनि संयत शैली अपनाइएको छ,

यसमा न भावुक प्रलापहरू छन् न ठट्यौलो पन वा व्यङ्ग्यात्मकता छ । जे भनिएको छ सिधै भनिएको छ । भाव र विचारहरू केही छरिएमा पनि त्यो सिलसिलाबद्ध नै छ । विचार भावहरू नियन्त्रित रूपमै प्रस्तुत भएका छन् । भाषाको हिसाबले सरल र सहज भाषाको प्रयोग भएको छ । वाक्यहरू छोटा छन्, ती तर्कलाई धारिलो बनाउने काम भाषाले गरेको छ । लेख्य परम्पराका प्रचलित शब्दहरूको प्रयोग गरिएको छ, जुन तर्क सुहाउँदा छन् । तर्कको वजनलाई बोक्न समर्थ छन् । 'ईश्वर छ-छैन बहसकै विषय छ दुनियामा । यदि इश्वर छ भने हामीले उसँग पनि यही प्रार्थना गर्नुपर्छ, हे प्रभु ! हामीलाई यस्तो भोक नलागोस् जो अर्काको लागि जुठो-पुरो खान नपरोस्' (पृ. ११) । यसरी तर्कहरू मीठो भाषामा प्रस्तुत भएका छन् ।

### ४.१.४ शब्द-प्रदूषण

### ४.१.४.१ शीर्षक परिचय

*शब्द-प्रदूषण* शीर्षकको यो निबन्ध यस सङ्ग्रहका चौथो निबन्ध हो । यो पहिलो चोटि २०६० मा ज्ञानज्योति समूहको **गन्तव्य**-१ मा प्रकाशित भएको देखिन्छ । शब्द-प्रदूषण तीन पृष्ठको आयाममा फैलिएको छ र ५ अनुच्छेदहरूमा संरक्षित छ । यो निवन्ध मुख्य कथ्य शब्द-प्रदूषण हो र भित्री पाठ शीर्षक अनुकूल कै रहेको छ ।

### ४.१.४.२ विषयवस्तु

शब्द-प्रदूषण निबन्धमा विषयवस्तुको प्रयोग राम्ररी भएको छ । यस निबन्धको शीर्षक नै शब्द-प्रदूषण भएकाले निबन्ध शब्द-प्रदुषणकै वरिपरि केन्द्रीत रहेको छ । समाजमा एउटा कुरो भन्ने र अर्कै कुरो गर्ने प्रवृत्ति बढेको छ । यो सामाजिक विकृति-विसङ्गति बनेर देखा परेको छ । त्यसले गर्दा मानिसले बोल्ने शब्दहरू अर्थहीन भएका छन् । जस्तो पार्टीका नेताहरूले अनेक ठूलाठूला शब्दहरू मार्फत् फलाक्ने गर्छन् तर भाषण गरिसकेपछि त्यस अनुसारकुनै कुरा लागू गर्दैनन् । बोलिने शब्दहरू त्यतिकै बोलिन्छन् । शब्दको कुनै वजन हुँदैन । यसरी शब्दहरू प्रदूषित भएका छन्, बेकारका भएमा छन् भनिएको छ । शब्दहरूको उचित प्रयोग हुन सकेको छैन । त्यसैले यी शब्दहरू फितला भएका छन् । शब्द फितला भएकाले भाषामा असर परेको छ र भाषा पनि फितलो भएको छ भन्ने तर्क राखिएको छ ।

कहाँ कहाँ कसरी कुन कुन शब्दहरू कसरी प्रदूषित भएका छन् भन्ने उदाहराण नभए पनि समस्त बोली नै अर्थहीन हुने गरी शब्दहरूको नाजायज प्रयोग गरिएको छ । शब्दले अर्थवहन गर्न छोडेको छ । यसरी शब्दहरू अर्थहीन हुन थालेपछि यस प्रतिको विश्वास नै हराउँदै गएको छ । त्यसो भएकाले शब्दहरूले पुनः आफ्नो अर्थ पाउनु पर्छ र शब्दको गरिमालाई मर्न दिनु हुँदैन भन्ने सन्देश सहितको विषयवस्तुको उठान यस निबन्धले गरेको छ ।

### ४.१.४.३ सङ्गठन

सङ्गठनले निबन्धका शरीरसंरचना, भाव र भाषा संरचनालाई जीवन्त तुल्याउने गर्छ । *शब्द-प्रदुषण* निबन्ध सङ्गठित नै देखिन्छ । यसको पुरै पाठ शब्द-प्रदुषण प्रति नै केन्द्रित छ । विचारहरू त्यति छरिएका छैनन् । तर भाव र विचारको पुष्टिका निम्ति जुन उदाहरण हुनुपर्ने हो, जुनकुरालाई ठोस रूपमा औँल्याउनु पर्ने हो त्यो छुटेको छ । शब्दहरू कहाँ कसरी प्रदूषित भए भनेर देखाउनु पर्ने थियो । कुन कुन शब्द प्रदूषित भए भनेर उदाहरण प्रस्तुत गर्नुपर्ने थियो यसो नगरी सिधै शब्दहरूप्रति लार्पवाहीगर्ने प्रवृत्तिहरूलाई सामान्यरूपमा प्रदूषण भनिएको छ । यसरी आफ्ना भनाईहरूको पुष्ट्याइँ नभए पनि प्रदुषणका सामान्यकृत कथनहरू सिलसिलेवार नै प्रस्तुत भएका छन् । निबन्ध छोटो छरितो छ । क्रम पनि मिलेकै छ ।

### ४.१.४.४ उद्देश्य

उद्देश्य निबन्धका संरचनात्मक तत्त्वहरू मध्येको एक हो । हरेक निबन्धहरूका उद्देश्य अन्तर्तिहित रहेको हुन्छ । *शब्द-प्रदुषण* निबन्धमा जुन सन्देशहरू रहेका छन् शब्दहरूको प्रदूषण भएको छ, समाजमा मानिसका बोलीहरू तौलहीन भएका छन् । भन्ने बेलामा जे पनि भन्ने, ठूलाठूला शब्दहरूको प्रयोग गर्ने तर गर्ने बेलामा यसको विपरीत कार्यहरू गर्ने प्रवृत्ति समाजमा छाएको छ । यो सामाजिक विकृति विसङ्गतिको रूपमा प्रकट भएको छ । यस्तै तरिका रहिरहने हो भने शब्दहरू गरिमाहीन बन्छन्, यसबाट भाषा पनि फितलो हुन्छ । त्यसकारण शब्द प्रदुषण हुनबाट जोाउनु पर्दछ भन्ने जुन विचार वा सन्देश प्रवाह गरिएको छ, यस विचारलाई जनसामु प्रस्तुत गर्ने, आफूलाई प्रकट गर्ने र आफ्ना विचारहरू प्रति पाठकीय सहमति खोज्ने उद्देश्य यस निबन्धकारको रहेको छ ।

### ४.१.४.५ भाषाशैली

भाषाशैली विना निबन्धको परिकल्पना गर्न सकिँदैन । यस्तो महत्त्वपूर्ण संरचनत्मक तत्त्वको उपस्थिति *शब्द-प्रदूषण* निबन्धमा नहुने कुरै भएन । यस निबन्धमा प्रयोग भएको भाषा सरल, सहज र सुबोध्य छ । वाक्यहरू छोटा, छरिता छन् । विषयवस्तुको प्रस्तुति गर्नमा भाषा सफल नै देखिन्छ । शैली पनि संयत शैली रहेको छ । न भावुक प्रलापहरू धेरै छन् न केटाकेटी पन । आत्म निष्टताको परिचय दिने मनोगत कथनहरूपनि छन् भने वस्तुनिष्टताको लक्षण उनको विषयकेन्द्रित प्रस्तुति हो । यसरी निबन्धले आफ्ना विचार र भावलाई छरितोसँग पस्किन समर्थ भएको छ ।

### ४.१.५ केही लघु लेखहरू

### ४.१.५.१ शीर्षक

*केही लघु लेखहरू* शीर्षकको यो निबन्ध **भूलहरूका विरुद्ध** निबन्धसङ्ग्रहमा सङ्गृहित भएको पाँचौ लेख हो । यो निबन्ध पहिलोपटक **मिर्मिरे** पत्रिकाको २०४ औं अङ्कमा वि.सं. २०५९ मा प्रकाशित भएको निबन्ध हो । यो निबन्ध तीन पृष्ठको आयाममा फैलिएको छ । दशवटा उपशीर्षकहरू गरी दशवटै अनुच्छेदहरूमा संरचित छ । यसको विषय पनि दशवटा रहेको छ । एक एक अनुच्छेदका १० वटा लेखहरू (उपशीर्षक अनुसारका) भएकाले भित्री पाठ र शीर्षक मिल्दो जुल्दो नै देखिन्छ ।

### ४.१.५.२ विषयवस्तु

*केही लघु लेखहरू* निबन्ध अरू भन्दा फरक खालको निबन्ध भएकाले यसमा दशवटा उपशीर्षकहरूमा रहेका दशवटा विषयवस्तु प्रस्तुत भएको छ । *खोजी र संरक्षण* शीर्षकको पहिलो लेखमा विरुवा राम्रो हुन जसरी माटोको परीक्षण हुनु पर्छ त्यसैगरी समाज राम्रो बन्नको निम्ति दर्शन (विचार) राम्रो हुनुपर्छ र यसको खोजी हुनुपर्ने उल्लेख गरिएको छ । अर्को उपशीर्षक छ *विज्ञापनको प्रभाव* । यसमा जसरी विज्ञापनले प्रभाव पार्छ त्यसरी नै हामीभित्र रहेको हर्ष (चेतना) ले त्यसलाई छानविन गरिएन भो हामीभित्र रहेको सुगा (रट्टु स्वभाव) ले गलत कुरालाई पनि अपनाउँछ भनिएको छ । अर्को उपशिर्षक छ *युद्धको माग* । यसमा महाभारत आर्ष महाकाव्यका पात्रहरू: अर्जुन, दुर्योधन, कर्ण, द्रोणाचार्यहरूको

उदाहरण दिँदै युद्धमा हारे पनि कर्णहरू दानवीर कहलाएका छन् र अर्जुनहरूले जिते पनि भिखारी जस्तो भएका छन् भनिएको छ । यस्तै अर्को उपशीर्ष *प्रयोग* मा भनिएको छ : हामीले आफ्नो योग्यता क्षमताको आफैले प्रयोग गरेका छौं भने अरूकै स्वार्थका लागि हामी प्रयोग भइरहेको हुन सक्ने तर्फ इशारा गरेका छन् । अर्को उपशीर्षक प्रवृत्तिमा हाम्रा दुईखालका प्रवृत्ति मध्ये हाम्रा कमजोर प्रवृत्ति प्रति आँखा चिम्लीएका छौं भनिएको छ । अर्को उपशीर्षक *प्रजातन्त्र*मा प्रजातन्त्र विश्वकै प्रचलित प्रणाली भए तापनि यस भित्रका ९० प्रतिशत कुराहरू बेकम्बा रहेका र १० प्रतिशत असल कुराहरूले के पो गर्न सक्ला र ! भनिएको छ । अर्को लेख *नक्कली* मा आज जे जति लेख, भाषण, जुलुसहरू छन् ती नक्कली छन् भनिएको छ । अर्को लेख *आजका नेता* मा नेताहरू खेला तरेपछि लौरो बिर्सने नेताका रूपमा परिणत भएका छन् भनिएको छ । अर्को लेख *ऐनाहरू*मा हामीले हेर्ने ऐनाहरू भिन्नाभिन्नै छन् तर तिनबाट यथार्थ जे छ त्यो नभई अर्कै कुरा देखिएको छ भनिएको छ । अन्तिम लेख *नेपथ्य*मा आज नाटकहरूमा मात्र होइन, राजनीति, साहित्य र जीवनका अन्य पक्षहरूमा पनि बाहिर जे देख्छौ त्यो भित्री कोणबाट वा नेपथ्यबाट चलेको हुन्छ भनिएको छ । यसरी समाज यथार्थ बनेका र छरिएर रहेका दसवटा विषयलाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ ।

### ४.१.५.३ सङ्गठन

सङ्गठन तत्त्वको प्रयोग यस *लघुलेखहरू*मा उपर्युक्त ढङ्गले गरिएको छैन । यसभित्र दसवटा लेखहरू (उपशीर्षकहरू) रहेका छन् । ती एक अनुच्छेदका छन् । एक अनुच्छेदमा पनि निबन्धको आदि मध्य र अन्त्यको सङ्गठनात्मक लक्षण त हुन स्क्छ तर कुनै एक अनुच्छेदमा कुनै एक विषयको अद्योपात वर्णन कहाँ सम्भव हुन्छ । केवल टिप्पणी जस्तो लेख्न सकिन्छ । भिन्दाभिन्दै विषयवस्तुका दसवटा लघुलेखहरू भएकाले प्रत्येकको भिन्दाभिन्दै सिलसिला, क्रमबद्धता, विषयको उठान र बैठान हुने हुँदा एउटै शीर्षकभित्र यी सबैको सङ्गठनात्मक स्वरूप बन्न सक्तैन । निबन्धलाई पनि मुक्तक जस्तो बनाइएको छ र यो नयाँ प्रयोग गरिएको छ । अतः यसको सङ्गठनात्मक महत्त्व कम छ ।

### ४.१.५.४ उद्देश्य

निबन्ध निरुद्देश्य लेखिएको हुँदैन । तर *केही लघु लेखहरू* शीर्षकको यो निबन्धमा भने दसवटा विषयहरू उठाएको छ र दसथरिका विषयअनुकुलका सन्देशहरूले भरिएको छ ।

यसरी दसवटा सन्देश सहितको यस निबन्धको मूल उद्देश्य भनेको निबन्धकारको आत्म प्रकटीकरण हो । मैले यति धेरै विषयमा यस्ता भिन्न दृष्टिकोण राखेको छु भनेर देखाउने उद्देश्य यस निबन्धको रहेको छ ।

### ४.१.५.५ भाषाशैली

भाषा बिना कुनै निबन्ध हुन सक्तैन तर निबन्धमा भाषा भनेर जुन कुरालाई भनिएको छ त्यो यस निबन्ध *केही लघु लेखहरू* मा पनि संक्षिप्त रूपमा भए पनि प्रस्तुत भएकै छ । भाषा सरल, सहज र सुबोध्य छ । यस शीर्षक भित्रका दसवटै लेखहरू स्पष्टसँग बुझिने खालका छन् । छोटा वाक्यहरू छन्, सहज अभिव्यक्तिहरू छन् । भाव र विचारलाई अभिव्यक्त गर्ने संयत शैली रहेको छ भने रमरम व्यङ्ग्य पनि रहेको छ । भाषा आलङ्कारिक त छैन बुद्धिप्रधान प्रसाद शैली यस निबन्धमा प्रस्तुत भएको देखिन्छ ।

## ४.१.६ विचारप्रतिको दृष्टिकोण

### ४.१.६.१ शीर्षक परिचय

*विचारप्रतिको दृष्टिकोण* **भूलहरूका विरुद्ध** निबन्धसङ्ग्रहभित्र सङ्गृहीत छैठौँ निबन्ध हो । यो प्रथमपटक २०६० मा **जनमत** पत्रिकाको ९१ औँ अङ्कमा प्रकाशित भएको निबन्ध हो । यो तीन पृष्ठको आयाममा फैलिएको छ र ११ अनुच्छेदहरूमा संरचित भएको छ । प्रस्तुत निबन्धको शीर्षक लेखको शीर्षक जस्तो रहेको भए पनि र उत्तरार्धका निबन्ध मूल विषयबाट केही बरालिएको भए पनि भित्री पाठ र शीर्षक मिल्दा जुल्दा नै छन् ।

### ४.१.६.२ विषयवस्तु

विषयवस्तु यस तत्त्वको प्रयोग *विचारप्रतिको दृष्टिकोण* शीर्षक निबन्धमा राम्रसँग भएको छ । विचार मान्छेको पहिचान हो । विचार भएन भने मानिस र पशुमा फरक हुँदैन भनिएको छ तर यस विचारप्रति मान्छेका फरक-फरक दृष्टिकोण हुन्छन् भनिएको छ । जस्तो कोही सत्य विचारका हुन्छन् र यसकै पछि लाग्छन् र कोही यसका विरोधी हुन्छन् पृथ्वी घुम्छ भन्ने विचारकै कारण ग्यालिलियो झुण्डिए । उनलाई झुण्ड्याउनेहरू असत्य विचारका पछि लागि रहे । त्यसकारण विचारलाई हेर्ने दृष्टिकोण फरक फरक हुन्छ भनिएको छ । असत्य विचार राख्ने सयजना दुर्जन भन्दा सत्य विचार राख्ने एक जना सज्जन नै

आफ्ना लागि पूजनीय हुने कुरा निबन्धमा सन्देशको रूपमा प्रस्तुत गरिएको छ र यही नै यस निबन्धको विषयवस्तु बनेको छ ।

### ४.१.६.३ सङ्गठन

यो तत्त्व *विचारप्रतिको दृष्टिकोण* शीर्षकको निबन्धमा अवलम्बित त भएको छ तर राम्ररी सङ्गठित हुन सकेको छैन । उत्तरार्ध विषान्ततिर बढेको छ । शीर्षक अनुसारको विषयवस्तु त्यति सजिलो नभएकाले पनि यस्तो हुन पुगेको छ । निबन्ध त्यति सिलसिलेवार बन्न सकेको छैन । तर निबन्ध छोटो र छरितो पनि छ । भावका दृष्टिले मात्र विषयमा अलमल भएको देखिन्छ । शैलीगत क्रमिकता भने रहेको छ ।

### ४.१.६.४ उद्देश्य

उद्देश्य रहीत कुनै निबन्ध हुँदैन भने जस्तै *विचारप्रतिको दृष्टिकोण*मा पनि निमित्त उद्देश्य रहेको छ । यस निबन्धमा जुन सत्य र असत्य विचारहरू प्रति मानिसका फरक फरक दृष्टिकोण हुन्छन् भनिएको छ र जतिसुकै अप्ठेरो भए पनि सत्य विचारतर्फ नै लाग्नु पर्दछ, सत्यकै जीत हुन्छ भन्ने जुन सन्देश यसमा अन्तर्निहित छ, यही सन्देश यही विचारको अभिव्यक्ति गर्ने र यी विचारप्रति सहमति जुटाउने गहन उद्देश्य यस निबन्धमा रहेको देखिन्छ ।

### ४.१.६.५ भाषाशैली

*विचारप्रतिको दृष्टिकोण* निबन्धमा जुन शैलीको प्रयोग भएको छ त्यो भावका हिसाबले संयत शैली हो र भाषाका हिसाबले प्रसाद शैली हो । निबन्धका प्रकारका हिसाबले वैचारिकताको दबदबा रहेको भावप्रधान निबन्ध हो । तर भाव प्रधान भनिए पनि यो भावुक प्रलाप भएको निबन्ध भने होइन । सरल भाषा, छोटा वाक्य, प्रष्ट बुझिने भावहरूका कारणले र रमरम व्यञ्जना पनि मिसिएकाले निबन्ध रसिलो बनेको छ ।

## ४.१.७ प्रयोग-पीडा

### ४.१.७.१ शीर्षक परिचय

*प्रयोग-पीडा* **भूलहरूका विरुद्ध** निबन्धसङ्ग्रहमा सङ्ग्रहीत सातौँ निबन्ध हो । यो निबन्ध पहिलोपटक २०६० मा **जनमत** मासिक पत्रिकामा छापिएको निबन्ध हो । तीन

पृष्ठको आयाममा फैलिएको र ८ वटा अनुच्छेदहरूमा संरचित यस निबन्धको शीर्षक अनुसारकै भित्री पाठ रहेको छ ।

### ४.१.७.२ विषयवस्तु

यस तत्त्वको अवलम्बन निबन्धहरूमा अनिवार्य हुन्छ । *प्रयोग-पीडा* निबन्धमा पनि यसको अवलम्बन भएकै छ । यसमा विषयवस्तुको रूपमा अरूले मनलाग्दी प्रयोग गरेकाले आफूलाई पीडा भएको कुरा निबन्धकारले उठाएका छन् । कुनै व्यवसायी संस्थाले परिश्रमिकको प्रलोभन देखाएर लेखकहरूसित लेख मागेर ग्रन्थ निकालेको र ग्रन्थ प्रकाशन भइसकेपछि लेखकहरूलाई बोलाएर उनीहरूको पारिश्रमिक नारायणी नदीमा सिँढी बनाउने त्यहाँ दान दिनोस भनी भनिएको चालबाजी पूर्ण गतिविधिबाट आहात भएर यसरी लेखकको ब्रह्मश्व व्यवसायीहरूले लिएको कुरालाई लेखमा उठाइएको छ । यस कार्यलाई आफ्नो स्वार्थका लागि अरूलाई प्रयोग गर्ने वद्चलन भनिएको छ । त्यस्ता प्रयोगकर्ताहरूलाई बनियाको उपनाम दिइएको छ र तिनलाई धूर्त भनिएको छ । धुर्त व्यवहारप्रति आक्रोश पोखिएको छ र यस्ता ब्रह्मश्व लुट्ने घटनाहरू सामाजिक बिडम्बना हुन् । यस्तो आइन्दा नहोस् भन्ने सन्देश प्रवाह भएको विषयवस्तु यसमा रहेको छ ।

### ४.१.७.३ सङ्गठन

यस तत्त्वको प्रयोग *प्रयोग-पीडा* निबन्धमा कसरी भएको छ भनी हेर्न सक्छौं । यस निबन्ध सिधै लेखकका विचारहरूबाट सुरु भएको छ । लेखक वा निबन्धकारले अनुभूत गरेका कुराहरू अरूले आफूलाई गलत ढङ्गले प्रयोग गरेको कुराहरू प्रति असन्तुष्टि जाहेर गर्दै लेखको बिट मारिएको छ । लेखकले अनुभूत गरेको पीडाको सिलसिला यसमा आएको छ । निबन्धले घटना वर्णन गरेको छ । असन्तुष्टि जाहेरी गरेको छ । पीडाको अभिव्यक्ति भए पनि त्यति हार्दिक बनेको छैन । निबन्ध त्यति मन छुने बनेको छैन । कतै भावहरू आक्रोशको कारणले खण्डित भए कि जस्तो देखिन्छ । निबन्ध त्यति गठिलो त छैन तर विषयक्रम भङ्ग भएको त्यस्तो प्रलापपूर्ण पनि छैन । साधारण रूपमा सङ्गठित देखिन्छ ।

### ४.१.७.४ उद्देश्य

यस तत्त्वको प्रयोग यस निबन्धमा पनि भएकै छ । किनभने उद्देश्य नभएको त कुनै निबन्ध नै हुँदैन । *प्रयोग-पीडा*मा जुन प्रयोगका कारणले पीडा भइरहेको छ, त्यसलाई विडम्बनापूर्ण घटना बताउँदै आइन्दा यस्तो नहोस भन्ने सन्देश सहित आफ्ना अनुभूति, विचार र भावलाई पाठकसमक्ष पुऱ्याएर त्यहाँ अनुमोदन प्राप्त गर्ने र आफ्ना पीडाहरू पोखेर आफू केही हल्का बन्ने उद्देश्य यस निबन्धमा राखिएको छ ।

### ४.१.७.५ भाषाशैली

भाषाशैली निबन्धका संरचनात्मक तत्त्वहरू मध्येको एक हो । यस तत्त्वको प्रयोगले नै निबन्ध वास्तविक निबन्ध बन्छ । *प्रयोग-पीडा* निबन्धमा जुन भाषा र शैली प्रयोग भएको छ, त्यो आक्रोशपूर्ण भए पनि अस्पष्ट छैन । सरल शब्दहरूकै प्रयोग भएको छ । छोटा वाक्यहरूको प्रयोग, प्रचलित लेख्य भाषाका शब्दहरूको प्रयोगले निबन्धलाई सुबोध्य बनाएका छन् । शैली पनि संयत शैली छ । न धेरै ठट्यौलो न भावुक प्रलाप आक्रोश मिसिएको नियन्त्रित शैलीको प्रयोग छ । भाव अभिव्यक्ति कतिपय स्थानमा सुन्दर रूपमा प्रकट भएको छ । "सल्कने ठाउँ नपाएपछि आफ्नो विद्रोहको आगोले आफैँ खरानी हुनु बाहेक अरू के हुन्छ र ! धूर्त प्रयोगवादीले कोठी र जुवाघर मात्र होइन, मठ मन्दिरलाई पनि आफ्नो स्वार्थको प्रयोगशाला तुल्याउँछन्" (पृ. २४) ।

### ४.१.८ युवा र सम्बन्ध

### ४.१.८.१ शीर्षक परिचय

*युवा र सम्बन्ध* शीर्षकको यो निबन्ध **भूलहरूका विरुद्ध** निबन्ध सङ्ग्रहको आठौँ निबन्ध हो । यो पहिलोपल्ट वि.सं. २०६० मा **मिर्मिरे** पत्रिकाका छापिएको निबन्ध हो । यो तीन पृष्ठको आयाममा फैलिएको र ८ वटा अनुच्छेदहरूमा संरचित भएको निबन्ध हो । निबन्ध युवा समस्या र सम्बन्धहरूमा नै केन्द्रीत छ । निबन्धको शीर्षक भित्री पाठको अनुकूल छ ।

### ४.१.८.२ विषयवस्तु

विषयवस्तु निबन्धको एउटा तत्त्व हो । यस तत्त्वको उपस्थिति *युवा र सम्बन्ध* निबन्धमा सघन रूपमा रहेको छ । युवाको परिचय विनै सिधै आजका युवामा देशप्रेम छैन भन्ने ठोकुवा विचारका साथ निबन्ध आरम्भ भएको छ । नेपालका प्रतिभाशाली युवाहरू बाहिरीएका छन् । तिनले देशसेवा गर्न पाएका छैनन् । देश प्राकृतिक स्रोत साधनले युक्त भए पनि यहाँका अभिभावक भीख मङ्गा जस्ता भएका छन् । युवाहरूले पनि अभिभावकलाई वास्ता गर्दैनन् र अभिभावकले पनि युवाहरूलाई स्नेह दिँदैनन् भनिएको छ । देशका निम्ति युवाहरू साहस, विश्वास र आशा त हुन् तर युवाहरूलाई राजनैतिक दलहरले मुर्कुट्टा बनाएर राखेका छन् । युवा जागरण हुन पाएको छैन । लथालिङ्ग भएको छ देशको चाला भनिएको छ । परोक्ष रूपमा युवाहरूलाई देशको खम्बा बनाउनु पर्छ भन्ने सन्देश रहेको विषयवस्तु यस निबन्धमा रहेको छ ।

### ४.१.८.३ सङ्गठन

यस तत्त्वले नै निबन्धको स्वरूप निर्धारण गर्दछ । *युवा र सम्बन्ध* शीर्षक भए पनि भित्री पाठमा युवा समस्याहरूलाई केलाइएको छ र पाठको उत्तरार्ध भने विषयकेन्द्री बनेर गठिलो हुन सकेको छैन । फ्यास्ल्याक्क फुस्लिएको पटुका जस्तो बनेको छ, कसिलो बनेको छैन, विषयलाई अन्तिममा राम्ररी बाँध्न सकिएको छैन । निबन्धको आरम्भ पनि आफ्ना मतहरूबाट गरिएको छ र अन्तिम भाग पनि फ्यास्ल्याक्क परेको छ । तर वीचको भाग भने विषयकेन्द्री भएको छ । दरिलो छ । वैचारिकताको प्रवाह छ । भावहरूको प्रवाह रहेको छ ।

### ४.१.८.४ उद्देश्य

*युवा र सम्बन्ध* निबन्धमा जुन परोक्ष सन्देशहरू छन् । युवालाई राजनैतिक पार्टीहरूले वेकम्बा बनाएर राखेकोमा जुन आक्रोश पोखिएको छ र युवाहरू देशका खम्बा हुन्, आशा भरोसा हुन् तिनलाई बेकम्बा बनाएर राख्नु हुँदैन भन्ने जुन सन्देशहरू छन् त्यसको जाहेरी र त्यस विचारप्रति पाठकीय सहमति प्राप्त गर्ने उद्देश्य यस निबन्धको रहेको छ ।

### ४.१.८.५ भाषाशैली

भाषाशैली निबन्धको मेरुदण्ड हो । निबन्धको वर्गीकरण यसको सशक्तिकरण भाषाशैलीबाट नै हुन्छ । *युवा र सम्बन्ध* निबन्धमा पनि सरल भाषाको उपस्थिति देखिन्छ । छोटा छरिता वाक्य रचना, स्पष्ट कथन, चिन्तन प्रवाह र त्यसलाई सुहाउने भाषा र अभिव्यक्तिकलाले निबन्धलाई पठनीय तुल्याएको छ । रसिलो तुल्याएको छ । "जीवनमा सवभन्दा ठूलो दुःख आशाको लोप हुनु हो, सबभन्दा ठूलो कष्ट साहस टुट्नु हो । सबभन्दा ठूलो पीडा विश्वास मेटिनु हो ।" यति मीठो अभिव्यक्तिहरूले गर्दा यसमा प्रयुक्त भएको भाव सम्प्रेषण गर्न संयत शैली र भाषा सञ्चालको प्रसाद शैलीले नयाँ आयाम पाएका छन् । रमरम भावुकता मिसिएको, विचारको सघनता भएको वर्णनात्मक निबन्धको कोटिमा पर्ने यस निबन्धले पाठकको मनमा सन्तुष्टि थपेको छ ।

### ४.१.९ उन्मुक्तिको बाटोमा

### ४.१.९.१ शीर्षक परिचय

*उन्मुक्तिको बाटोमा* शीर्षकको यो निबन्ध **भूलहरूका विरुद्ध** निबन्धसङ्ग्रहको नवौँ निबन्ध हो । यो निबन्ध पहिलो पटक वि.सं. २०६० मा **सम्प्रेषण** पत्रिकाको १३ औँ अङ्कमा प्रकाशित भएको थियो । यो निबन्ध तीन पृष्ठको आयाममा फैएिको छ । साथै ७ अनुच्छेदहरूमा संरचित रहेको छ । दास भावनाबाट उन्मुक्ति तर्फको मनुष्यलाई केन्द्रविन्दु बनाएर रचिएको यस निबन्धको भित्री पाठ शीर्षकलाई अनुकूल रहेको छ ।

### ४.१.९.१ विषयवस्तु

विषयवस्तु निबन्धका संरचनात्मक तत्त्वहरू मध्येको एक हो । यस तत्त्वको प्रयोगले नै निबन्धको कथ्यसंसार निर्माण हुन्छ । *उन्मुक्तिको बाटोमा* दासत्वबाट मानव जीवनको उन्मुक्तिलाई नै विषयवस्तुको केन्द्र बनाइएको छ । 'म मान्छे हुँ, मान्छेको अस्तित्वमा रहन चाहन्छु भने, म मान्छे जस्तै भएर बाँच्न चाहन्छु भनिएको छ । वास्तवमा मान्छे स्वतन्त्र छैन, उसले धर्म परम्पराको, जातिको, संस्कृतिको, भाषका, ऐन कानून र नीति नियमको वशमा पर्नु परेको छ । ढुङ्गाका मालिक ठान्नु परेको छ, गो मलमूत्र खानु परेको छ । आफू

मालिक हुँ, कसैको दास होइन भन्ने भावनामा आउन सकिएको छैन । प्रकृतिका अनिवार्य नियमहरूको पालना गर्न सक्छु, त्यसमा कसैले डोऱ्याउनु पर्दैन र अरू सामाजिक, आर्थिक, धार्मिक, नैतिक साँस्कृतिक बन्धनहरू, कुसंस्कारहरू र अरूलाई मालिक मानी आफूलाई हीन सम्झने भावनाबाट माथि उठ्नु पर्छ, आफूले नजानीकनै अरूको भरमा लहैलहैमा गरिने कार्यले दासत्व जगाउँछ त्यसकारण म मानिस हुँ भन्ने मानवीय बोधको भावनाको जागृति जसरी छ भन्ने सन्देश सहितको यो विषयवस्तु यस निबन्धमा रहेका छन् ।

### ४.१.९.३ सङ्गठन

सङगठन निबन्धका संरचनात्मक तत्त्वहरू मध्येको एक तत्त्व हो । यस तत्त्वको प्रयोग *उन्मुक्तिको बाटोमा* शीर्षकको यस निबन्धमा पनि भएकै छ । तर निबन्ध जति गठिलो हुनुपर्ने हो त्यति भएको छैन । अरू निबन्धमा जस्तो यसमा विचार एवं तर्कको जोड पनि छैन र विषयलाई मन छुने ढङ्गले प्रस्तुत गर्न सकेको छैन । भावहरू खण्डित नै भएका त छैनन तर नितले छरितोपना पाएका छैनन् । विषय-विचारको क्रमिकता भए पनि भावको उच्छलन यस निबन्धमा रहेको छैन । निबन्ध साधारण निबन्धको कोटिमा मात्र रहेको छ ।

### ४.१.९.४ उद्देश्य

उद्देश्य निबन्धको एक तत्त्व हो । कुनै पनि निबन्ध उद्देश्य हीन हुँदैन । *उन्मुक्तिको बाटोमा* जुन दासत्वबाट मुक्ति हुने प्रयत्न गर्नु पर्छ भन्ने सन्देश राखिएको छ । त्यही सन्देशलाई पाठक समक्ष पुऱ्याउने, आफ्नो भावनाको प्रकटीकरण गर्ने र आफ्ना विचार र भावहरूमा पाठकीय सहमति जुटाउने उद्देश्य नै यस निबन्धका उद्देश्य रहेको छ ।

### ४.१.९.५ भाषाशैली

भाषाशैली पनि निबन्धको एक तत्त्व हो । यस तत्त्वलाई शैलीमान्नु भनेर बुझ्दा पनि हुन्छ । यस निबन्धमा भावको हिसाबले केही भावुकता मिसिएको समेत शैली अपनाइएको छ भने भाषाको हिसाबले प्रसाद शैली अपनाइएको छ । साधारण हिसाबका सहज सरल

भाषाको प्रयोग, छोटा वाक्यको प्रयोग, प्रचलित शब्दहरूको प्रयोगले भाषिक मिठास थपेको छ भने शैलीगत चमत्कारिता नभए पनि लेखक स्वयं नियन्त्रित भएको, स्पष्ट कथनहरू भएको सुबोध्य निबन्ध रहेको छ यो ।

### ४.१.१० आँखा, कान र जिब्राहरूको नालीबेली

#### ४.१.१०.१ शीर्षक परिचय

*आँखा, कान र जिब्राहरूको नालीबेली* शीर्षकको यो निबन्ध निबन्धकार कपिल अज्ञातको **भूलहरूको विरुद्ध** निबन्ध सङ्ग्रहको दसौँ निबन्ध हो । यो निबन्ध तीन पृष्ठको आयाममा फैलिएको छ साथै नौवटा अनुच्छेदहरूमा संरचित छ । आँखा कान र जिब्राहरूको गहिरो नालीवेली त छैन तर भित्री पाठमा यसैसित सम्बन्धित कुराहरू भएकाले भित्री पाठ पनि शीर्षक अनुकूलै रहेको छ ।

#### ४.१.१०.२ विषयवस्तु

विषयवस्तु निबन्धको एक संरचनात्मक तत्त्व हो । यो विना निबन्धको उठान नै हुन्न । यस तत्त्वको *आँखा, कान र जिब्राहरूको नालीबेली* शीर्षकको निबन्धमा राम्रै उपस्थिति रहेको छ । आँखा, कान र जिब्राहरूलाई प्रकृतिको मान्यतर सृष्टि भनिएको छ । यी मानवीय अङ्गहरूबाटै मानव सभ्यताको सिर्जना भएको मानिएको छ । यी अङ्गहरूका आ-आफ्ना धर्महरू रहेका छन् । आँखाको धर्म देख्नु हो, कानको सुन्नु हो र जिब्राको धर्म स्वाद लिनु हो । यी अङ्गका धर्महरूले आफ्नो स्वार्थका कारणले पनि अन्धो हुन्छ, धृतराष्ट महाअन्धा थिए भनिएको छ । यसरी शरीरले धर्म छाड्यो भने ठूलो संकट आउँछ भनिएको छ । तर मानव मनको धर्म स्वार्थ हो चाहिँ भनिएको छैन । हामी हाम्रो शरीरको धर्मलाई विर्सेर सांसारिक धर्ममा लागेका छौँ भनिएको छ । यी अङ्गहरूलाई राष्ट्रमा पनि घटाइएको छ । राष्ट्रको आँखा बुद्धिजीवी, कान कर्मचारी, जिब्रा नेता हुन भनिएको छ । अनि यी अङ्गहरू आफूआफूमै रमाउने गर्छन् । आँखा राम्रो दृश्यमा रमाउन पायो भने अन्त हेर्दैन भनिएको छ । शरीरका विभिन्न अङ्गहरूलाई आ-आफ्नो कार्यमा रमाउँछन् बाहिरी चोटहरू चाहिँ छातीले निरीह भएर सहन्छ भनिएको छ ।

### ४.१.१०.३ सङ्गठन

सङ्गठन निबन्धको एक तत्त्व हो । यसबाट नै निबन्धको शरीर तयार हुन्छ । *आँखा, कान र जिब्राहरूको नालीबेली* शीर्षकको यो निबन्ध विषयकेन्द्री भएर पनि गठिलो छैन । यसमा विषयवस्तु भावहरूको प्रवाह छैन । विषय गहिराइमा नगइकनै टुङ्गिएको छ । एक प्रकारको क्रमिकता त छ, तर त्यसले मुख्य भनाईलाई स्थापित गर्न सकेको छैन । यसर्थ यो निबन्ध हुनुपर्ने जति गठिलो हुन सकेको छैन ।

### ४.१.१०.४ उद्देश्य

उद्देश्य निबन्धको एक संरचनात्मक तत्त्व हो । हरेक निबन्ध उद्देश्यपूर्ण हुन्छ । यस *आँखा, कान र जिब्राहरूको नालीबेली* निबन्धको पनि आफ्नो उद्देश्य रहेको छ । शरीरका अङ्गहरूका धर्महरू भएजस्तै राज्यका अङ्गहरूका पनि धर्महरू हुन्छन् । ती धर्मलाई बुझ्नु पर्दछ र धर्मबाट च्यूत भएर तिनले हानी पुऱ्याइरहेका छन् कि धर्मवादी भएर आफूलट्ठ भएका र अरूको वास्ता नगर्ने भएका छन् भन्ने हेर्नुपर्दछ । अङ्गहरू आ-आफ्ना धर्ममा रमाइरहँदा शरीरमा बाहिरी जुन चोटहरू पुग्छन्, त्यसलाई भने छातीले सहनु पर्दछ भनिएको छ । यी कुराहरूको पाठकीय जानकारीका निम्ति प्रस्तुत गरिएका छन् । यसको उद्देश्य यही हो ।

### ४.१.१०.५ भाषाशैली

भाषाशैली निबन्धको तत्त्व हो र यसको अभावमा निबन्ध बन्न नसक्ने कुरा जग जाहेर नै छ । भाषा अभिव्यक्तिको माध्यम भएजस्तै शैली अभिव्यक्तिको गहना हो । यस *आँखा, कान र जिब्राहरूको नालीबेली* निबन्धमा भाषाको हिसाबले सरल, सहज अभिव्यक्ति भएको, छोटा वाक्यहरू भएको, बहुप्रचलित शब्दहरूको प्रयोग गरिएको, प्रसाद शैलीको प्रयोग गरिएको छ भने भाषाका दृष्टिले नरम, भावुकता किसिमको मनोगत कथनहरू भएको भए पनि संयत शैली प्रयोग गरिएको छ । केही अभिव्यक्तिगत कमजोरीहरू विषय प्रस्तुतिमा रहेको भए पनि भाषाको हिसाबले निबन्ध ठीकै रहेको छ ।

### ४.१.११ विज्ञापनको चलखेल

#### ४.१.११.१ शीर्षक परिचय

*विज्ञापनको चलखेल* शीर्षकको यो निबन्ध **भूलहरूका विरुद्ध** निबन्धसङ्ग्रहको एघारौँ निबन्ध हो । यो प्रथमपटक वि.सं. २०६० **रजस्थल** पत्रिकाको १९/२० अङ्कमा प्रकाशित भएको थियो । यो निबन्ध तीन पृष्ठको आयाममा फैलिएको छ र आठ अनुच्छेदहरूमा संरचित भएको छ । यो शीर्षकमा उल्लेख भएको विषयवस्तुके वरिपरि केन्द्रित रहेको छ । शीर्षक अनुकूल रहेको छ भित्री पाठ ।

#### ४.१.११.२ विषयवस्तु

विषयवस्तु निबन्धको एक प्रमुख तत्त्व हो । यसको प्रयोगविना निबन्ध बन्न सक्दैन । *विज्ञापनको चलखेल* निबन्धमा जनु विषयवस्तुको प्रयोग भएको छ त्यो विज्ञापनकै चलखेल वरिपरि केन्द्रित रहेको छ । विज्ञापनलाई हावासित तुलना गर्दै यसको पनि रूपरङ्ग नहुने र यो धेरै चल्दा हुण्डरी र थोरै चल्दा उकुसमुकुस हुने जस्तो आकर्षक वस्तुको रूपमा प्रस्तुत गरिएको छ । हरेक कुरा विज्ञापनमै चलेका छन्, कतै धर्मको, कतै राजनीतिको, कतै जातिको । विज्ञापन बिना केही चीज टिक्न नसक्ने भएको छ । बुद्धको नाममा शान्ति फैलाउन लुम्बिनीलाई विज्ञापनको रूपमा प्रयोग गरिन्छ । तर खै त बुद्धको शान्ति भनिएको छ । विज्ञापनलाई हल्लामा मात्र पत्याउनु पर्ने भएको छ । यसको भित्री असली चेहरा देखिँदैन । यसको पर्दाभित्र कति षड्यन्त्रहरू भएका छन्, कति खेलहरू भएका छन् तर हामी यसको बाहिरी प्रभावमा बाँच्न बाध्य छौँ भनिएको छ । पृथ्वी चेप्टो छ भन्ने बाइबिलको प्रचारले ग्यालिलियोको ज्यानै लियो । यसरी विज्ञापनको उल्टो प्रभाव पनि परेको छ भनिएको छ ।

#### ४.१.११.३ सङ्गठन

*विज्ञापनको चलखेल* शीर्षकको यो निबन्ध निकै छरितो छ । विषयीकेन्द्री छ । विषयवस्तुलाई छरितो ढङ्गले र सिलसिलेवार ढङ्गले प्रस्तुत गरिएको छ । विज्ञापनका चलखेल सम्बन्धी जनु भावहरू छन् ती खँदिलो नभइकन अघि बढेका छन् । भावप्रवाहमय छ । सुरु र मध्यभागमा रहेको भावको प्रवाहमयता अन्तिममा भने कायम हुन सकेको छैन ।

तर यसको अर्थ विषयको क्रमिकता टुट्यो भन्ने होइन । विषयका हिसाबले कतै विषयान्तर भएको छैन । क्रमिकता टुटेको छैन ।

### ४.१.११.४ उद्देश्य

हरेक निबन्ध कुनै न कुनै उद्देश्यका लागि लेखिएको हुन्छ भने झैं *विज्ञापनको चलखेल* शीर्षकको यो निबन्ध पनि उद्देश्य रहीत छैन । विज्ञापन आजको युगको मृख्य प्रवृत्ति भए पनि विज्ञापनको नाममा खेलिने भित्री खेल वा षड्यन्त्रहरू नभइदिए हुन्थ्यो । शुद्ध विज्ञापनमात्र भए हुन्थ्यो भन्ने खालको परोक्ष सन्देश बोकेर प्रस्तुत भएको यस निबन्धले पाठकमा जुन विचारहरू र भावहरू पस्केको छ यसमा पहिलो उद्देश्य आफ्नो मनका भावहरूलाई पाठक सामु पोख्ने र दोस्रो आफ्ना विचारहरूप्रति पाठकीय सहमति खोज्ने उद्देश्य यस निबन्धमा अन्तर्निहित रहेको छ ।

### ४.१.११.५ भाषा शैली

यस निबन्धको भाषा सरल छ । छोटा वाक्यहरू छन् । भनाई स्पष्ट बुझिने खालका छन् । यसलाई भाषाका दृष्टिले प्रभावशैली भनिन्छ । भनिदै वा पढिँदै र बुझिँदै जानु यसको मुख्य गुण हो । निबन्ध सुबोध्य छ । अब निबन्धलाई सुस्वाद्य बनाउने भनेको शैली नै हो । किनभने शैली भनेको कसरी कुरा अभिव्यक्त हुन्छ भन्ने हो । यस निबन्धमा भाव र भाषाको राम्रो समुन्नत भएको छ । भावले भाषको बुइँ पाएको छ । भावलाई धेरै भावुक नभनी संयमित रूपमा प्रकट गरिएको छ । तर यसो गर्दा भाव प्रवाहमा कुनै विघ्न उत्पन्न भएको छैन । 'पृथ्वी चेप्टो छ भन्ने बाइबलको विज्ञापनले ग्यालिलियोको ज्यानसम्म लिन खोजेको थियो । त्यसैले विज्ञापनले बहससम्म गर्छ, गुणको साक्षात्कार गर्दैन (पृ. ३६) । यसमा भनाई र भाषा नियन्त्रित प्रकारको त छ तर यसले भाव प्रवाहमा विघ्न भने खडा गरेको छैन । भाषा शैलीको हिसाबले यो निबन्ध मनोहर बनेको छ ।

### ४.१.१२ म किन लेख्छु

### ४.१.१२.१ शीर्षक परिचय

*म किन लेख्छु* शीर्षकको यो निबन्ध **भूलहरूका विरुद्ध** निबन्ध सङ्ग्रहको बाह्रौं निबन्ध हो । यस अघि यो कतै पनि प्रकाशित भएको देखिन्न । यो निबन्ध चार पृष्ठको

आयाममा फैलिएको छ र १० वटा अनुच्छेदहरूमा संरचित भएको छ । निबन्ध शीर्षक केन्द्री रहेको छ । अर्थात् भित्री पाठ शीर्षक अनुकूलको रहेको छ ।

### ४.१.१२.२ विषयवस्तु

यस निबन्धको विषयवस्तु भनेको कुनै पनि लेख किन लेखिन्छ र हरेक लेखकको लेख्नुको कारण र उद्देश्य किन फरक फरक हुन्छ भन्ने कुरासित सम्बन्धित छ । लेखकको महत्त्व झल्काउँदै निबन्धकार आफ्नो लेख्नुको कारणमा घोत्लिएका छन् । उनले आफूले किन लेख्छु, के उद्देश्यका लागि लेख्छु भन्दाभन्दै के कारण, के कुराले प्रभावित भएर लेख्छु भनेर पनि उल्लेख गरेका छन् । यसरी लेख्नुको कारण र उद्देश्य बारे प्रष्ट्याएका छन् । विद्यार्थीलाई बुझाउन, आफू लेखक हुन, अरूले जस्तै नाम, दाम कमाउन, नाम पाउन, आत्मप्रदर्शन गर्न र आफै प्रति सच्चा र इमान्दार हुनु लेख्नु भनेर भनेका छन्। यसरी लेख्नुको महत्त्व, लेख्नुको कारण र लेख्नुको उद्देश्यलाई यस निबन्धको विषयवस्तु बनाइएको छ ।

### ४.१.१२.३ सङ्गठन

निबन्ध छोटो मीठो छ । विषयकेन्द्री छ । विषयलाई प्रष्ट पार्न धेरै कुराहरू तानतुन गरिएको भए पनि यो सिलसिला बद्ध छ । विषयको परिचय विना नै एकैचोटि विषयवस्तुमा प्रवेश गर्ने र त्यस विषयवस्तुलाई अनेक कोणबाट खोतल्ने र त्यस विषयमा पाठकलाई एउटा सग्लो जानकारी दिने प्रवृत्ति यस निबन्धमा पनि रहेको छ । यस विषयमा पनि उनले विषयगत कुराहरूलाई छरितो ढङ्गले पस्केका छन् । किन लेख्ने भन्ने विषयलाई कारण र उद्देश्य दुवै झल्काउने तर्कहरूले निबन्धलाई गठिलो तुल्याएको छ । निबन्ध सङ्गठित देखिन्छ ।

### ४.१.१२.४ उद्देश्य

लेख्नु आफूलाई प्रकट गर्नु हो साथै आफू इमान्दार भइरहने, सच्चाइतर्फ लागिरहने मार्ग पनि हो तर लेखाई आफ्नो लागि मात्र होइन अरूका निम्ति पनि हो भन्ने सन्देश भएको यो निबन्ध लेख्नेको उद्देश्य आत्मप्रकटीकरण गर्नु, आफ्ना तर्क र विचारहरू अरूलाई सुनाउनु र त्यसप्रति अरूको सहमति बटुल्नु आदि हो ।

### ४.१.१२.५ भाषा शैली

*म किन लेख्छु* शीर्षकको निबन्ध भाषाकै माध्यमबाट प्रस्तुत भएको छ र यसको भाषा सबैले बुझ्ने खालको सरल र सहज छ । वाक्य छोटा र मीठा छन् । तार्किक खालको लेखनी छ यसमा भावुकताको पनि रमरम मिश्रण छ । यसमा भाव र भाषालाई एउटै भाव प्रवाहमा जोड्ने भावुकता मिसिएको संयत शैलीले निबन्धलाई भावुक प्रलाप हुनबाट जोगाएको छ । निजात्मक शैलीको यस निबन्धलाई तर्क र विचारहरूले केही वस्तुगत जस्तो पनि बनाएको छ । यस निबन्धको भाषा शैलीको एउटा उदाहरणः 'कोही दामका लागि लेख्दा हुन्, कोही नामका लागि लेख्दाहुन् कोही दाम नाम केही निहीत स्वान्त सुखाय लेख्छु भनी दावा गर्दा हुन्, जसले जेका लागि लेखुन, केही पाउनकै निम्ति लेख्छन् (पृ. ३८) । यसरी निबन्धमा भावुकता र तर्क मिसिएको संयत शैलीको प्रस्तुति रहेको देखिन्छ ।

### ४.१.१३ जीवनभोग

### ४.१.१२.१ शीर्षक परिचय

*जीवनभोग* शीर्षकको यो निबन्ध **भूलहरूका विरुद्ध** निबन्धसङ्ग्रहको तेह्रौं निबन्ध हो । यो निबन्ध यसअघि कतै पनि प्रकाशित भएको देखिँदेन । निबन्ध चार पृष्ठको आयाममा फैलिएको छ र एघारवटा अनुच्छेदहरूमा संरचित भएको छ । निबन्ध विषयकेन्द्री छ । भित्री पाठ शीर्षक अनुकूल रहेको छ ।

### ४.१.१३.२ विषयवस्तु

*जीवनभोग* निबन्धको विषयवस्तु भनेकै जीवन र मुक्त जीवन हो । नभोगेको कुराहरूलाई भोग भनिँदैन । र मानव जीवनमा ठूलो भोग भनेकै स्वस्थकर जीवन जिउनु हो । अर्को शब्दमा बाँच्नु नै सबभन्दा ठूलो भोग हो र जीवनमा सुनौला सपनाहरू सजाएर सुखपूर्वक र स्वस्थ भएर बाँच्नु नै जीवनभोग हो भनिएको छ । लड्दै उठ्दै सिक्दै भोग्दै अघि बढिरहने जीवन प्राकृतिक इन्जिनरूपी शरीरबाट थेगिएको हुन्छ र मान्छे सामाजिक प्राणी भएकाले उसको जीवन सामाजिक जीवनसित जोडिएको हुन्छ, परिवारसित जोडिएको हुन्छ । कुनै एउटाको जीवन भत्किँदा अरूको पनि जीवनमा भुकम्प आउने हुन्छ । त्यसो

भएकाले जीवन जीउन हिसाबसँग चल्नु पर्छ । बुद्धको देशमा जन्मिएर पनि अशान्ति हुन सक्छ, पशुपतिनाथ दाहिना भए पनि मानिस अनाथ हुन सक्छ । किनभने समाजमा अवसरवादी बनेर जीवन भोग्नेहरू पनि छन् । त्यसकारण यी सबै कुराहरूलाई मनमा हेक्का राखेर समाजमा जीउनु पर्छ र यो नै जीवनभोग हो । यही विषयवस्तुलाई यस निबन्धमा प्रस्तुत गरिएको छ ।

### ४.१.१३.३ सङ्गठन

*जीवनभोग* निबन्ध यस सङ्ग्रहको सुन्दर निबन्ध मध्येको हो । यसमा जीवनभोग सम्बन्धीका सुकुमार विचार र भावहरू अखण्डित रूपमा अघि बढेका छन् । तार्किक पुट पाएका छन् र अभिव्यक्तिगत शिपले सजिएका छन् । भाव प्रवाहमय भएर सललल बगेको छन्, सिलसिलेवर ढङ्गले अघि बढेको छन् । निबन्ध एकदमै छरितो खदिलो र गठिलो बनेको छ । उच्चस्तरको लेखाइ र कथनको आदिमध्य र अन्त्यको तालमेल सुमधुर बनेको छ । यसरी निबन्ध सुसङ्गठित बनेको छ ।

### ४.१.१३.४ उद्देश्य

*जीवनभोग* शीर्षकको यस निबन्धमा जीवनभोग भनेको बाँच्नुको स्वाद हो । बाँच्नु ठूलो भोग हो । सामाजिक रूपले बाँच्न त्यति सहज त छैन, बुद्धको देशमै अशान्ति छ । त्यसकारण सुस्वास्थ्य रहेर सुकोमल भावनाका साथ बाँच्नु नै जीवन भोग हो भन्ने सन्देश रहेको यस निबन्धले आत्मप्रकट गर्ने, आफ्ना तर्क र विचारहरूसित पाठकीय सहमति जुटाउने उद्देश्य राखेको छ ।

### ४.१.१३.५ भाषाशैली

यस निबन्धमा प्रयुक्त भएको भाषाशैली मनोहर छ । 'स्वस्थ जीवन नै सुखद भोग हो । जीवनकै सबभन्दा ठूलो स्वाद बाँच्नु हो' (पृ. ४१) । यस प्रकारको मनोहर लेखाई, छोटा सरल वाक्य गठन र विचार प्रवाह युक्त संयत शैली र लोभलाग्दो अभिव्यक्ति कुशलताले यस निबन्धलाई पठनीय बनाएको छ ।

## ४.१.१४ विज्ञापन र कमिशनको नयाँ बजार

### ४.१.१४.१ शीर्षक परिचय

*विज्ञापन र कमिशनको नयाँ बजार* शीर्षकको यो निबन्ध **भूलहरूका विरुद्ध** निबन्धसङ्ग्रहको चौधौँ निबन्ध हो । यो दुई पृष्ठको आयातनमा फैलिएको छ र आठवटा अनुच्छेदहरूमा संरचित छ । सप्तगण्डकी बहुमुखी क्याम्पसको **परिचयात्मक स्मारिका** (२०५८) मा पहिलोचोटी छापिएको यस निबन्धमा विज्ञापन र कमिशनको विषयवस्तु शीर्षककेन्द्री छन् । अर्थात् भित्री पाठ शीर्षक अनुकूल रहेको छ ।

### ४.१.१४.२ विषयवस्तु

यस निबन्धको विषयवस्तु विज्ञापन र कमिशनको नकरात्मक पक्ष हो । विज्ञापन पत्रकारितासित र कमिशन राजनीतिसित सम्बन्धित भएको र पत्रकार र नेता यसका प्रतिनिधि भएका । हेर्दा दुवै समाज सुधारक जस्तो देखिने तर भित्री रूपमा ठगीको धन्दा भएको उल्लेख गरिएको छ । पत्रकार कमिशन र विज्ञापनमा पल्केका र दुवै खूब मिलेका कहिले काहिँ यी दुई बाभ्केका जस्ता देखिए पनि त्यो बनावटी भएको, दुबैको मिलन बिन्दु भनी उल्लेख गरिएको छ । यी दुई नङ्मासु भ्कैँ मिलेका, अन्धा र लङ्गडा मिलेभ्कैँ आ-आफ्नो स्वार्थका निम्ति मिलेका छन् । यी दुवै कमिशन र विज्ञापनका एजेण्ट हुन् र यिनले राजश्व छलेर खान्छन्, यी पाखण्डी हुन् भनिएको छ । यसरी यस निबन्धमा नेता र पत्रकारको नकारात्मक पक्षको उजागर गरिएको छ ।

### ४.१.१४.३ सङ्गठन

विषयवस्तुको परिचय विना नै आफ्ना विचारहरूको, प्रस्तुतिद्वारा सुरु गरिएको यो निबन्ध निकै छोटो छ । विषयको गहनतालाई निबन्धले उठाउने सकेको छैन । संक्षिप्त र टिप्पणी खालको लेखाई छ यसको भाव प्रवाहमय हुन सकेको त छैन तर जे जति छ त्यो क्रमिकतामै छ । यसर्थ निबन्धलाई असङ्गठित भन्ने ठाउँ छैन तर एकदमै सुव्यवस्थित र सुसङ्गठित छ भन्न सकिने ठाउँ पनि छैन ।

### ४.१.१४.४ उद्देश्य

हरेक निबन्ध उद्देश्यपूर्ण हुन्छ । *विज्ञापन र कमिशनको नयाँ बजार*को पनि निश्चित उद्देश्य रहेको छ । यस निबन्धमा विज्ञापन र कमिशनको नयाँ बजार भनेर विज्ञापन र कमिशनका नकरात्मक पाटोहरूको जुन वर्णन गरिएको छ । यसले विज्ञापन बटुल्ने र कमिशन खोज्दै हिँड्ने लुटाहा प्रवृत्तिको पोल खोलेको छ । त्यसो गर्नेहरू प्रति तिखो प्रहार गरिएको छ । यस्तो लुटाहा प्रवृत्ति ठीक होइन यस्तो प्रवृत्तिबाट हामी टाढै रहनु पर्छ भन्ने सन्देश भएको यस निबन्धमा पनि पाठकलाई आफ्ना विचारहरूमा सहमत गराउने, आफ्नो मनलाई खोल्ने उद्देश्य रहेको देखिन्छ ।

### ४.१.१४.५ भाषाशैली

यस निबन्धको भाषा सरल छ । छोटा वाक्यहरू छन् । केही व्यञ्जना पनि रहेको छ । केही उखान टुक्काहरूको - 'उल्फाको धन फुपूको श्राद्ध' (पृ. ४५), 'तैं चूप मै चूप' (पृ. ४५) जस्ता उखान र टुक्काहरूको प्रयोग गरिएको छ । यसले निबन्धलाई रसिलो बनाएको छ । "जहाँ गुण्डाबाट माथि फट्केका नेता र भिखारीबाट माथि चढेका पत्रकार हुन्छन्" (पृ. ४५) । विरोध व्यञ्जना सहित यो जुन अभिव्यक्ति कौशल छ यो निबन्धकारको आफ्नो शैली हो । संयत शैलीमा आफ्ना कुराहरू राख्दा राख्दै पनि यो जुन रमरम व्यञ्जना छ, जुन विरोधको स्वर छ, वाक्य गठनमा जुन सरलता छ र उखान टुक्काको प्रयोगले जुन मिठास आएको छ, यो नै यस निबन्धको आफ्नो भाषाशैली पक्ष हो ।

## ४.१.१५ सभ्य हुने धुनमा

### ४.१.१५.१ शीर्षक परिचय

*सभ्य हुने धुनमा* शीर्षकको यो निबन्ध **भूलहरूका विरुद्ध** निबन्ध सङ्ग्रहको पन्ध्रौँ निबन्ध हो । यो तीन पृष्ठको आयाममा फैलिएको छ र ६ अनुच्छेदहरूमा संरचित रहेको छ । यो निबन्ध यस अघि अन्य पत्रिकाहरूमा प्रकाशित भएको देखिँदैन । *सभ्य हुने धुनमा* विषयकेन्द्री निबन्ध हो र भित्री पाठ शीर्षक अनुकूल रहेको छ ।

### ४.१.१५.२ विषयवस्तु

*सभ्य हुने धुनमा* निबन्धको विषयवस्तु भनेको सभ्य बन्ने प्रक्रियाकै कुरो हो । कोही ईर्श्यामुखी हुनुलाई सभ्य हुनु भन्छन्, कोही आस्तिक हुनुलाई, कोही साधु हुनुलाई, कोही ब्रह्मचारी हुनुलाई, कोही धेरै पैसा कमाउनुलाई सभ्य हुनुको यथार्थ ठान्छन् । तर लेखक आफू भने यथार्थवादी ढङ्गले यथार्थवादी ढङ्गले, सन्तुलित, नैतिक, व्यवहारिक, सामाजिक जीवन बिताउनु नै सभ्य हुनु ठान्छन् । पुरानो शैलीको, परम्परागत जीवन, जाति पाति मान्ने, छुवाछुत मान्ने, अलौकिक शक्तिको दासता स्वीकार्ने जीवन भन्दा सम्यक कर्म सहितको दया, माया, उदारता, त्याग, श्रद्धा र स्नेहको भाव र विचार भएको जीवनलाई श्रेष्ठ मान्छन् । यसैलाई नै सभ्य हुनुको भाव मानिएको छ । आजक ढोङ्गी पाखण्डी साधु, सन्त, ब्रह्मचारी आदिभन्दा प्राचीन कालका ऋषिमुनिहरू नै ठीक थिए, ती यथार्थवादी थिए । पत्नीसित सहचर्य भए पनि सदाचारी थिए भनिएको छ । जसमा निबन्धकारले यथार्थवादी, व्यावकारिक, नैतिक एवं आधुनिक उन्नत जीवन र उच्च मूल्ययुक्त जीवनलाई नै सभ्यता मानेका छन् र उनी यसै प्रकारको सभ्य हुने धुनमा लागेका छन् । र यिनै कुराहरूनै यस निबन्धका विषयवस्तु ठहरिएका छन् ।

### ४.१.१५.३ सङ्गठन

मझौला खालको निबन्ध हो । शीर्षक अनुसार नै निबन्धकारले आफ्नो सभ्य हुने धुनको वर्णन गरेका छन् । सभ्यता सम्बन्धी उनका सोच समझदारीलाई प्रस्तुत गरेका छन् । आफ्ना भनाईहरूलाई छरितो किसिमले राखेका छन् । निबन्धको आदि मध्य अन्त्य त्यति सुव्यवस्थित नभए पनि सभ्यता सम्बन्धीका भावहरूको प्रवाह भने पाउन सकिन्छ । भावको प्रवाह भएकाले यसमा भावको क्रमिकता वा सिलसिला भने मिलेको देखिन्छ । निजात्मकता र छरितो पनाले निबन्धलाई रोचक पनि बनाइएको छ । यस हिसाबले निबन्ध सङ्गठित देखिन्छ ।

### ४.१.१५.४ उद्देश्य

सभ्य हुनु भनेको परम्परावादी, रुढिवादी, धार्मिक र स्वार्थी हुनु होइन, दया, माया, स्नेह, सेवा श्रद्धाको भाव हुनु नै सभ्यताको सोपान हो भन्ने सन्देश सहितको यो निबन्धको खास उद्देश्य भनेको मनको प्रकटीकरण हो ।

### ४.१.१५.५ भाषाशैली

*सभ्य हुने धुनमा* निबन्धको भाषा आकर्षक छ । सरल र मिश्रित दुवै खालका वाक्यहरूको प्रस्तुति, तार्किक र छरितो अभिव्यक्ति कौशलले गर्दा निबन्ध सरस र साध्य बनेको छ । कथनहरू स्पष्ट रहेका छन् - 'मलाई वैतरणी नदी तर्ने गाईको पुच्छर पनि चाहिँदैन किनकि पुनर्जन्म प्रति मलाई पटक्कै चासो छैन' (पृ. ७) । यसरी स्पष्ट विचार प्रवाह सँगै तार्किक भनाईहरू पनि उल्लेख्य रहेका छन् । जितहारको जुवामै ननाडिएपछि खुवी र खिन्नताको द्वन्द्व चल्ने कुरै भएन (पृ. ४८) । यसरी तर्क, विचार, रमरम भावुकता र व्यञ्ज्ना मिसिएका भाषा र निजात्मकता सहितको तर्क विचारको भावुक प्रस्तुति भएको यो निबन्ध रोचक वर्णन शैली भएको निबन्ध हो ।

## ४.१.१६ म किन ज्योतिषी भएँ

### ४.१.१६.१ शीर्षक परिचय

*म किन ज्योतिषी भएँ* शीर्षकको यो निबन्ध **भूलहरूका विरुद्ध** निबन्ध सङ्ग्रहको सोह्रौँ निबन्ध हो । साथै यस निबन्ध सङ्गठनको लामो निबन्ध हो । सात पृष्ठको आयाममा फैलिएको यो निबन्ध बाह्र अनुच्छेदहरूमा संरचित रहेको छ । निबन्ध विषयकेन्द्री छ र भित्री पाठ शीर्षक अनुकूलकै रहेको छ ।

### ४.१.१६.२ विषयवस्तु

*म किन ज्योतिषी भएँ* निबन्धको विषयवस्तु ज्योतिष बन्ने कारण र ज्योतिषशास्त्रको महिमा गानमा आधारित छ । लेखकले आफूलाई आत्मकेन्द्री भएर निरीक्षण गर्दा आफूलाई त्यत्तिकै अन्याय, शोषण र दमनमा परेको पाउँछन् । आफू जतिसुकै इमान्दार भए पनि आफूप्रति षड्यन्त्र र दाउपेचहरू हुन बन्द नभएको र आफ्नो पे.सा पनि परम्परागत ढङ्गको पाठ्यक्रम सुगालाई झैँ रटाउने रहेको, आफ्नो ज्ञान, गुण, सीप, योग्यता क्षमताको कदर नभएको देख्छन् । ठूलठूला हन्डर खान्छन् । आफूमाथि मात्र यस्ता विपदहरू किन पर्छन् भन्ने प्रश्नले लेखकलाई यी कुराहरूको निधिखोजी गर्ने जिज्ञासाले सताउँछ । यही जिज्ञासा र उत्सुकताले घच्घच्याएर उनी ज्योतिषशास्को अध्ययन गर्न पुगेको खुलासा गरेका छन् । ज्योतिष पढ्दै गएपछि यो शास्त्र पनि डाक्टरी र वकिल पेसा जस्तै सम्मानित हुन सक्ने

पेसा लाग्छ उनलाई । यस शास्त्रबाट व्यक्तिव्यक्तिका स्वभाव, प्रकृति चरित्र र गन्तव्यको मार्ग पहिल्याउन सम्भव हुने लाग्छ उनलाई । हरेक रोगी जसरी डाक्छरको दृष्टिमा अनुसन्धानको पात्र ठहरिन्छ त्यसरी नै हरेक जातको जन्मपत्री ज्योतिषीका निम्ति अनुसन्धानको विषय हुन सक्छ भन्ने ठान्छन् उनी । यिनै ठम्याइले उनी ज्योतिष शास्त्रको अध्ययनतर्फ लाग्छन् र ज्योतिषी बन्छन् । ज्योतिषी बनेपछि फलित ज्योतिषको सहराले मानसिक तुष्ठि मिल्ने पनि जनाएका छन् उनले । यिनै कुराहरू यस निबन्धमा विषयवस्तुको रूपमा प्रस्तुत भएको छ ।

## ४.१.१६.३ सङ्गठन

सङ्गठन निबन्धको एक संरचनात्मक तत्त्व हो । यसबाट निबन्धको शरीर निर्माण हुन्छ । *म किन ज्योतिषी भएँ* निबन्धको शरीर रचना विषयकेन्द्री भएर गठित भएको छ । विषयवस्तुको परिचय विना नै सिधै लेखकीय मत वा विचारबाट निबन्धको सुरुवात भएको भए पनि लेखन प्रवाहमय छ । भावको प्रवाह रहेकाले निबन्धको आदि मध्य र अन्तका अनुशासन कायम हुनमा केही कमजोरी भए पनि निबन्ध सिलसिलेवर रहेको छ र भाव क्रम तोडिएको छैन । निबन्ध अरू निबन्धको तुलनामा केही लामो भए पनि विषयवस्तुको व्यापकताका कारणले निबन्ध छरितो नै देखिएको छ । निबन्ध फ्यास्ल्याङ्ग परेको नभई गठिलो नै देखिन्छ ।

## ४.१.१६.४ उद्देश्य

आफ्नो जिज्ञासाका कारणले आफू ज्योतिषी भएको खुलासा सहित ढाँटढुट नगरी गणित ज्योतिषका आधारमा इमान्दार भएर कार्य गर्ने हो भने ज्योतिष विद्या वैज्ञानिक विद्या हो । यसलाई हेला गर्नु हुन्न भन्ने सन्देशका साथ आफ्नो विचारसित पाठकका विचारहरू सहमत गराउने र आफूलाई प्रकट गर्ने निश्चित उद्देश्य यस निबन्धको रहेको देखिन्छ ।

## ४.१.१६.४ भाषाशैली

यस निबन्धमा प्रयोग भएको भाषा सरल छ, सुबोध्य छ । तर्कहरू बलिया छन् र भावप्रवाहमय छ । यसको निबन्धलाई रोचक र पठनीय तुल्याएको छ । बौद्धिकतासँग

मिसिएको भावुक कथनहरू भए पनि ती प्रलाप हुनबाट जोगिएका छन् र कथनहरू संयमित छन् । तार्किक छन् । शैलीको हिसाबले यसमा संयत शैलीको प्रयोग भएको छ ।

## ४.१.१७ निगाह, बक्सिस वा इनाम

### ४.१.१७.१ शीर्षक परिचय

*निगाह, बक्सिस वा इनाम* शीर्षकको निबन्ध **भूलहरूका विरुद्ध** निबन्धसङ्ग्रहको सत्रौं निबन्ध हो । यो २०५६ सालमा **रत्नश्री** पत्रिकाको १८० औं अङ्कमा पहिलो पटक छापिएको थियो । यो निबन्ध पाँच पृष्ठको आयतनमा फैलिएको छ र बाह्र अनुच्छेदहरूमा संरचित रहेको छ । शीर्षक अनुकूल नै भित्री पाठ रहेको यस निबन्धको विशेषता पनि विषयकेन्द्री हुनु रहेको छ ।

### ४.१.१७.२ विषयवस्तु

*निगाह, बक्सिस वा इनाम* निबन्धको विषयवस्तु भनेकै शीर्षकमा दिएको निगाह, बक्सिस र इनाम हो । निगाह, बक्सिस र इनाम सामन्ती चलन हो । अहिले जुन पुरस्कार र सम्मानको हावा चलेको छ त्यो पुरानै प्रवृत्ति निगाह, वक्सिस र इनाममा झरेको छ । भनाइमा त सम्मान र पुरस्कार रहेको छ तर व्यवहारमा यो इनाम वा बक्सिसमा झरेको छ । किनभने पुरस्कार प्रणाली लोभलालचको प्रणालीमा अल्झिएको छ । पुरस्कारदाता व्यक्ति वा संस्थाले अपेक्षित योग्यता, क्षमता वा गुणधर्म नहेरी आफ्नो मान्छे हेर्ने, आफ्नो चाकरी गर्नेलाई छान्ने, आफ्नो मनोगत तजबिज अनुसार गर्ने चलन बढेको छ । यसले गर्दा पुरस्कार वा सम्मानको गरिमा घटेको छ । यसबाट कुनै पनि स्रष्टा वा प्रतिभाले प्रेरित हुन पाउँदैनन, प्रोत्साहित हुन पाउँदैनन् । सामन्ती चलन जस्तै टिकोटालो गरेर बक्सिस दिने बढिरहेको भनिएको छ । पुरस्कार पनि अहिले एउटा व्यवसाय जस्तो भएको भनिएको छ निबन्धमा यी कुराहरू नै यस निबन्धका विषयवस्तु हुन् ।

### ४.१.१७.३ सङ्गठन

निबन्ध विषयकेन्द्रित छ । तर्क सम्मत युक्तिहरूले सजिएको छ । भाव प्रवाहमय बनेको छ । पुरस्कारहरू कसरी बक्सिस वा इनामजस्तो भएको छन् भनेर सिलसिलेवार

रूपमा भनिएको छ । कथनहरू छरिता, सुस्पष्ट रहेका छन्, क्रमबद्ध रहेका छन् । यी सबै आधारमा यस निबन्धलाई सुगठित निबन्ध भन्न सकिन्छ ।

### ४.१.१७.४ उद्देश्य

सबै निबन्धहरू निश्चित उद्देशय भए जस्तै यस निबन्ध पनि त्यसबाट अलग छैन । आजका पुरस्कार र पुरस्कार संस्थाहरूमा जुन विकृति आएको छ, त्यसबाट बचाउनु पर्छ भन्ने परोक्ष सन्देश रहेको यस निबन्धको पनि आफ्ना विचार र भावको प्रकटीकरण गर्ने र पाठकीय सहमति जुटाउने उद्देश्य रहेको देखिन्छ ।

### ४.१.१७.५ भाषाशैली

छोटा वाक्यहरू र सरल शब्दहरू यस निबन्धमा पनि गहना बनेका छन् । यसलाई सहज र सरल भाषा पनि भन्न सकिन्छ । बहुप्रचलित शब्दहरूको प्रयोग भएको छ । 'पुरस्कार आफै एक व्यवसाय भएको छ' (पृ. ६१) । जस्ता स्पष्ट र निर्णयात्मक वाक्यहरूले निबन्धको ओझ्र बढाएको छ । 'टीकाटालो', 'बिलो' जस्ता लोकजीवनमा प्रचलित शब्दहरू 'टपक्क' द्वित्व शब्दहरूको प्रयोगले निबन्धका कथनलाई रसिलो बनाएको छ । वर्णनात्मक र विचारात्मक शैलीमा प्रस्तुत निबन्ध भावका दृष्टिले पनि रमरम, व्यङ्ग्य र भावुकता मिसिएको बौद्धिक चिन्तन भएको संयम शैली प्रयोग गरिएको छ ।

## ४.१.१८ पुरस्कार कोटा र बानियाँ गुण

### ४.१.१८.१ शीर्षक परिचय

*पुरस्कार कोटा र बानियाँ गुण* शीर्षकको यो निबन्ध **भूलहरूका विरुद्ध** निबन्ध सङ्ग्रहमा सङ्ग्रहभित्रको एउटा निबन्ध हो र यो अठारौँ निबन्ध हो । यो तीन पृष्ठको आयाममा फैलिएको छ र आठ अनुच्छेदहरूमा संरचित छ । **पल्लव** पत्रिकाको ११औं अङ्कमा सर्वप्रथम २०६२ सालमा प्रकाशित भएको यो निबन्ध विषयकेन्द्री निबन्ध रहेको छ । भित्री पाठ शीर्षक अनुकूलको रहेको छ ।

### ४.१.१८.२ विषयवस्तु

*पुरस्कार कोटा र बानिया गुण* शीर्षकको निबन्धमा शीर्षक अनुसारकै विषयवस्तु रहेको छ । पुरस्कारहरू आज कोटा प्रणालीमा चलेका छन् । नेपालमा धेरै पुरस्कारहरू

स्थापना भएका छन् तर ती पुरस्कारको गरिमाबाट घटेर कोटा प्रणालीमा पुगेको र पुरस्कार दिने दाता र पाउने व्यक्ति दुबै बानियाँ धन्दामा लागेका छन् । पुरस्कार एउटा धन्दा भएको छ । असल व्यक्ति कुनामा थन्किनु पर्ने र धन्दागर्नेहरूले आपसमा कोटा बाँडेर लिएका र आफ्नो चाकरी गर्नेलाई दिने गरेका तीतो यथार्थलाई यस निबन्धमा प्रस्तुत गरिएको छ । नेपालमा माधव घिमिरेलाई धेरै कोटा र लक्ष्मीप्रसाद देवकोटालाई पुरस्कारको थोरै कोटा परेको उल्लेख गर्दै र नेपालमा पृथ्वी प्रज्ञा पुरस्कार, मदन पुरस्कार, त्रिभुवन प्रज्ञा पुरस्कार, महेन्द्र प्रज्ञा पुरस्कार, भूपालसिंह पुरस्कार आदि पुरस्कार छन् भनिएको छ । पुरस्कारका कोटाहरू पर्ने ह्वात्त माथि उठ्ने भए तापनि यसमा जुन बानिया गुण छ त्यसले कोटा प्राप्त गर्नेहरू समेतको मलाई नगर्ने कुरा जनाइएको छ । मुनाफा नहुने काममा बानियाले हात नहाल्ने हुँदा पुरस्कार को कोटा प्रथा पनि एकप्रकारको धन्दा भएको र यसको गरिमा हराउँदै गएको उल्लेख गरिएको छ । यसरी यिनै कुराहरू विषयवस्तुको रूपमा प्रस्तुत भएका छन् ।

### ४.१.१८.३ सङ्गठन

यो निबन्ध छरितो खालको छ । यसमालेखका भाव र विचारहरू क्रमबद्ध रूपमा प्रस्तुत भएका छन् । भावको प्रवाह र तार्किकताका साथै आदि, मध्य र अन्त्यको जुन व्यवस्था छ त्यो अनीतिपूर्ण छ । निबन्ध गठिलो छ ।

### ४.१.१८.४ उद्देश्य

यस निबन्धमा पुरस्कारहरूमा बदलिएका छन् । यसलाई सञ्चालन गर्नेहरूले यसलाई व्यावसायिक विषय तुल्याएका छन् । यसबाट कसैलाई फाइदा हुँदैन भन्दै यसप्रकारका पुरस्कारको निन्दा गरिएको छ र परोक्ष रूपमा यस प्रकारको धन्दा नभएको वास्तविक पुरस्कारको समाजमा आवश्यकता भएको सन्देश रहेको छ । यिनै कुराहरूको जानकारी गराउने र आफ्ना पाठकीय मतहरूमा सहमति जनाउने उद्देश्य यस निबन्धको रहेको छ ।

### ४.१.१८.५ भाषाशैली

भाषा सरल र सहज छ र बुझ्ने खालको छ । रमरम व्यङ्ग्य मिसिएकाले रोचक पनि छ । भावको प्रवाह भएकाले भावुकताको प्रवाह पनि छ तर निबन्ध विचारद्वारा

नियन्त्रित छ, भावुक प्रलाप छैन । यसप्रकारको शैलीलाई भाषाका दृष्टिले संयत शैली भन्न सकिन्छ र भाषाका दृष्टिले साधारण, बहुप्रचलित शब्दहरूको प्रयोग गरिएको छ । वाक्यहरू छोटा छन् । भन्दै छ, बुझिँदै छ यसप्रकारको प्रसादशैलीको प्रयोग भएको छ । भाषा जटिल नभएकाले पठनमा अप्ठेरो हुँदैन ।

### ४.१.१९ सम्मानको व्याकरण

### ४.१.१९.१ शीर्षक परिचय

*सम्मानको व्याकरण* शीर्षकको यो निबन्ध **भूलहरूका विरुद्ध** निबन्ध सङ्ग्रहको उन्नाइसौँ निबन्ध हो । यो छ पृष्ठको आयाममा फैलिएको छ र बाह्र अनुच्छेदहरूमा संरचित रहेको छ । **पल्लव** ११ पत्रिकामा प्रथमपटक वि.सं. २०६२ मा प्रकाशित भएको यस निबन्धको भित्री पाठ शीर्षक अनुकूल रहेको छ र यो विषयकेन्द्री निबन्ध बनेको छ ।

### ४.१.१९.२ विषयवस्तु

यस निबन्धको विषयवस्तुभनेको सम्मान सम्बन्धीका मानिसका विचार र प्रवृत्तिहरू हुन् । माधवप्रसाद घिमिरेलाई प्रतिभाशाली मान्दै उनका काव्य सौन्दर्यमा भएको मनछुने महकको तारिफ गरेका छन् । तर उनमा सामयिक विचारबोध छैन । उनी कुनै आस्थाका सङ्घर्षशील यात्री होइनन् । उनलाई जुन सम्मान माथि सम्मान भएको छ त्यो धेरै नै भएको छ । अर्को आस्थाको यात्रीलाई सम्मान दिन सकेको छैन समाजले भनिएको छ । सुख्खा मौसममा वर्षात् भए मात्र जमिनमा हरियाली छाउँछ । अति वर्षात् भयो भने बाढीले हरियाली बगाउँछ भनिएको छ । सम्मान गर्ने भनेर एउटै व्यक्तिलाई सम्मान गरिरहने प्रवृत्ति अतिशयोक्ति हो । किनभने कतिपय समर्पित कलाकारले सामान्य मलहम पनि भेट्टाएका छैनन् । तिनको पीडा जस्ताको तस्तै छ । त्यसमा नलागि फराकिलो भएर र उद्देश्यपूर्ण सोचविचार गरेर गरिएको सम्मानले मात्र उचित परिणाम ल्याउँछ भनिएको छ । यिनै कुराहरू नै यस निबन्धका विषयवस्तु हुन् ।

### ३.१.१९.३ सङ्गठन

यो निबन्ध त्यति गठिलो बन्न सकेको छैन । एउटै कुरालाई घुमाइ फिराइ वर्णन गर्ने प्रयत्न गरिएको छ । भाव त्यति प्रवाहमय बन्न सकेको छैन । अरू निबन्धमा जस्ता तिक्ष्ण

तर्कहरू पनि छैनन् । विषयवस्तुको सिलसिलामा त छ तर त्यो आकर्षक बन्न सकेको छैन । यसर्थ यो निबन्ध त्यति गठिलो छैन ।

### ३.१.१९.४ उद्देश्य

भेडो बनेर विचारनगरी एउटै व्यक्तिलाई सम्मानित गरिरहने एउटा कला सौन्दर्य भएकालाई चाहि सम्मान थुपारेको थुपारेकै गर्ने तर अर्को आस्थाको यात्रीलाई चाहिँ सामान्य मलहम पनि नगर्ने उसमा दुःख पीडामा । हो यस प्रकारको प्रवृत्ति त्याज्य प्रवृत्ति हो भन्ने सन्देश सहित आफ्नो विचार र अनुभूतिलाई पोख्ने वा आत्म प्रकट गर्ने उद्देश्य यस निबन्धमा रहेको छ ।

### ३.१.१९.५ भाषाशैली

भाषा सरल छ तर आकर्षक छैन । भावको प्रवाह मधुर बन्न सकेको छैन । भावुकता त छ तर त्यसले विषयवस्तुलाई रसिलो बनाउन सकिेको छैन । छोटा वाक्यहरू त रहेका छन् । तर ती मनछुने बन्न सकेका छैनन् । विषयवस्तुले पनि व्यापक क्यानभास लिन सकेको छैन । केही उखान टुक्काको प्रयोगले पनि केही रस दिएको छ ।

## ४.१.२० वेश्यावृत्ति र साहित्य

### ४.१.२०.१ शीर्षक परिचय

*वेश्यावृत्ति र साहित्य* शीर्षकको यो निबन्ध **भूलहरूका विरुद्ध** निबन्ध सङ्ग्रहको वीसौं निबन्ध हो । यो निबन्ध तीन पृष्ठको आयाममा फैलिएको छ र दशवटा अनुच्छेदमा संरचित रहेको छ । यसअघि कहीँ पनि नछापिएको यो निबन्ध विषय केन्द्रित निबन्ध हो र यसको भित्री पाठ शीर्षक अनुकूल रहेको छ ।

### ४.१.२०.२ विषयवस्तु

साहित्यको गुण गरिमा हराउँदै गएको छ । बाहिरी नौटङ्कीहरूमा साहित्य मञ्चन हुन थालेको छ । जसरी पैसा हुनेहरूले वेश्यालाई भोग्छन् त्यस्तैगरी साहित्यलाई शक्ति हुनेले भोगेका छन् । पार्टीका चौवन्नी सदस्यहरूले प्राज्ञिक पद पड्काएका छन्, सम्पादक

बनेका छन्, सभाहरूमा तिनीहरूकै चलखेल हुन्छ,प्रमुख अतिथि पनि तिनीहरूले नै पड्काउँछन् । के नेता, के कार्यकर्ता, के प्रशासक, के डाक्टर, के नर्तक सबका सब नाम कमाउने धुनमा शक्ति र पैसाको बलमा साहित्यलाई भोगी रहेका छन् । वास्तविक साहित्यकार पाखा लागेको छ । नक्कली साहित्यकारले साहित्यको ताला साँचो हातमा लिएका छन् । साहित्य वेश्याजस्तै सस्तो, हलुको र गरिमाहीन विषय बनेको छ भन्ने विषयवस्तु यस निबन्धमा रहेको छ ।

### ४.१.२०.३ सङ्गठन

विषयवस्तुको परिचय विना नै सिधै आफ्ना विचारहरूको प्रस्तुतिबाट सुरु भएको र उपसंहार भाग त्यति गठिलो बन्न नसकेको यो निबन्ध छोटो निबन्ध भएर पनि त्यति छरितो र आकर्षक छैन । केही तर्कहरू छन्, केही वर्णनहरू छन् । यी विषयवस्तुबाट बाहिर गएका त छैनन् । तर भावको प्रवाहत्यति देखिन्न । विषयको क्रमिकता रहे भने त्यसले आफ्नो कथनलाई पूर्णता दिन र मनोहर बनाउन सकेको छैन । निबन्ध त्यति गठिलो छैन तर असङ्गठित पनि छैन ।

### ४.१.२०.४ उद्देश्य

साहित्यको गरिमा घट्यो । यसलाई यस्तरी खस्किन दिनु भएन । वेश्या जस्तो हुन दिनु भएन, साहित्यलाई गैरसाहित्यिक वा नक्कली साहित्यकारबाट बचाउनु पर्‍यो भन्ने परोक्ष सन्देश रहेको यस निबन्धमा जुन विचारहरू निबन्धकारका रहेका छन्, ती विचारहरूसित पाठकीय सहमति गराउने उद्देश्य यसमा अन्तर्निहित रहेको छ ।

### ४.१.२०.५ भाषाशैली

साहित्यलाई पद, पैसा र राजनीतिक शक्ति भएकाहरूले कब्जामा पारेको देखेर निबन्धकारको मनमा जुन विकीर्ण भावहरू पैदा भएका छन्, जुन कुण्ठाहरू पैदा भएका छन्, तिनलाई अभिव्यक्ति दिने क्रममा केही असजिला अभिव्यक्तिहरू प्रकट भएका छन् । आदेश, व्यञ्जना र कुण्ठाले गर्दा भावाभिव्यक्तिमा मधुरता आउन सकेको छैन । शैलीगत आकर्षण पैदा हुन सकेको छैन । भाषा त सरल नै छ । त्यति मिश्रित वाक्यहरू पनि छैनन् । निबन्ध

छोटो पनि छ तर यसले मन छुन सकेको छैन । बरु यस निबन्धमा प्रस्तुत भएको कवितांशले भने गम्भीर भाव सम्प्रेषण गरेर पाठकको मनलाई छोएको छ ।

### ४.१.२१ विडम्वना

### ४.१.२१.१ शीर्षक परिचय

*विडम्वना* शीर्षकको यो निबन्ध **भूलहरूका विरुद्ध** निबन्ध सङ्ग्रहको एक्काइसौं निबन्ध हो । पाँच पृष्ठको आयाममा फैलिएको र नौवटा अनुच्छेदहरूमा संरचित यो निबन्ध यस अघि कतै छापिएको नभई सिधै यस सङ्ग्रहमा सङगृहीत भएको देखिन्छ । निबन्ध विकीर्ण विचारले भरिएको छ । भित्री पाठ अनुसार शीर्षक विडम्वना पनि राख्न सकिने देखिन्छ ।

### ४.१.२१.२ विषयवस्तु

यस निबन्धमा विषयवस्तु छरिएका छन् । निबन्धलाई द्रव्यको हाहाकार परेको अवस्थामा समाजको विसङ्गत परिस्थितिसित पनि सम्झौता गर्नु परेको, समाजमै बसेर पनि मबाट हामी हुन नसकिएको, देश आफ्नो भएर पनि देशले देशवासीको व्यवहार नगरेको, भर नभएको, घर र शान्तिसुरक्षा नभएको देशको उदाहरण झैं देशवासी प्रति देश जिम्मेवार नभएको, नयाँ पुस्ताले भौतिक वस्तुको उपभोगलाई मात्र महत्त्व दिएको तर आमाबाबाको दुःख नबुझेको जस्ता विडम्वनायुक्त परिवेशमा बाँच्नुपरेको आदि कुराहरू कथनको रूपमा रहेको विषयवस्तु यस निबन्धमा अन्तर्निहित रहेको छ । हामीसित जे छ, त्यसैको सदुपयोग गरौं । योजनाहरू पनि त्यसै अनुकूलको बनुन, राष्ट्रिय भावनाको विकास होस्, स्वाभिमानी नेपालीले निहुरिएर विदेश जानु नपरोस भन्ने कामना पनि गरिएको छ । यसरी हामी विडम्वनाहरू बोकेर बाँचेका छौं यो स्थितिको अन्त्य हुनुपर्छ भन्ने मूल कथन नै यस निबन्धको मूल विषयवस्तु बनेको छ ।

### ४.१.२१.३ सङ्गठन

छिरोल्लिएको विषयवस्तु र विकीर्ण कथनले निबन्धको अन्वीतिमा व्यवधान खडा गरेको छ । निबन्ध त्यति सिलसिलेवार बन्न सकेको छैन । आत्मसात कथनहरूले स्थान

पाएका छन् । निबन्ध छरितो पनि छैन, विषयकेन्द्री पनि छैन । भावुकताले स्थान पाएको त्यसले निजात्मक निबन्धको कोटिमा भने निबन्ध सङ्ठितनै देखिन्छ ।

### ४.१.२१.४ उद्देश्य

हामी विडम्वनामा बाँचिरहेका छौँ । यसबाट छुटकारा पाउनुपर्छ भन्ने सन्देश सहित आत्मप्रकट गर्ने आफ्ना अनुभूतिहरूलाई पोख्ने निश्चित उद्देश्य यस निबन्धमा अन्तर्निहित रहेको छ ।

### ४.१.२१.५ भाषाशैली

भाषाका हिसाबले निबन्ध सरल र सुबोध्य छ । अलङ्कारिक भाषा त छैन तर विकीर्ण कथनले निबन्धलाई जटिल जस्तो बनाएको छ । आत्मगत कथन भए पनि भावप्रवाहमय बन्न सकेको छैन । कतै कतै व्यञ्जना पनि छ, बौद्धिकता पनि प्रकट भएको छ तर निबन्ध मनोहर बन्न सकेको छैन । निजात्मक शैलीको निबन्ध भए पनि अभिव्यक्तिगत दुर्बलताहरूले निबन्धलाई सुमधुर हुनबाट रोकेको छ ।

### ४.१.२२ गरिमासँगको गनगन

### ४.१.२२.१ शीर्षक परिचय

*गरिमासँगको गनगन* शीर्षकको निबन्ध **भूलहरूका विरुद्ध** निबन्ध सङ्ग्रहको बाइसौँ निबन्ध हो । तीन पृष्ठ र आठ अनुच्छेदहरूमा संरचित *गरिमासँगको गनगन* यस अघि नछापिएको र यस सङ्ग्रहमा सङ्गृहीत निबन्ध हो । यो विषयकेन्द्री निबन्ध हो । शीर्षक अनुकूल नै भित्री पाठ रहेको छ ।

### ४.१.२२.२ विषयवस्तु

यस निबन्धको विषयवस्तु भनेकै **गरिमा** पत्रिका र त्यसप्रतिको गुनासो हो । निबन्धकारले **गरिमा** पत्रिकालाई साहित्यकी परीको उपमा दिएका छन् र ऊ आफूसित नरत्तिएकी 'स्वर्ग' मा बस्ने 'देवता'हरूले नै उसलाई भोगेका, तिनकै मायाजालमा परी मख्खन परेकी र मोफसलमा रहेका निबन्धकारले त्यस परीको मोहमा परेर अनेक प्रेमका

पत्रहरू पठाउँदा र प्रशंसाका अनेक पुल बाँध्दा पनि आफूलाई नपत्याएकी भनेर लेखकले गुनासो गरेका छन् । काठमाडौंलाई स्वर्गको बिम्बमा र त्यहाँका लेखन्ते साहित्यकार, पत्रकारलाई 'देवता' को उपमा बिम्बमा उभ्याइएको छ । परीबाट उपेक्षित बनेका लेखको मनोलाप वा एकालाप बढ्दै गएर **मधुपर्क, मिर्मिरे, समयि, रत्नश्री** आदि पनि स्वर्गकै र साहित्यकै परी हुन् । तिनले पत्याएकै छन्, एउटी गरिमाले नपत्याएर के हुन्छ र ? लेखकको धर्म लेख्नु हो भनी चित्त बुझाइएको छ । यिनै कुराहरू नै यस निबन्धका विषयवस्तु बनेर प्रस्तुत भएका छन् ।

## ४.१.२२.३ सङ्गठन

निबन्ध छरितो छ । सिलसिलाबद्ध छ । विम्वहरूमा भावात्मक कुराहरूलाई प्रस्तुत गरिएको छ । भावप्रवाह जमेको छ । निबन्ध गठिलो बनेको छ ।

## ४.१.२२.४ उद्देश्य

स्वर्गकी परीको उपमा पाएको **गरिमा** पत्रिकाले मोफसलका लेखकलाई महत्त्व नदिएको कुराप्रति गुनासो गर्दै आइन्दा यस्तो नगरियोस् भन्ने परोक्ष सन्देश सहित आफ्ना मनका वेगशाली अनुभूतिहरूलाई पाठक समक्ष पोख्ने र आफ्ना विचारप्रति पाठकीय सहमति बटुल्ने उद्देश्य यस निबन्धको रहेको देखिन्छ ।

## ४.१.२२.५ भाषाशैली

निबन्ध निजात्मक शैलीमा प्रस्तुत भएको छ । भाषा साहित्यिक एवं विशिष्ठ भाषाको प्रयोग गरिएको छ । **गरिमा** पत्रिकालाई 'परी' काठमाडौंलाई 'स्वर्ग' र **गरिमा** वरिपरि झुमिएका लेखक, सम्पादकहरूलाई 'देवता' को उपमामा प्रस्तुत गरिएको छ । प्रतीकात्मक वा बिम्बात्मक भाषाशैलीले निबन्ध रोचक बनेको छ । **गरिमा**प्रतिको रोषलाई व्यञ्जनात्मक भाषामा प्रस्तुत गरिएको छ । छोटा, छरिता वाक्य संरचना भए पनि आधिभागहरूमा 'परी' भनेर कमलाई उपमा दिएको हो र यो गुनासो वा वक्रता के का लागि हो भनेर थाहै हुँदैन, अनुमान सम्म गर्न सकिन्छ । तर अरू पत्रिकाहरूको नाम आएपछि भने **गरिमा** 'परी' को रहस्य खुल्छ । निबन्ध मनोहर बनेको छ, पठनीय बनेको छ ।

### ४.१.२३ व्रतबन्ध

### ४.१.२३.१ शीर्षक परिचय

*व्रतबन्ध* शीर्षकको यो निबन्ध **भूलहरूका विरुद्ध** निबन्ध सङ्ग्रहको तेइसौँ निबन्ध हो । यसअघि कतै नछापिएको तर यस सङ्ग्रहमा सङ्गृहीत यस निबन्धले चार पृष्ठको आयाम लिएको छ । साथै नौ अनुच्छेदहरूमा संरचित रहेको छ । निबन्ध विषयकेन्द्री छैन तर शीर्षकले मूल पाठलाई केही न केही प्रतिनिधित्व गरेको छ ।

### ४.१.२३.२ विषयवस्तु

यसको मूल विषयवस्तु भनेको स्याङ्जा प्रतिको निबन्धकारको कृतज्ञताको भाव हो । स्याङ्जाको साहित्य र संस्कृतिले आफूलाई तानेको त्यहाका असाधारण शिवत्वको महक भएका स्रष्टा देवीप्रसाद वनवासी, वाक्पटुताका धनी विश्वप्रेम अधिकारी र बौद्धिक स्रष्टा महेश्वर शर्माका स्नेहले आफू सिञ्चित भएको कुरा निबन्धकारले यस निबन्धमा हार्दिकतापूर्वक प्रस्तुत गरेका छन् । उनले आफूलाई पुरस्कारको भोको नभएको तर स्वच्छ प्रतिस्पर्धामा भने उत्रने इरादा भएको व्यक्तित्वको रूपमा उभ्याएका छन् । स्याङ्जा आफ्नो पितृभूमि हो भन्दै उनले स्याङ्जाको माटोलाई सम्झेका छन् । आफ्नो साहित्यिक प्रतिभालाई स्याङ्जाकै उपज ठानेका छन् । यसप्रकारको निकटता स्याङ्जासित भएकाले र स्याङ्जामा उनी पुरस्कृत समेत भएकाले यस घटनालाई उनले *व्रतबन्ध* को नाम दिएका छन् । स्याङ्जा र चितवनमा एक दिन उनी पुरस्कृत हुने भएपछि कता जाने होला भनेर उनलाई दोमन भएको र पछि साथीहरूको सल्लाह समेतलाई मानेर उनी एकजना साथी लिएर स्याङ्जातिर हानिएका र त्यहाँ पुरस्कृत भएको घटना विशेष नै यस निबन्धको विषयवस्तु बनेको छ ।

### ४.१.२३.३ सङ्गठन

निजी अनुभवहरूलाई निबन्धको रूप दिएको छ । *व्रतवन्ध* शीर्षक कथाको शीर्षक जस्तो भएको छ । *व्रतवन्ध* के हो ? भन्ने कतै छैन । तर घटनाहरूको परिणाम जस्तोलाई यो शीर्षक दिएको छ । निजी अनुभूतिहरूको अभिव्यक्ति भएकाले त्यो प्रसङ्गहीन भएको छैन । एक प्रकारको क्रमिकता छ । निबन्ध रोचक त छ तर सुगठित छैन ।

### ४.१.२३.४ उद्देश्य

प्रेम, प्रेरणा र स्नेहको प्राप्तिले मानिसलाई लगनशील बनाउँछ, उत्तरदायी बनाउँछ । त्यस्तो स्रोत प्रति कृतज्ञता प्रकट गर्नु सबैको दायित्व हो भन्ने सन्देश सहित आफ्ना निजी अनुभूतिहरूको प्रस्तुति गरेर आफ्नो आत्मप्रकट गर्ने पवित्र उद्देश्य यस निबन्धमा रहेको देखिन्छ ।

### ४.१.२३.५ भाषाशैली

यस निबन्धमा कथाको जस्तो प्रस्तुति शैली रहेको छ । निजात्मक अभिव्यक्तिहरू भएकाले निबन्ध रोचक बनेको छ । भाषा सरल, सुबोँध्य र ललित रहेको छ । वर्णनात्मक खालको निबन्ध भएकाले यसमा भावुकताको पनि उपस्थिति रहेको छ जसले निबन्धलाई मधुर बनाएको छ ।

## ४.१.२४ रित्तो आदर्श

### ४.१.२४.१ शीर्षक परिचय

*रित्तो आदर्श* शीर्षकको यो निबन्ध **भूलहरूका विरुद्ध** निबन्ध सङ्ग्रहको चौवीसौँ निबन्ध हो । यसअघि कतै प्रकाशित नभएको र यसै सङ्ग्रहमा सङ्गृहीत प्रस्तुत निबन्ध तीन पृष्ठको आयाममा फैलिएको छ र नौ अनुच्छेदहरूमा संरचित रहेको छ । निबन्ध शीर्षक केन्द्री नभए पनि भित्री पाठलाई राम्ररी प्रतिनिधित्व गर्दछ ।

### ४.१.२४.२ विषयवस्तु

यस निबन्धमा गम्भीर खालका केही प्रवृत्तिगत समस्याहरूलाई विषयवस्तुको रूपमा उठाइएको छ । लेखकका कृतिहरू कसैले किनेर पढ्दैनन् । दुःख गरेर लेख्छन्, मोटो रकम खर्च गरेर छाप्छन् र अनि शुभकामना कार्ड बाँडेझैं गरेर बाँडेर सक्छन् भनिएको छ । लेखकले पनि परिचयका लागि सित्तै लेख्ने, सम्पादकले सित्तै लेख हत्याउने, पाठकले पनि सित्तै पढ्न खोज्ने रोग छ । यसलाई नै आदर्श ठानिएको छ । यसो भएकाले रचनाको मूल्य हुन सकेको छैन । लेखन कार्य पेसा हुन सकेको छैन, सत्ताधारी साहित्यलाई अनुत्पादक वस्तु

ठान्छ, यसो भएकाले राज्यको संरक्षण पनि छैन भनिएको छ । यस्तो विज्ञापन र विज्ञापनको जमानामा पनि लेखकले चाहिँ साग र सिस्नुमै सन्तोष गर्नुपर्ने स्थिति छ । त्यसकारण यसलाई पेसाको रूपमा विकास गरिनु पर्दछ । लेखकले पनि यसलाई बसिवियाँलोको विषय नबनाएर समर्पण र साधनाको विषय बनाउनुपर्छ र बजारका अरू सरह लेख्ने कार्य र लेख रचनालाई पनि मूल्ययुक्त बनाउनुपर्दछ । सित्तैमा लेख्ने सित्तैमा छाप्ने र सित्तैमा बाँड्ने प्रवृत्तिको अन्त्य गरिनु पर्छ भन्ने विषयवस्तु यस निबन्धमा प्रस्तुत भएको छ ।

### ४.१.२४.३ सङ्गठन

यो निबन्ध छरितो छ । भावप्रवाह सप्रेको छ । तर्क उक्ति र नवीन विचारहरूले भरिएको छ । कथनहरू स्पष्ट र विचारोत्तेजक छन् । निबन्धका कथनहरू सिलसिलाबद्ध छन्, अन्वीतिपूर्ण छन् । निबन्ध सुगठित बनेको छ ।

### ४.१.२४.४ उद्देश्य

लेखकले सित्तैलेख्ने र कृति छपाएर सित्तै बाँड्ने गरिनु हुन्न । लेखहरूको पनि मूल्य हुनुपर्छ भन्ने सन्देश सहित आफ्ना युगीन विचारहरूप्रति पाठकीय सहमति जुटाउनु नै यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ४.१.२४.५ भाषाशैली

यस निबन्धको भाषाशैली सुन्दर बनेको छ । छोटा वाक्य, स्पष्ट कथन, विचारको प्रवाह र तर्क युक्तिले निबन्धलाई सुन्दर, मधुर र आकर्षक बनाएको छ । निबन्ध सुबोध्य बनेको छ । आत्मगत स्वरूपको निबन्ध भए पनि बौद्धिक खुराकले भरिएको छ । "साहित्य समर्पण र साधनाको लेखन नभएर रहरमा बसिबियाँलोको लेखन भएको छ" (पृ. ८८) । यति मीठो अभिव्यक्ति शिल्पको पनि दर्शन गर्न पाइन्छ यस निबन्धमा । निबन्ध भाषाका हिसाबले मनोहर छ ।

## ४.१.२५ सर्पवाद, भ्यागुतोवाद र बिच्छीवाद

### ४.१.२५.१ शीर्षक परिचय

*सर्पवाद, भ्यागुतोवाद र बिच्छीवाद* शीर्षकको यो निबन्ध **भूलहरूका विरुद्ध** निबन्धसङ्ग्रहको पच्चीसौँ निबन्ध हो र यस निबन्ध सङ्ग्रहको सबैभन्दा छोटो निबन्ध हो ।

यो निबन्ध जम्मा एक पृष्ठको आयाममा फैलिएको छ र सात अनुच्छेदहरूमा संरचित छ । भित्री कथन शीर्षक अनुकूल रहेको छ ।

### ४.१.२५.२ विषयवस्तु

यो निबन्ध रूपक जस्तो छ । सर्प भ्यागुतो र विच्छीको बिम्बमा हल्ला गर्ने, आक्रमण गर्ने र अचानक ठुङ्गमार्ने तीनवटा प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । भ्यागुतोवादले हल्ला मात्र गर्ने, सर्पवादले ढुकेर भ्यागुतोलाई निल्ने वा आक्रमण गर्ने र विच्छीवादले लुकेर अचानक ठुङ्गमार्ने गरेकाले यो मुलुकमा केही नभएको हो । परस्पर मिल्नु पर्ने राज्यका शक्तिहरू सर्प, भ्यागुतो र विच्छीजस्तो परस्परका शत्रु जस्ता भएकाले आपसी मारामार वा दाउपेचमै समय वितेको छ भनिएको छ, यस निबन्धमा । यी तीनथरी प्रवृत्तिहरू रहेसम्म मुलुकले दुर्दशा भोगिरहन्छ भनिएको छ । यिनै कुराहरू नै यस निबन्धका विषयवस्तु हुन् ।

### ४.१.२५.३ सङ्गठन

निबन्धको अङ्ग यस निबन्धमा पुगेको छैन । यो टिप्पणीमूलक निबन्ध बनेको छ । आदि मध्य अन्त्यको सङ्गठनात्मक ढाँचा अपूर्ण भएकाले निबन्धको रूपमा असफल रहेको छ । तर मुलुकका मूल प्रवृत्तिहरूलाई भ्यागुतो, सर्प र विच्छीको बिम्बमा प्रस्तुत गरिएकाले यो रूपक जस्तो बनेको छ । आकर्षक छ । जे जति छ त्यो सिलसिलाबद्ध नै छ ।

### ४.१.२५.४ उद्देश्य

यस निबन्धमा मुलुकका मुख्य शक्तिहरू एकअर्को प्रति शत्रुतापूर्ण व्यवहार गर्ने भएकाले यस्तो प्रवृत्ति रहेसम्म देश बन्दैन । त्यसो भएकाले यस्तो प्रवृत्ति त्याज्य छ भनी परोक्ष रूपमा सन्देश प्रवाह गरिएको यस निबन्धको उद्देश्य भनेकै आफ्ना अनुभूतिजन्य विचारहरूको प्रकटीकरण हो ।

### ४.१.२५.५ भाषाशैली

यस निबन्धको प्रस्तुति ज्यादै रोचक छ । रूपक जस्तो बनाएर प्रस्तुत गरिएको छ । मुलुकका तीन मुख्य प्रवृत्तिलाई भ्यागुतो, सर्प र बिच्छीको बिम्बमा प्रस्तुत गरिएको छ ।

भावुक शैली र रूपपरक प्रस्तुति, बिम्ब र प्रतीकहरूको प्रयोग र छोटा वाक्य सरल र रहज भाषा र भावुक प्रलाप नभएर भावमूलक प्रस्तुतिले निबन्धलाई रोचक बनाएको छ ।

## ४.१.२६ हिजो र आज

### ४.१.२६.१ शीर्षक परिचय

*हिजो र आज* शीर्षकको यो निबन्ध **भूलहरूका विरुद्ध** निबन्ध सङ्ग्रहको छब्बीसौँ निबन्ध हो । तीन पृष्ठको आयाममा फैलिएको र ६ अनुच्छेदहरूमा संरचित यो निबन्ध यसअघि कतै नछापिएको र यस सङ्ग्रहमा सिधै सङ्गृहीत भएको देखिन्छ । निबन्ध शीर्षक केन्द्री छैन र भित्री पाठ शीर्षक अनुकूल हुन सकेको छैन ।

### ४.१.२६.२ विषयवस्तु

शीर्षक अनुसार यस निबन्धको विषयवस्तु हिजो र आजमा के के कुरामा समानता छ र के के कुरामा भिन्नता छ भन्ने हो । सुरुमा हिजो बोल्न समेत पाइँदैनथ्यो लुकेर बोल्नु पर्दथ्यो तर आज बोल्न पाइएको छ भनेर हिजो र आजमा भिन्नता देखाइएको छ । त्यसपछि निबन्ध बोलिएको छ । बोल्न पाइए पनि बोली नै अन्तिम साध्य होइन भन्दै बोली मन्त्र जस्तो हुनुपर्ने, तर यस्तो नभएको र बेल्दा बोल्दा घाँटी सुके पनि सुनुवाइ नभएको गुनासोको उल्लेख गरिएको छ । आजको बोलीको छुट भनेको रोगका साना लक्षण बताउनु तर उपचार नहुनु जस्तो भन्ने उपमा दिइएको छ । बोल्न पाउने छुट प्रजातन्त्रको उपहार भए पनि व्यवहारमा बोलीलाई बदल्ने हाम्रा कुप्रवृत्ति बारे धेरै गन्थन गरिएको छ । आज सत्तासीनहरूको हातमा अमृत पनि जहर भएको छ । आज मानिसहरू स्वार्थी भएका छन्, व्यक्तिवादी भएका छन् भनिएको छ । यिनै कुराहरू नै यस निबन्धका विषयवस्तु बनेर आएका छन् ।

### ४.१.२६.३ सङ्गठन

यो निबन्ध गठिलो छैन । शीर्षकले माग गरेका कुराहरू एकदमै अपूर्ण छन् । केही कुरा उठाएझैँ गरिएको त छ तर त्यो कुरा नराम्ररी बरालिएको छ । यो झण्डै गनथन जस्तो भएको छ । क्रमबद्धता छैन । भाव प्रवाह सुगठित छैन ।

### ४.१.२६.४ उद्देश्य

सिलसिलाबद्ध नभए पनि हिजो र आजमा धेरै कुराहरूको भिन्नता छ । हामीले आजको परिस्थितिलाई राम्रो बनाउनु पर्छ भन्ने सन्देश सहितको केही आफ्ना मतहरू जाहेर गर्ने र केही अनुभूति प्रकट गर्ने उद्देश्य यस निबन्धले राखेको देखिन्छ ।

### ४.१.२६.५ भाषाशैली

विषयवस्तुलाई ठीकसँग पक्रिएर त्यसलाई केलाउने र सुन्दर अभिव्यक्तिमा ढाल्ने काममा निबन्धकारलाई यस निबन्धमा सफलता मिलेको नभए पनि यसको भाषा सरल नै छ । भावाभिव्यक्तिमा केही समस्याहरू रहेका छन् । भावको प्रवाह भेटिन्न । अभिव्यक्ति कौशल पनि कमजोर बनेको छ । तैपनि विषयवस्तुका केही पाटाको भने राम्रै वर्णन छ ।

### ४.१.२७ चितवनको जनलहर : एक शब्दचित्र

### ४.१.२७.१ शीर्षक परिचय

*चितवनको जनलहर : एक शब्दचित्र* शीर्षकको यो निबन्ध निबन्धकार कपिल अज्ञातको निबन्धसङ्ग्रह **भूलहरूका विरुद्ध** मा सङ्गृहीत सत्ताईसौँ निबन्ध हो र यस सङ्ग्रहको यो नै अन्तिम निबन्ध हो । चितवन महोत्सव स्मारिका-२०६३ मा प्रथम पटक प्रकाशित भएको यो निबन्ध यस सङ्ग्रहमा पनि समाविष्ट भएको छ । यस सङ्ग्रहमा यो चापृष्ठको आयाममा फैलिएको छ र ६ वटा अनुच्छेदहरूमा संरचित भएको छ । निबन्ध विषयकेन्द्री छ र भित्री पाठ शीर्षक अनुकूल रहेको छ ।

### ४.१.२७.२ विषयवस्तु

शीर्षक अनुसारनै यस निबन्धको विषयवस्तु चितवनको जनआन्दोलनमा उत्रेको जनलहर हो । २०६२ साल चैत्र ३१ गते चितवनमा जुन विशाल जुलुस भयो त्यसकै स्मृतिमा यो निबन्ध प्रस्तुत भएको छ । यही जुलुसमा निबन्धकार पनि सहभागी हुन पुगेका र शहर बजारका र आफूले चिनेजानेका मानिसहरू भन्दा गाउँगाउँबाट आएका युवाहरूको महासागर उनले देखेका र यति ठूलो महासागर यस अघि चितवनमा नदेखेको समेत यस निबन्धमा उल्लेख छ । जनसागर देखेर घरघरका छतबाट पुष्पवर्षा पानीको फोहरा छोडिएको । सारा जनसमूहहरूले समर्थन गरेको । यहाँ सम्मकी सुरक्षाका मानिसले पनि

ताज्जुव मानेर हेरेको र जुलुसमा हस्तक्षेप नगरेको । जुलुसमा राजतन्त्र विरोधी गगनभेदी नारा लागेको र जुलुसमा यो विशाल जनसहभागिताले सबैको मनोबल बढाएको चर्चा यस निबन्धमा रहेको छ र यो जनसागर हेर्दा नेपाली जनता नयाँ नेपाल हेर्न उत्सुक भएको समेत निबन्धकारले महसुस गरेको उल्लेख छ । यिनै भावपूर्ण कुराहरू नै यस निबन्धको विषयवस्तु रहेको छ ।

### ४.१.२७.३ सङ्गठन

*चितवनको जनलहर : एक शब्दचित्र* शीर्षकको यो निबन्ध संस्मरणात्मक निबन्ध हो । बास्तविक घटनाको संसमरण भएकाले यसमा जुन विवरण वा वर्णन रहेको छ त्यो यथार्थ वर्णन हो । निबन्ध सिलसिलाबद्ध छ । अन्त्य खण्ड केही अधुरो भए पनि निबन्धमा भावप्रवाह जमेको छ । क्रमभङ्ग भएको छैन । तिथि मिति समेत भएकाले विश्वसनीय पनि बनेको छ । निबन्ध गठिलो र छरितो छ । अनावश्यक गनथन छैन ।

### ४.१.२७.४ उद्देश्य

यस निबन्धमा २०६२ सालको जनलहरको महत्त्वलाई उजागर गरिएको छ । आफ्नो उन्मुक्तिको लागि जब जनता उठ्छन् ठूलाठूला तानाशाह ढल्छन् र जनताको सपना साकार हुन्छ भन्ने सन्देश रहेको यस निबन्धको पाठलाई जानकारी दिने, आफ्ना लेखकीय अनुभूतिहरू पोख्ने र आफूलाई प्रकट गर्ने उद्देश्य अन्तर्निहित रहेको देखिन्छ ।

### ४.१.२७.४ भाषाशैली

भावपूर्ण वस्तुगत वर्णन सहितको सम्यक शैली प्रयोग गरिएको यस संस्मरणात्मक निबन्धमा यथार्थ वर्णनको मीठो शैली रहेको छ । छोटा वाक्य, भावप्रवाह, सरल, सहज भाषाले निबन्ध सुबोध्य बनेको छ । बौद्धिकता, अभिव्यक्ति कौशल र भाषिक सरलताले निबन्ध आकर्षक बनेको छ ।

"हुन पनि क्रान्ति होस्वा आन्दोलन, मध्यम वर्गले नै गर्छ, उच्च र मध्यम वर्ग तमासा हेरेरै बस्छ ।" यस्ता बौद्धिक अभिव्यक्तिहरू रहेका छन् यसैगरी 'ट्‌ट्टू', 'बुद्धु' जस्ता जनबोलीका शब्दहरू र 'जसको लाठी उसको भैँसी' जस्ता उखान टुक्काहरूको प्रयोगले यस निबन्धलाई सुस्वाद्य तुल्याएको छ ।

# परिच्छेद : पाँच

# चितवनको निबन्ध साहित्यमा कपिल अज्ञातको योगदान

# परिच्छेद : पाँच

# चितवनको निबन्ध साहित्यमा कपिल अज्ञातको योगदान

## ५.१ परिचय

चितवनका एक प्रभावशाली निबन्धकार कपिल अज्ञातले( चितवनको निबन्ध साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । वि.सं. २०४७ सालमा फुटकर कविता र २०४८ देखि निबन्धलेखनमा प्रवेश गरेका कपिलले *मोतीराम र उनको नेतृत्व* (२०४८) **समुन्नत** पत्रिकामा प्रकाशित गरेपछि उनको निबन्धयात्रा सुरु भएको थियो । यसपछि उनले स्थानीय र राष्ट्रिय पत्रपत्रिकामा निबन्धहरू प्रकाशित गर्दैरहे र वि.सं २०६४ मा आएर पुस्तकाकार निबन्ध कृति **भुलहरूका विरुद्ध** प्रकाशित गर्न सफल भएका हुन् । यस कृतिमा २७ वटा निबन्धहरू सङ्गृहीत छन् ।

यसरी कपिल अज्ञातको निबन्धसङ्ग्रह **भुलहरूका विरुद्ध** प्रकाशित भएपछि यो चितवनको निबन्ध साहित्यमा थप एउटा कृति हुन पुग्यो । चितवनका साहित्यमा अरू विधाहरूजस्तै निबन्ध लेखन पनि २० को दशकमा सुरु भएको हो । वि.सं. २०२१ मा चितवन हाइस्कुलबाट प्रकाशित पत्रिका **चितवनको चिनो** सामयिक सङ्कलनमा निबन्धको प्रारम्भिक बिजारोपण भयो । छात्रछात्राहरूका निबन्धात्मक लेख रचनाहरू यसका उदाहरण हुन् । यसपछि २०२५ मा चितवनको अर्को सामयिक सङ्कलन **दोभान** प्रकाशित भयो । यसा आनन्ददेव भट्टको *के हामी आशावादी पाइलो सार्न सक्छौँ ?* शीर्षकको निबन्ध प्रकाशित भयो । यसै गरी २०२६ मा **नौलो राँको** पत्रिका प्रकाशित भयो । यसका अङ्कहरूमा जगत श्रेष्ठ, ईश्वर पिया, रविकिरण निर्जीव, मदनमोहन जोशी, गणेशचन्द्र अधिकारी, हरिहर खनाल, पशुपति वाग्ले, पुष्पराज कोइराला आदि स्रष्टाहरूका निबन्धहरू प्रकाशित हुन थाले । २०३६ मा **जाँगर** नामको पत्रिका प्रकाशित भयो । यसमा डी.आर. पोखरेलको निबन्ध पनि प्रकाशित भयो । यसरी चितवनमा २०२१ देखि पत्रपत्रिहरूमा फुटकर निबन्धहरू प्रकाशित हुन थाले र वि.सं. २०४७ मा आइपुग्दा रविकिरण निर्जीवको **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** नामक पुस्तकाकार कृति (निबन्धसङ्ग्रह) जोशिलो प्रकाशनबाट प्रकाशित

भयो । यसै गरी रामबाबु घिमिरे, तिलकराज शर्मा, हरिहर खनाल, डा. नारायणप्रसाद खनाल, राजकृष्ण कँडेल, डी.आर. पोखरेल, जीवनाथ तिमिल्सिनाका निबन्धसङ्ग्रहहरू प्रकाशित हुन थाले । यही क्रममा २०६४ सालमा कपिल अज्ञातको **भूलहरूका विरुद्ध** निबन्धसङ्ग्रह प्रकाशित भयो र चितवनको निबन्ध साहित्यमा थप एउटा कृति थपियो । यस हिसबले आफूभन्दा अगाडि आधा दर्जनभन्दा बढी स्रष्टाहरूका झन्डै एक दर्जन पुस्तकाकार निबन्धकृतिहरू चितवनको निबन्ध साहित्यमा थपिएपछि उदाएका कपिलको निबन्धकृतिले चितवनको निबन्ध साहित्यमा थप केही गुण वा विशेषताहरू थपेका छन् । जसबाट पाठक नयाँ पिँढीले नयाँ प्रेरणाहरू प्राप्त गर्न सक्नेछन् । यसरी आफ्नो मौलिक विशेषतासहितका बलिष्ठ निबन्धहरू भित्र्याएर कपिलले चितवनको निबन्ध साहित्यमा ठूलो योगदान पुऱ्याएका छन् । यसरी चितवनको निबन्ध साहित्यमा मौलिक कुराहरू भित्र्याई योगदान पुऱ्याउने उनका विशेष पक्षहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ५.१.१ वैचारिकता/बौद्धिकता

कपिल अज्ञातका निबन्धहरूको वस्तुसौन्दर्य भनेकै वैचारिकता हो । उनका हरेक निबन्धमा विचारपक्ष सबल बनेर आएको छ । निबन्धका विषयवस्तुले बौद्धिक खुराक पाएका छन् । **भूलहरूका विरुद्ध** निबन्धसङ्ग्रहमा धेरैजसो निबन्धहरू वैचारिकताले भरिएका छन् । यथास्थितिलाई जनाउने चलनचल्तीका विचारहरूभन्दा भिन्न र नवीन विचारहरूले निबन्ध पोटिलो बनेका छन् । यसको एउटा उदाहरण हेरौं :

> "किनभने ईश्वर छ भनूँ सिद्ध भएको लाग्दैन, छैन भनूँ यत्रो चराचर दृश्यमान जगत् अदृश्य शक्तिविना कसरी सञ्चालित होला । यी विवादहरूमा म उल्झिन चाहन्न तर नैतिकता र इमान्दारीको भने म पुरा पक्षपाती हूँ । कसैले देख्दैन भनेर बेइमान हुन खोज्ने मेरो प्रकृति छैन । तर सोझो र इमान्दार हुनुका धेरै हण्डरहरू मैले बेहोर्न परेको छ ।" (आफ्नै परिभाषित धर्म, भूलहरूका विरुद्ध, पृ. ४)

यसरी कपिलका निबन्धले बौद्धिक/वैचारिक खुराकहरू पाएका छन् । चितवनको निबन्ध साहित्यमा कपिलका निबन्धलेखनबाट पुगेको यो उल्लेखनीय योगदान हो ।

## ५.१.२ असङ्गति-विसङ्गतिमाथि प्रहार

कपिल अज्ञातका निबन्धहरूमा सामाजिक, राजनैतिक, सांस्कृतिक असङ्गति-विसङ्गतिमाथि धारिलो प्रहार गरिएको पाइन्छ । घुसखोरी, बेइमानी, अवसरवादीता, अनुशासनहीनता, स्वार्थीपना, लोभलालच, आफ्नो मान्छेको भावना, कमिशनमुखी प्रवृत्ति, चाकरी, चाप्लुसी, आर्थिक अनियमितता, व्यभिचार, बदमासी, झुठको खेती आदि जति पनि स्वाभाविक राजनैतिक, आर्थिक, सांस्कृतिक विकृति विसङ्गतिहरू छन् । तिनमाथि कपिलले जमेर प्रहार गरेका छन् :

> "कोही मान्छे कसरी फट्याङ्ग्रोझैँ फ्याट्ट माथि फट्किन्छ, त्यसको प्रक्रिया नै यहाँ बुझिनसक्नुको विचित्र छ । पहिले भट्टीमा ठिटी फकाउन्जेल जो आवारा गुन्डा गनिन्थ्यो, उही आज जनता फुस्ल्याउन थालेपछि महान् नेता बन्छ । जनता पनि कस्ता लाटालाटी जस्ता कुराले फकाए पुगिहाल्यो ! त्यस्तै हिजो चन्दा मागुन्जेल जो डुलुवा ठग ठानिन्थ्यो, उही आज विज्ञापन र शुभकामना छाट्न थालेपछि वरिष्ट पत्रकार बन्छ ।" (विज्ञापन/कमिशनको नयाँ बजार, भूलहरूका विरुद्ध, पृ. ४५) ।

यसरी असङ्गति-विसङ्गतिमाथि प्रहार गर्ने जुन विशेषता कपिलका निबन्धहरूमा छन् ती चितवनको निबन्ध साहित्यमा योगदान पुऱ्याउने कुरा हुन् ।

## ५.१.३ युगबोधी चेतना

कपिलका निबन्धहरमा सबल बनेका कुराहरूमा युगबोधी चेतना पनि हो । मानिसका मौलिक हक अधिकारको हनन् भएको र राज्यसत्ताको दुरूपयोग गरी आम जनसमूहलाई दासत्व बेहोर्न बाध्य पारिएको स्थितिबोध गरी मानव भए बाँच्नका लागि अन्यायका विरुद्ध सङ्घर्ष गर्नुपर्छ भन्ने युगबोधी चेतनाको प्रवाह कपिलका निबन्धहरूमा भएको छ । **भूलहरूका विरुद्ध** निबन्धसङ्ग्रहभित्रको *चितवनको जनलहर : एक शब्दचित्र*मा भनिएको छ :

> "जनअधिकार खोसी विभिन्न बहानामा दमनचक्र चलाई महाकाव्य तानावाना बुनेर बौद्धिकहरूलाई पनि बुद्धु, स्रष्टाहरूलाई पनि भाट, सिपाहीहरूलाई पनि टट्टु, विदेशीलाई पनि छारो हाली मानवीय मौलिक हलहरूको थिचोमिचो गर्दै प्रजातन्त्रलाई नै घोर उपहास गर्ने राज्यसत्ताको नौटङ्की क्रियाकलापबाट आजित भई आफ्नो अधिकार लिन स्वस्फूर्त रूपमा निस्केको जुलुस देखी युगबोधी सचेत

मानिसले दास भएर बस्नुहुँदैन, परजीवी र पराश्रित संस्कारबाट मुक्त हुनुपर्छ भन्ने अन्तर्निर्मित भावनाले उत्प्रेरित भई म पनि त्यसैमा समाहित भएँ ।" (पृ. ९३)

कपिलका निबन्धमा प्रवाहित यिनै युगबोधी चेतना नै चितवनको निबन्धसाहित्यका निम्ति योगदान ठहरिएका छन् ।

## ५.१.४ मानवतावादी सोच

कपिलका निबन्धहरूमा मानवतावादी सोच सलबलाएको देखिन्छ । उनी मानवीय व्यवहारका पक्षमा छन् । भेदभावजन्य उचनीच, जात, धर्म, भूत, प्रेत, स्वर्ग, नर्क, ईश्वरको उनलाई कुनै वास्ता नभएका भावहरू कपिलका निबन्धमा व्यक्तिएका छन् । **भूलहरूका विरुद्ध** निबन्धसङ्ग्रहभित्रको *सभ्य हुने धुनमा* निबन्धमा उनी भन्छन् -

"जीवनजगत्को यथार्थमा मानवीय व्यवहारहरू परिचालित होउन् भन्ने मेरो आकाङ्क्षा हो । भेदभावजन्य उचनीचका समग्र बनोट वा संरचना भत्काउने मेरो इच्छा हो । ... म मरे पनि कुनै भूत प्रेत वा पिसाच हुन्न किनकि ती मृत्युपछिका अवतरित रूप छन् भन्ने कुरामै मलाई विश्वास छैन । मलाई वैतरणी नदी तर्न गाईको पुच्छर पनि चाहिँदैन किनकि पुनर्जन्मप्रति मलाई पटक्कै चासो र चिन्ता छैन । जातिपाति, छुवाछुत, वर्ग, सम्प्रदाय आ-आफ्नै स्वार्थजन्य विभाजित रूप हुन् । त्यसैले ब्राह्मणवादका कतिपय प्रवृत्तिलाई मैले लत्याउँदै आएको छु ।" (पृ. ४७)

यसरी कपिलका निबन्धमा निजात्मक स्वरूपमा स्पष्टसँग मानवतावादी विचारहरू प्रकट भएका छन् । भाव र चिन्तन दुवै हिसाबले यस्ता निबन्धात्मक सोचहरू चितवनको निबन्ध साहित्य भण्डारमा उनका निबन्धात्मक योगदान हुन् ।

## ५.१.५ व्यङ्ग्यात्मक प्रहार

कपिलका निबन्धहरू व्यङ्ग्यात्मकताले भरिएका छन् । सामाजिक कुरीति, अव्यवस्था, राजनीतिक अन्यौल, दरिद्र मानसिकता, स्वार्थीपना, अवसरवादी दृष्टिकोण इत्यादि कुराहरूमाथि कपिलका निबन्धमा चोटिलो व्यङ्ग्यात्मक प्रहार रहेको छ । व्यङ्ग्यात्मकताले

एकातिर चोटिलो प्रहार गर्छ, अर्कोतिर पाठकीय रोचकता पनि बढाउँछ । सिधै भन्दा कतिपय कुरा त्यति प्रभावकारी ठहरिँदैनन् तर त्यही कुरामा व्यङ्ग्योक्ति भयो भने त्यो मर्मस्पर्शी बन्छ । यस प्रकारको रोचक साहित्यिक उपकरणलाई कपिलले निबन्धमा प्रयोग गरेका छन् । **भूलहरूका विरुद्ध** निबन्धसङ्ग्रहभित्रको *गरिमासँगको गनगन*मा भनिएको छ :

> "धनधान्यकी पुत्री हुँ भन्ने गर्व गरेकी गरिमाले तँलाई गरिब देखी । राजधानीमा घडेरीसम्म हुने पनि कति धनी मानिन्छन् । तँ ता बाहिरको मानिस होस्, न कुनै नेताको हातले तँलाई तानेको छ न कुनै नाताको साथले तँलाई समातेको छ । तेरा पहुँच नै के छ र ! तेरो पहिचान बन्छ । जतिले पत्याए, त्यसैमा धन्य सम्झी र बिर्सिदे गरिमासँग उड्ने सपना !" (पृ. ८१)

यसरी कविले यस निबन्धमा एकालाप गर्दै **गरिमा** पत्रिकामा आफ्नो लेख नछापिएको, गरिमा हुने खाने र पहुँचवालाहरूको पेवा भएको र गरिमालाई धनी बाउकी छोरीको बिम्बमा व्यञ्जनापूर्वक प्रस्तुत गर्दै त्यस्तासित आफू नहिँड्ने (त्यसमा नलेख्ने) र आफूलाई पत्याउनेहरू नै सन्ताप गरेर बस्ने व्यङ्ग्य प्रहार गरेका छन् । कपिलमा यस प्रकारको व्यञ्जनाशक्ति रहेको छ । उनी सामाजिक अथितिप्रति मजाले वर्सिन सक्छन् । त्यस बर्साइमा पाठकले भिन्दै स्वाद चाख्न पाउँछन् । कपिलका निबन्धमा यस प्रकारको जुन व्यक्तनाशक्ति छ, त्यो निबन्ध साहित्यका निम्ति वरदान हो र यो नै कपिलको योगदान पनि हो ।

## ५.१.६ अरू योगदानहरू

कपिलका निबन्धहरूबाट चितवनको निबन्ध साहित्यमा पुगेका विविध क्षेत्रबाट पुगेका योगदानहरूको जुन चर्चा गरियो, यस बाहेक पनि कपिलका निबन्धले धेरै अन्य योगदानहरू पनि प्रस्तुत गरेका छन् । उनका निबन्धमा जुन वैचारिकता छ, जुन मानवीय सोच छ, जुन व्यञ्जनाशक्ति छ, यस बाहेक पनि उनका निबन्धहरूमा जीवनोपयोगी उपदेशहरू छन्, ज्ञान प्राप्तिमा धेरै जानकारी र सूचनाहरू छन् । यस्तै देशप्रेम, प्रकृतिप्रेम, स्वाभिमानी भावना, सिर्जनात्मक भावना, जिम्मेवारीबोधको भावना, कर्तव्यनिष्टता, सौन्दर्यबोधी चेतनाको सम्प्राप्तिका उच्च कामना र सुन्दर समाज निर्माणका उच्च

भावनाहरू निबन्धमा समाविष्ट भएका छन् । यी कुराहरू पनि कपिलका नैबन्धिक योगदानहरू हुन् ।

## ५.२ सारांश

कपिल अज्ञातले २०४८ देखि निबन्ध लेख्न थालेर र २०६४ मा **भूलहरूका विरुद्ध** निबन्धसङ्ग्रह प्रकाशित गरेर चितवनको निबन्धलेखन क्षेत्रमा एक सशक्त स्थान बनाएका छन् । उनका प्रभावशाली निबन्धहरूमा जुन शक्तिशाली आयामहरू छन्, जुन वैचारिकता, जुन मानवीयता, जुन व्यञ्जनात्मक चोटिलो प्रहार, जुन असङ्गति विसङ्गतिप्रतिको अस्वीकार भाव, जुन युगबोधी चेतनाको पक्ष छन् तिनले उनका निबन्धलाई शक्तिशाली बनाएका छन् । चितवनको निबन्ध साहित्यको विकासमा कपिलको ठूलो योगदान रहेको छ । उनका नैबन्धिक विशेषताहरू नै उनका योगदानहरू हुन् ।

कपिलका निबन्धहरू हटाएर चितवनको निबन्ध साहित्य बुझ्न सकिन्न । यी निबन्धहरूको अध्ययनबाट सामाजिक यथार्थलाई बुझ्न मद्दत पुग्ने देखिन्छ । स्कुल, कलेजका छात्रछात्राहरूका निम्ति पनि उपयोगी हुने देखिन्छ । यति प्रभावशाली निबन्धसङ्ग्रह **भूलहरूका विरुद्ध** चितवनको साहित्य भण्डारमा थपेर कपिल अज्ञातले ठूलो गुण लगाएका छन् । उनीबाट चितवनको निबन्ध साहित्यमा पुग्न गएको योगदान बिर्सिनसक्नु रहेको छ ।

# परिच्छेद : छ

# उपसंहार

# परिच्छेद : छ

# उपसंहार

## ६.१ परिचय

उपसंहार भनेको कुनै पनि कृति वा शोधलेखनको निष्कर्ष भाग हो । यसलाई उपसंहार वा निचोड खण्ड पनि भन्न सकिन्छ । यस परिच्छेदमा **कपिल अज्ञातका निबन्धहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकको शोधकार्यका निम्ति छ परिच्छेदहरूमा विभक्त गरी अध्ययन र विश्लेषण गरिएको सन्दर्भमा प्रत्येक परिच्छेदको छुट्टाछुट्टै निष्कर्ष यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ६.२ परिच्छेद एकको निष्कर्ष

यस परिच्छेदमा **कपिल अज्ञातका निबन्धहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकको शोधपत्रको परिचय र रूपरेखा प्रस्तुत गरिएको छ । उक्त रूपरेखामा विषय परिचय, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य, महत्त्व र उपयोगिता, शोधपत्रको सीमाङ्कन, सामग्री सङ्कलन र शोधविधि र शोधपत्रको रूपरेखा उल्लेख गरिएको छ । यसका साथै यस परिच्छेदमा समस्या कथनमा भएका समस्याहरूको समाधानार्थ यो शोधपत्र केन्द्रित भएको उल्लेख गरिएको छ ।

## ६.३ परिच्छेद दुईको निष्कर्ष

यस खण्डमा निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रमका सन्दर्भमा निबन्धलेखन सम्बन्धीको सैद्धान्तिक मान्यता र नेपाली निबन्धको विकास प्रक्रियाबारे उल्लेख गरिएको छ । साथै यस परिच्छेदमा कपिल अज्ञातको जीवनीको र उनको व्यक्तित्वको सङ्क्षिप्त परिचय पनि दिइएको छ । जीवनीमा जन्म र बाल्यकाल, शिक्षादीक्षा, पारिवारिक संरचना, रुचि र स्वभाव, भ्रमण, सम्मान र पुरस्कार, लेखन, प्रेरणा र प्रभाव, लेखन आरम्भजस्ता उपशीर्षकहरूमा उल्लेख गरिएको छ भने उनको व्यक्तित्वमा समाजसेवी

व्यक्तित्व, प्राध्यापक व्यक्तित्व, साहित्यकार व्यक्तित्वबारे उल्लेख गरिएको छ । निबन्धको सैद्धान्तिक अध्ययनका पृष्ठभूमि, निबन्धको व्युत्पत्ति र अर्थ, निबन्धको परिभाषा, पाश्चात्य साहित्यमा निबन्धको परिभाषा, भारतीय साहित्यकारहरूको परिभाषा, नेपाली साहित्यकारहरूको परिभाषा, निबन्धको विशेषता, निबन्धको वर्गीकरण, निबन्धका तत्त्व जस्ता कुराहरूको उल्लेख गरिएको छ भने नेपाली निबन्धको ऐतिहासिक विकासक्रम र कालविभाजन, पृष्ठभूमिकाल, निर्माणकाल र विकासकाल वा आधुनिककाल गरी तीन भागमा विभक्त गरी आधुनिककालका चरणहरूको पनि उल्लेख गरिएको छ । पश्चिमी मुलुक फ्रान्समा जन्मिएर, अङ्ग्रेजी, हिन्दी हुँदै नेपाली साहित्यमा देखापरेको यो आधुनिक विधा निबन्ध साहित्यको कान्छो विधा हो । विधागत हिसाबले निबन्ध पाश्चात्य साहित्यकै देन भए पनि नेपाली साहित्यमा वि.सं. १८३१ मा लेखिएको पृथ्वीनारायण शाहको **दिव्योपदेश** कृतिलाई नै आधार मानी नेपाली निबन्धलाई तीन चरणमा विभाजन गरी अध्ययन गरिएको छ । पृष्ठभूमिकालमा पूर्वाधार तयार, माध्यमिक कालमा निबन्ध लेखनको रेखाङ्कन, मार्गनिर्देशन र आधुनिक कालमा नवीनतम मूल्य र मान्यतालाई स्थापित गर्दै अघि बढेको निबन्धका परिभाषा, प्रकार, विशेषता र तत्त्वहरूको उल्लेखसहित यो विधा अन्य विधाभन्दा गहन तर स्वतन्त्र विधा हो र साहित्यमा यसको महत्त्व दिनप्रतिदिन बढिरहेको उल्लेख यस परिच्छेदमा गरिएको छ ।

## ६.४ परिच्छेद तीनको निष्कर्ष

यस परिच्छेदमा नेपाली निबन्धमा अज्ञातको प्रवेश र उनको निबन्ध यात्राको अध्ययन र विश्लेषण गरिएको छ । कपिलले निबन्ध लेखन प्रारम्भ गरेदेखि उनमा सम्पूर्ण निबन्धयात्राको चर्चा गर्दै वि.सं. २०४८ देखि निबन्धमा प्रवेश गरेर वि.सं. २०६४ मा **भूलहरूका विरुद्ध** नामक २७ वटा निबन्धहरूको सङ्ग्रह प्रकाशित गरेदेखि आजसम्मको उनको यात्रालाई तीन चरणमा विभक्त गरी अध्ययन गरिएको छ । २०४८ देखि २०६४ सम्मको १६ वर्षको अवधिलाई प्रारम्भिक काल र २०६५ देखि आजसम्मको काललाई प्रौढकाल भनी उनको यात्राका चरणहरूको उल्लेख गरिएको छ । कपिल अज्ञात नेपाली निबन्ध क्षेत्रमा निकैपछि प्रवेश गरेका भए पनि आज उनी एक चर्चित निबन्धकारका रूपमा

स्थापित हुँदै आएका प्रतिमा हुन् भन्ने निष्कर्ष निकाल्दै सुरुमा भावुक प्रकारका निबन्ध लेखे पनि पछि प्रौढ निबन्ध लेखकका रूपमा चर्चित भएका र भाषा शिल्प र विषय तीनै पक्षबाट परिमार्जित निबन्ध लेख्दै आएका कपिलको निबन्ध यात्रा विकासशील रहेको निचोड निकालिएको छ । उनको निबन्ध लेखनको यात्राले नेपाली निबन्धक्षेत्रलाई झनझन खँदिलो बनाउने कुरा पनि यस परिच्छेदमा उल्लेख गरिएको छ ।

## ६.५ परिच्छेद चारको निष्कर्ष

कपिल अज्ञातका निबन्धहरूको विश्लेषणात्मक अध्ययन यस परिच्छेदमा गरिएको छ । **भूलहरूका विरुद्ध** नामक निबन्धसङ्ग्रहमा सङ्गृहीत २७ वटा निबन्धहरूको अध्ययन र विश्लेषण निबन्धका तत्त्वहरूका आधारमा गरिएको छ । प्रत्येक निबन्धलाई यिनै तत्त्वका आधारमा क्रमशः अध्ययन विश्लेषण गरिएको छ । शीर्षक परिचय, विषयवस्तु, सङ्गठन, उद्देश्य र भाषाशैली जस्ता निबन्धका तत्त्वहरू यी निबन्धहरूका अध्ययन र विश्लेषणका आधार बनेका छन् । २७ वटा निबन्धहरूमा १६ वटा निबन्धहरूले कहिले लेखिएका वा प्रकाशन भएका हुन् भनेर प्रकाशन मिति दिइएको छ । बाँकी ११ वटा निबन्धहरूको मिति यस सङ्ग्रहमा खुलाइएको छैन । यसबाहेक निबन्धहरूको अलगअलग विषयवस्तुहरू उठाइएका छन् । जस्तो पहिलो निबन्धमा आफ्नै परिभाषित धर्म छ । यसमा धर्म सम्बन्धीकै विषयवस्तु रहेको छ । धर्ममध्ये मानव धर्मलाई श्रेष्ठ धर्म भनिएको छ र बाँकी धर्महरूलाई कृत्रिम धर्म हुन् भनिएको छ । अन्य विषयहरूमा शब्द-प्रदुषण, युवा र सम्बन्ध, विज्ञापनको चलखेल, कमिशनको बजार, सभ्य हुने धुन, ज्योतिष, पुरस्कार र सम्मान, साहित्यको विकृति, पत्रिकाको पक्षपात जस्ता एकथरी विषयवस्तु रहेका छन् । त्यस्तै अर्कोथरी विषयमा २०६२-०६३ को चितवनको जनलहर, व्रतबन्ध, जीवनभोग, स्वतन्त्रताको बाटो, प्रतिस्पर्धा, सामाजिक कमीकमजोरी इत्यादि विषयवस्तु रहेका छन् । निबन्धहरू प्रायः सबै नै छरिता छन् । माझौला आयतनमा आधारित छन् । विषयकेन्द्री छन् । आदि, मध्य र अन्त्य मिलेका, भावको क्रमिकता भएका छन् । यी निबन्धहरूमा व्यक्त भएका उद्देश्यलाई सारमा भन्नुपर्दा सबै निबन्धहरूमा केही न केही प्रत्यक्ष वा परोक्षमा सन्देसहरू रहेका छन् । निबन्धमार्फत निबन्धकारले आफ्ना विचारहरूसित पाठकीय सहमति जुटाउन खोजेका छन् । कतिपय

निबन्धहरूमा धेरै सूचनाहरू छन् । कतिपय निबन्धहरू निजात्मक प्रकारका छन् र तिनका आत्मप्रकटीकरण गर्ने लेखकीय उद्देश्य रहेको पाइन्छ । निबन्धको भाषाशैली सरल भाषा, प्रसाद शैली, व्यञ्जना शैली पनि र भावको हिसाबले भावुक शैलीको प्रस्तुति भएको देखिन्छ । अभिव्यक्ति सुन्दर बनेको छ । बिम्ब, प्रतीक, अलङ्कारको प्रयोग पनि गरिएको छ । भाव र भाषालाई समन्वित गर्दै उखानटुक्का र व्यङ्ग्योक्ति इत्यादिले निबन्धहरूलाई रोचक तुल्याएको छ । निबन्धसङ्ग्रह पठनीय बनेको छ ।

## ६.६ परिच्छेद पाँचको निष्कर्ष

यस परिच्छेदमा चितवनको निबन्ध साहित्यमा कपिल अज्ञातको योगदान बारे चर्चा गरिएको छ । उनको चितवनको निबन्ध साहित्यमा दिएको योगदानलाई निम्न अनुसारका बुँदाहरूमा राखेर चर्चा गरिएको छ : क) वैचारिकता/बौद्धिकता, ख) असङ्गति/विसङ्गतिमाथि प्रहार, ग) युगबोधी चेतना, घ) मानवतावादी सोच, ङ) व्यङ्ग्यात्मक प्रहार र अरू योगदानहरूमा उनका निबन्धहरूले धेरै सूचनाहरू, विवरणहरू दिएका चर्चा पनि गरिएको छ । निबन्ध लगायत, समीक्षा, कविता, गजल आदि साहित्यका विविध विधाका पुस्तकहरू चितवनका साहित्य भण्डारमा प्रदान गरेका छन् । यो पनि उनको योगदान हो भनिएको छ ।

## ६.७ समग्र निष्कर्ष

वि.सं. २०१५ चैत्र १६ गते गण्डकी अञ्चल, स्याङ्जा जिल्ला, ढाडेटारी, पौवैगौँडेमा पिता लीलाधर रेग्मी र माता चन्द्रकला रेग्मीको कोखमा जन्मिएका कपिलमणि रेग्मी नै कपिल अज्ञात हुन् । यो उनको साहित्यिक नाम हो । स्याङ्जाकै त्रिभुवन आदर्श मा.वि. बाट दश कक्षा उत्तीर्ण गरेका र भारत गई हरिद्वार, ऋषिकेश सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट स्नातक तहको पढाइ सकी त्रि.वि. बाट स्नातकोत्तर तह उत्तीर्ण गरे र प्राध्यापन पेसातर्फ लागे । तर रुचिले उनी साहित्यतर्फ आकर्षित भए । वि.सं. २०३६ देखि उनको लेखन यात्रा सुरु भयो । आज उनका कविता, निबन्ध, समीक्षा, गजल आदिका एक दर्जनभन्दा बढी पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । आज उनी साहित्यकार र

विशेष गरी निबन्धकारका रूपमा प्रतिष्ठित हुँदै गएका छन् । प्राध्यापक, साहित्यकार, समाजसेवी र ज्योतिषी व्यक्तित्वको रूपमा समाजमा प्रतिष्ठा कमाएका कपिल अज्ञात एक जिज्ञासु व्यक्तित्व हुन् । उनी बेइमानी, गुलामी, धूर्त प्रवृत्तिका विरोधी छन् । उनी लगनशील व्यक्तित्व हुन् ।

कृतिका हिसाबले उनले एकदर्जन विभिन्न विधाका पुस्तकाकार कृतिहरू प्रकाशित गरिसकेका छन् । निबन्धको क्षेत्रमा केही पछि मात्र कलम चलाउन थालेका कपिलले यस क्षेत्रमा पनि आफ्नो अलग स्थान बनाएका छन् । व्यङ्ग्य चेतना, सामाजिक कुरीतिमाथि प्रहार, मानवतावादी स्वर, समतावादी सोच, वैचारिकता आदि जुन विशेषताहरू उनका निबन्धमा प्रस्तुत भएका छन् यी कुराहरू नै उनको अलग पहिचान बनाउने कुराहरू हुन् । निबन्ध साहित्यमा यी जुन कुराहरू उनले प्रस्तुत गरेका छन्, त्यो नै उनको योगदान पनि हो । उनको निबन्ध कृति **भूलहरूका विरुद्ध** भित्रका २७ निबन्धहरूलाई निबन्धका तत्त्वहरू, निबन्धको शीर्षक, विषयवस्तु, उद्देश्य, सङ्गठन, भाषाशैली आदिका आधारमा अध्ययन र विश्लेषण गरेर जे निर्णय निकालिएको छ, त्यसलाई प्रस्तुत गर्नुपर्दा सर्वप्रथम कपिल अज्ञात एक वैचारिक तर भावुक प्रस्तुति भएका निबन्धकार हुन् । उनका निबन्धहरू पठनीय छन् । प्रायः सबै निबन्धहरू सन्देशमूलक छन् । निजात्मक प्रकारका निबन्धहरूमा एउटा स्पष्टपना, छरितो दृढता रहेको छ । भाषाका हिसाबले उनका निबन्ध सरल छन्, रोचक छन् । उनका निबन्धलाई चोपिलो बनाउने तत्त्वहरू- उखानटुक्का, बिम्ब प्रतीकको प्रयोग, आलङ्कारिक शब्दहरूको प्रयोगले निबन्ध पठनीय बनेको छ । निबन्धमा कपिलले धेरै सूचनाहरूको प्रवाह पनि गरेका छन् । वैचारिकताले भरिएका निबन्धहरू खँदिला बनेका छन् । निबन्धमा उनले व्यञ्जनाहरूको प्रयोग पनि गरेका छन् । सामाजिक विकृति-विसङ्गतिमाथि प्रहार पनि गरेका छन् । भनाइहरू स्पष्ट र निर्भिक रूपमा राखेका छन् । यसरी उनी एक प्रतिष्ठित निबन्धकारका रूपमा स्थापित हुँदै गएका छन् । यी निबन्धहरूले उनको अलगै पहिचान दिएका छन् । उनको निबन्ध नयाँपिँढीका लागि खुराक हुन् । उनका निबन्धको अध्ययनले भविष्यका पुस्ताहरूले जीवन्त प्रेरणा प्राप्त गरिरहने छन् । चीरकालसम्म उनको योगदान स्मरण भइरहने छ ।

## सम्भाव्य शोधशीर्षकहरु

स्रष्टाका बारेमा अध्ययन अनुसन्धान गर्न चाहने भविष्यका अनुसन्धाताहरुले निम्न सम्भाव्य शोधशीर्षकहरुमा विशेष अध्ययन अनुसन्धान गर्न सक्नेछन् :

१) कपिल अज्ञातका निबन्धमा प्रस्तुत उनको अभिव्यक्ति कौशल,

२) ज्योतिष शास्त्रीय दृष्टिले कपिलका सिर्जना,

३) कपिल अज्ञातका समालोचनामा ।

# सन्दर्भसूची

# सन्दर्भसूची


अज्ञात, कपिल (२०६५), **भूलहरूका विरुद्ध,** निबन्धसङ्ग्रह, चितवन : अभिव्यञ्जना साहित्य प्रतिष्ठान, २०६४ ।

अर्याल, भैरव (२०५९), **साझा निबन्ध,** आठौं संस्करण, ललितपुर : साझा प्रकाशन ।

ओझा, रामनाथ (२०६४), **शंकर लामिछानेका निबन्धकारिता,** काठमाडौं : पालुवा प्रकाशन प्रा.लि. ।

उपाध्याय, केशवप्रसाद (२०३४), **साहित्य प्रकाश,** दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

काफ्ले, निरञ्जना (२०६५), **कपिल अज्ञातको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर तह शोधपत्र, त्रि.वि., पद्मकन्या बहुमुखी क्याम्पस, नेपाली विभाग, काठमाडौं ।

कोइराला, सीताराम (२०६३), *अचेल साहित्य लङ्गडो भएको छ र ज्योतिष पनि चिन्तनको कमिले अन्धो भएको छ,* **संवाद स्रष्टाहरू,** कपिल अज्ञात, चितवन : अभिव्यञ्जना साहित्य प्रतिष्ठान ।

———————— (सम्पा.) (२०६४), **संवादमा स्रष्टाहरू,** काठमाडौं : नारी साहित्य प्रतिष्ठान ।

खनाल, नारायणप्रसाद (२०६४), *शुभकामना : भूलहरूका विरुद्ध लड्ने स्रष्टालाई,* **भूलहरूका विरुद्ध,** कपिल अज्ञात, चितवन : अभिव्यञ्जना साहित्य प्रतिष्ठान ।

गिरी, धनराज (२०६४), *जस्तो बाहिर उस्तै भित्र हक्की अनि लक्की मित्र,* **जनमत,** वर्ष २५, अङ्क ३, चैत्र ३, पृ. ३३ ।

गौतम, लक्ष्मणप्रसाद (२०६४), *कपिल अज्ञातको समालोचकीय कौशल,* **जनमत,** वर्ष २५, अङ्क ३, चैत्र ३, पृ. ३५ ।

जोशी, कुमारबहादुर (२०६८), **लक्ष्मी निबन्धसङ्ग्रहका निबन्धहरुमा देवकोटाको काव्यमान्यता,** (काठमाडौं : सरस्वती जोशी ।

जोशी, रत्नध्वज (२०३९), **आधुनिक नेपाली साहित्यको झलक,** तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

थापा, हिमांशु (२०४७), **साहित्य परिचय,** तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०५६), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** पाँचौं संस्करण, ललितपुर : साझा प्रकाशन ।

दुवाल, मोहन (२०६४), *कपिल अज्ञात वर्तमान समयका लागि साहित्यिक व्यक्तित्व,* **जनमत,** वर्ष २५, अङ्क ३, चैत्र ३, पृ. २६-२७ ।

देवकोटा, लक्ष्मीप्रसाद (२०४०), *भूमिका,* **लमी निबन्धसङ्ग्रह,** ललितपुर : साझा प्रकाशन ।

निर्जीव, रविकिरण (२०६७), *चितवनको निबन्ध साहित्य,* **चितवन महोत्सव स्मारिका,** चितवन : उद्योग वाणिज्य संघ, पृ. १२९ ।

पोखरेल, डी.आर. (२०६६), *भूलहरूका विरुद्धका विशेषता,* **सम्प्रेषण,** वर्ष १८, पृ. ३५ ।

प्रधान, प्रमोद (२०६६), **नेपाली निबन्धको इतिहास,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

बराल, ईश्वर (सम्पा.) (२०५५), **नेपाली साहित्यकोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

भट्टराई, केशव (२०६५), *ज्ञात हुन खोजे पनि अज्ञात रहने विवशताहरू छन्,* **चितवन पोष्ट,** वर्ष ११, अङ्क ३७९, असार २५, पृ. २ ।

शर्मा, गोपीकृष्ण (२०५६), **सरल निबन्ध परिचय,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०६३), **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** तेस्रो संस्करण, काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०५६), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** पाँचौं संस्करण, ललितपुर : साझा प्रकाशन ।

सापकोटा, भगवती (२०५९), **नेपाली समालोचनाको क्षेत्रमा चितवन : विश्लेषणात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली विभाग ।

सापकोटा, अस्मिता (२०६८), **रविकिरण निर्जीवको निबन्धकारिताको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली विभाग ।

सुवेदी, राजेन्द्र (सम्पा.) (२०५६), **स्नातकोत्तर नेपाली निबन्ध,** तेस्रो संस्करण, काठमाडौं : पाठ्य सामग्री पसल ।

———— (२०५७), **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण,** काठमाडौं : पाठ्य सामग्री पसल ।

———— (२०५८), **स्रष्टा दृष्टि : द्रष्टा दृष्टि,** ललितपुर : साझा प्रकाशन ।